# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» मंगलबार, फागुन २२, २०७४ » Tuesday, March 6, 2018 » www.newsofnepal.com » नेसं ११३८ चिल्लागा ५ » वर्ष २४, अंक ५५ » पृष्ठ १२ » मूल्य रू १०/–


# संघीय संसद्को अधिवेशन शुरू

## अन्तरिम कार्यविधि पारित

गंगा बराल, काठमाडौं

संघीय संसद्को अधिवेशन सोमबारबाट शुरू भएको छ। बैठकले प्रतिनिधिसभाको अन्तरिम कार्यविधि २०७४ सर्वसम्मतिले पारित गरेको छ। संघीय संसद्को प्रतिनिधिसभाको पहिलो बैठकले कार्यविधि पारित गरेको हो।

बैठकको अध्यक्षता गर्नुभएका जेष्ठ सदस्य महन्त ठाकुरले उक्त कार्यविधि पारित गर्न प्रस्ताव पेस गरेपछि बैठकले सर्वसम्मतिले प्रस्ताव पारित भएको हो। उक्त प्रस्ताव गरेलगत्तै नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नियमापत्ति भन्दै उठेपछि ज्येष्ठ सदस्य ठाकुरले कुनै नियम नबनेको अवस्थामा केको आपत्ति भन्दै आसन ग्रहण गर्न आग्रह गर्नुभएको थियो।

आइतबार बसेको सर्वदलीय बैठकले संघीय संसद्को बेग्लाबेग्लै कार्यविधि पारित गर्न सहमति जनाएको थियो। जेष्ठ सदस्यको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यहरूको नाम मनोनयन गरिएको थियो।

बैठक सञ्चालनसम्बन्धी कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम प्रतिनिधिसभाका लागि खगराज अधिकारी, मानबहादुर विश्वकर्मा, पूर्णकुमारी सुवेदी, लक्ष्मणलाल कर्ण र उमाशंकर अरगरियाको नाम अनुमोदन भएको छ।

त्यसैगरी राष्ट्रियसभाका लागि परशुराम मेघी गुरुङ, राधेश्याम अधिकारी र कालिबहादुर मल्लको नाम अनुमोदन भएको छ। प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको ठीक ३ महिनापछि संसद् बैठक बसेको हो।



मंसिर १० र २१ गरी २ चरणमा प्रतिनिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको थियो। राष्ट्रियसभाको निर्वाचन माघ २४ गते मात्र भएको थियो। निर्वाचन प्रणालीका विषयमा नेपाली कांग्रेस र एमालेबीच विवाद हुँदा निर्वाचन मिति पछाडि धकेलिएको थियो।

संसद् सचिवालयका प्रशासन शाखाका सह-सचिव सुरजकुमार दुराले मंगलबारको बैठकमा प्रतिनिधिसभाको सभामुख र राष्ट्रियसभाको अध्यक्षको निर्वाचन मिति तोक्ने कार्यक्रम रहेको जानकारी दिनुभयो। सचिवालयबाट प्रकाशित सोमबारको सम्भावित कार्यसूचीमा सोमबारको पहिलो बैठकबाट नै निर्वाचन मिति तोक्ने भनिएको थियो। दुराका अनुसार २६ गते सभामुखको निर्वाचन, २७ गते प्रधानमन्त्रीले संसद्मा विश्वासको मत लिने र ३० गते राष्ट्रपतिको निर्वाचन गर्ने कार्यतालिका हुनेछ। राष्ट्रपतिको निर्वाचन २७ गते हुन सक्ने जनाइएको छ।

संविधानअनुसार संसद्को पहिलो बैठक बसेको १५ दिनभित्र प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाको अध्यक्षको निर्वाचन गरिसक्नुपर्नेछ। राष्ट्रियसभाको अध्यक्षमा माओवादी केन्द्रका सांसद दीनानाथ शर्मा चुनिने सम्भावना रहेको जनाइएको छ। प्रतिनिधिसभाको कार्यव्यवस्थाको जिम्मेवारी डा. भरतराज गौतमले र राष्ट्रियसभाको कार्यव्यवस्थाको जिम्मेवारी मुरारी महतले पाउनुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# क्षेत्रीय सहकार्य प्रभावकारी बनाउन पाकिस्तानको प्रस्ताव



टीका बन्धन, काठमाडौं

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सम्मेलनको नयाँ मिति तय गर्न र सार्कका गतिविधि प्रभावकारी बनाउने बारेमा प्रधानमन्त्री केपी शर्मा ओली र उहाँका पाकिस्तानी समकक्षी साहिद खाकान अब्बासीबीच छलफल भएको छ।

क्षेत्रीय सहकार्यलाई प्रभावकारी बनाउन सार्क सदस्य राष्ट्रबीच रहेका असमझदारी हटाउँदै अघि बढ्नुपर्नेमा दुवै प्रधानमन्त्रीहरू सकारात्मक बन्नुभएको छ। यसअघि सन् २०१६को नोभेम्बर ९ र १० तारिखका लागि पाकिस्तानमा तय भएको सार्कको १९औं सम्मेलन भारत-पाकिस्तान सम्बन्धका कारण स्थगित भएको थियो।

भारतसहित केही मुलुकले अन्य मुलुकमा भए पनि सम्मेलन गर्ने सकिने बताइरहेका बेला १९औं सम्मेलनका लागि आफ्नो मुलुक प्रतिबद्ध रहेको पाकिस्तानले बताउँदै आएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीलाई बधाई दिन आउनुभएका पाकिस्तानी प्रधानमन्त्री अब्बासीले आर्थिक समृद्धि र क्षेत्रीय सहकार्यका लागि सार्कले गति लिनुपर्ने बताउनुभएको बताइएको छ। सोमबार साँझको द्विपक्षीय भेटवार्तामा यस्तो छलफल भएको हो।

> पाकिस्तानले सार्कलाई प्रभावकारी बनाउन चाहेको छ ।
>
> पूर्वप्रधानमन्त्री चन्द

दुवै प्रधानमन्त्रीबीच द्विपक्षीय आर्थिक सहयोगका कार्यक्रम बढाउन शिक्षा, पर्यटन, व्यापार, सुरक्षाजस्ता आपसी सहयोगका विषयमा छलफल भएको काठमाडौंस्थित पाकिस्तानी दूतावास स्रोतले जनाएको छ। द्विपक्षीय सहयोगका क्षेत्र पहिचान गर्दै उच्चस्तरीय भ्रमण आदानप्रदान गर्नेबारेमा पनि उहाँहरूबीच छलफल भएको छ। यही क्रममा पाकिस्तानी प्रधानमन्त्री अब्बासीले आफ्ना समकक्षी ओलीलाई भ्रमणको निम्तो दिनुभएको छ।

सो निम्तोलाई सकारात्मकरूपमा लिँदै ओलीले उपयुक्त समयमा भ्रमण गर्ने बताउनुभएको ओलीका राजनीतिक सल्लाहकार विष्णु रिमालले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# संसदीय दलको नेतामा देउवा

रामकृष्ण चापागाईं, काठमाडौं

नेपाली कांग्रेस संसदीय दलको नेतामा सभापति शेरबहादुर देउवा चुनिनुभएको छ। हिजो सोमबार भएको निर्वाचनमा पूर्वमहामन्त्री प्रकाशमान सिंहलाई पराजित गर्दै सभापति देउवा संसदीय दलको नेतामा निर्वाचित हुनुभएको हो। निर्वाचनमा देउवाले ४४ र सिंहले १९ मत प्राप्त गर्नुभएको थियो।

प्रतिनिधिसभामा कांग्रेसको ६३ सदस्य छन्। राष्ट्रियसभाका सदस्य पनि संसदीय दलको सदस्य हुने भए पनि संसदीय दलको नेता छनोटमा प्रतिनिधिसभाका सदस्यमात्र मतदाता हुने व्यवस्था छ। संसदीय दलको नेतामा ४४ मतका साथ देउवा विजयी भएको निर्वाचन समितिका संयोजक चीनकाजी श्रेष्ठले जानकारी दिनुभएको थियो।



> कुल मतदाता ६३ मध्ये देउवालाई ४४ र सिंहको १९ मत प्राप्त

यसअघि पनि संसदीय दलको नेतामा देउवा नै निर्वाचित हुनुभएको थियो। सदनमा प्रमुख प्रतिपक्षको भूमिकामा रहेको कांग्रेस संसदीय दलको नेता संवैधानिक अंगको सदस्यसमेत हुने व्यवस्था छ। संसदीय दलको नेताले नै दलको उपनेता, प्रमुख सचेतक, सचेतक मनोनित गर्ने व्यवस्था छ।

संसदीय दलको नेतामा निर्वाचित भएलगत्तै सभापति देउवाले दलको उपनेतामा विजयकुमार गच्छदारलाई मनोनित गर्नुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# राष्ट्रपति र उपराष्ट्रपतिमा पुरानै

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रले वर्तमान राष्ट्रपति र उपराष्ट्रपतिलाई पुनः दोहोऱ्याउने तयारी गरेका छन्।

दुई दलबीच राष्ट्रपति र उपराष्ट्रपतिलाई नै निरन्तरता दिने भद्र सहमति भएको छ। एमालेका अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी र उपराष्ट्रपति नन्दबहादुर पुनलाई नै निरन्तरता दिने सहमति भएको बताइएको छ।

एमालेबाट वरिष्ठ नेता झलनाथ खनालले पनि राष्ट्रपति बन्नका लागि दौडधुप गरिरहनुभएको छ। तर ओली र प्रचण्डबीच पद बाँडफाँडमा सहमति भइसकेकाले खनाल राष्ट्रपति बन्ने सम्भावना न्यून बन्दै गएको एमालेका एक नेताले बताए। ती नेताले भने- 'पार्टीभित्र अहिलेकै राष्ट्रपति भण्डारीलाई दोहोऱ्याउने कि खनाललाई अगाडि बढाउने भन्ने विषयमा निर्णय नभए पनि अध्यक्ष ओली दोहोऱ्याउने पक्षमा देखिनुहुन्छ।'



राष्ट्रपति



उपराष्ट्रपति

एमालेभित्र खनाल पक्षका नेताहरूले पुनः भण्डारीलाई राष्ट्रपति बनाउन नहुने दबाब अध्यक्ष ओलीमाथि दिएका छन्। सरकार गठन पूर्व नै राष्ट्रपति भण्डारीले ओली र प्रचण्डलाई लन्च डिनरमार्फत पुनः राष्ट्रपतिमा दोहोरिनका लागि लबिङ गर्नुभएको थियो। भण्डारीले प्रधानमन्त्री ओलीलाई मात्र नभई प्रचण्डलाई समेत विश्वासमा लिएको कारण भण्डारी नै पुनः राष्ट्रपति हुने सम्भावना बलियो रहेको बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)


GOENKA GOLD Fe 500 TMT BAR

अधिकतम कारखाना द्वार-मूल्य
Max. Ex-factory rates

(लागु मितिः २०७४ फाल्गुण २२/Mar 6, 2018 देखि)

| साईज (Dmm) | कारखाना द्वार मूल्य रू./ कि.ग्रा* |
|---|---|
| १०/१२/१६/२० | ७६.00 |
| ८/२५/२८/३२ | ७९.00 |
| कारी ४.७५/७ | ७७.00 |

*अर्डर परिमाण र भुक्तानी अवस्था हेरी उपरोक्त मूल्यमा छुट गर्न सकिनेछ ।

उपरोक्त मूल्यमा रु १/- प्रति के.जी. अन्तःशुल्क र १३% मू.अ.कर लाग्नेछ ।

GOENKA GOLD TMT

JAS-ANZ ICS AN ISO 9001:2015 Certified Company

"तीन दशक अधिकको अनुभव, निर्माण क्षेत्रको गौरव"

गोयनका स्टील्स् प्रा. लि.
काठमाडौं: ०१-४४१४८१२, भैरहवा: ०७१-५२०३६१


# प्रकृतिको चुनौतीले पर्यटकमा निराशा बढ्यो

भगवती तिमल्सिना, पोखरा

प्राकृतिकरूपमा अत्यन्तै सुन्दर नेपाल यति बेला बाह्य वातावरण र प्रदूषणका कारण सुन्दर पर्यटकीय नगरमा समेत नकारात्मक प्रभाव पर्दै गएको छ।

निकै उत्साह र उमङ्गका साथ बिहान भुइँमा उज्यालो नझर्दै बाह्य र आन्तरिक पर्यटक सराङकोटको उकालो चढिरहेका थिए। आसपासका चिया नास्ताका पसल पनि धमाधम खुल्दै थिए। हात र काँधमा क्यामराको भारी बोकेर उकालो चढेका पर्यटकमा निकै उत्साह देखिन्थ्यो तर यो उत्साह लामो समय टिक्न सकेन जब चारैतिर तुवाँलोले ढाकेर सूर्योदयसम्म छेकिदियो। वरिपरिका हिमशृंखला, डाँडापाखा, तालतलैया सबै छेकिए, पर्यटकहरूको मन र उत्साह पनि निराशाले छेकिदियो।

आकाशदेखि पातालसम्म छेक्ने गरी लागेको बाक्लो तुवाँलो हटाउने कुनै उपाय नदेखेका पर्यटक बिहानको उत्साहलाई त्यहीं बिसाएर आफ्ना भारी क्यामरा र लेन्स फटाफट



ब्यागमा प्याक गरी लामो सुस्केरा हाल्दै सराङकोटको अँध्यारोलाई बाईबाई गर्दै फर्किनुको विकल्प देखेनन् अनि फर्किए।

यति मात्र होइन प्याराग्लाइडिङबाट पोखराको दृश्यावलोकन गर्दै आनन्द लिने हेतुले प्याराग्लाइडिङको यात्रा तय गरेका पर्यटकले समेत वातावरणीय प्रभाव तुवाँलोका कारण फटाफट बुकिङ रद्द गर्दै फर्किएका दृश्य देख्नु पोखराका लागि यति बेलाको दैनिकी बनेको छ। यहाँको दृश्य खुल्नु भनेको चिठ्ठा पर्नुजतिकै भएको पर्यटन व्यवसायीहरू बताउँछन्।

कात्तिक महिनादेखि नै पर्यटकको ओइरो लाग्ने पोखरामा यस वर्ष भित्रने पर्यटकले भने पोखराबाट देखिने मनमोहक दृश्य हेर्न नपाउँदा निकै नरमाइलोमान्ने गरेका छन्। बिहान सबेरै उठेर सूर्योदय र हिमालको दृश्यावलोकनका लागि सराङकोट पुगेका पर्यटक आफ्नो अपेक्षा अधुरै रहेको दुःखेसो पोख्दै बिहानभरि झिनो आशा बोकेर पर्खिए र निराश भएर फर्किए।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

महिनावारी हुनु भनेको पूर्ण महिला हुनुको प्रतीक हो, जसले महिलालाई आमा बन्न सक्ने क्षमताको संकेत गर्दछ। यो बेलामा दूध र दूधजन्य परिकार, सागसब्जी खान, भान्छामा जान र खाना बनाउन, सधैं सुत्ने कोठा र खाटमा सुत्न, बोटबिरूवा छुनका साथै खेल्न, पढ्न, लेख्न सकिन्छ। शारीरिक प्रक्रियालाई धार्मिक या सामाजिक नाममा गलत परिभाषा र व्यवहार गर्दा किशोरीको समानरूपमा खेल्न, खान, हिंड्न पाउने नैसर्गिक अधिकारमाथि प्रतिबन्ध लगाउने कार्यको अन्त्यका लागि कानुनी र सामाजिकरूपमै सुधारको खाँचो छ।

# महिनावारी हुनु पाप होइन स्वस्थ महिलाको प्रतीक हो

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

महिलाको शरीरको विकाससँगै किशोरावस्थामा हुने शारीरिक परिवर्तन र महिनावारीलाई पहिलोपटक किशोरीहरू पूर्वजानकारी नहुँदा निकै आत्तिने गर्दछन्। अझ शारीरिक परिवर्तनसँगै भएको महिनावारी चक्रको समय कतिपयलाई पहिलोपटक अनौठो लाग्ने, नैराश्यता हुने, शरीर भारी हुने, पेट दुख्ने, हातगोडा करकरी खाने, टाउको दुख्ने, वाक-वाक लाग्ने जस्ता समस्या हुन्छन्। यस्तो अवस्थामा परिवारको साथ र सान्त्वनाको आवश्यकता पर्दछ। नेपालको सर्न्दभमा अझै पनि शहरमा भन्दा ग्रामीण भेगमा महिनावारीलाई छुन नहुने, जन्मदाता बाबु, भाइको अनुहार हेर्न नहुने, छुट्टै घर या गोठमा अँध्यारो कुनामा ७ दिनसम्म बस्नुपर्ने परम्परा कायमै छ। यसले किशोरीमा निकै डर, त्रास, भय, हुनुका साथै नैराश्यता पलाउने गर्दछ। नियमित चक्रलाई धार्मिक, सामाजिक परम्पराका नाममा गरिने विभेदले कतिपय अवस्थामा छाउपडीमा बसेका किशोरीको अकालमा ज्यानै जानेसम्मका घटनाहरू हुने गरेका छन्।

यस्तो अवस्थामा पोषिलो खानेकुरा खानै नहुने, सरसफाइ गर्न नहुने, कपालसम्म कोर्न नहुने, नुहाउन पनि कसैले नदेख्ने गरी राति नै धारा पँधेरामा गएर नुहाउने र लुगा धुने गर्नुपर्ने बाध्यताका कारण कतिपय महिलामा मानसिक र शारीरिक समस्यासमेत उत्पन्न हुने गर्दछ। महिनावारीका समयमा सफा बस्नुपर्नेमा झन् गाईगोठमा पशुलाई झैं राखिन्छ, छाउगोठमा राखिन्छ। खानपानमा सुक्खा खानेकुरा मात्र दिइन्छ। दही, दूध, घ्यू, फलफूल जस्ता ग्रामीण भेगमा उपलब्ध हुने पोषिलो खानेकुरा खान त परै जाओस् छुनसम्म हुन्न। फलफूलको बोट छुन हुन्न यस्ता परम्परागत व्यवस्था अझै पनि कतिपय ठाउँमा कायमै छ। दही, दूध छुन र खानै हुन्न तर गोबर भकारो सोर्न, गोठालो जान, घाँस काट्न भने तीनै किशोरीलाई लगाइन्छ। बास बस्न घरमा नहुने, बाबु-दाजुलाई हेर्न नहुने, सूर्योदय हेर्न नहुने अनि यी सबैलाई छलेर कामचाहिँ सबै गर्न हुने भन्ने परम्पराको सुधारका लागि सामाजिक सोचमा परिवर्तनको खाँचो छ।

यसो नगर्दा कतिपय युवती रजस्वला भएकै बेला बलात्कृत हुने, यस्ता पीपासुको पन्जामा परेर प्रतिकार गर्न खोज्दा हत्यासमेत हुने गरेका घटना बढ्दो क्रममा छ। यसलाई रोक्न कानुनीरूपमै छुई प्रथाको अन्त्य गरिनुपर्छ र किशोरीको समानरूपमा बाच्न पाउने अधिकारको रक्षा गर्ने दायित्व राज्यले बोध गर्नुपर्छ।



महिलालाई गर्भदेखि नै गरिने अपहेलनाको अन्त्यका लागि समाजको परिवर्तनकारी कडा कानुनी व्यवस्था हुनुपर्छ। विकसित मुलुकमा महिनावारी भनेको सामान्यरूपमा लिइसकेको अवस्थामा नेपाल जस्ता मुलुकमा भने निकै अपवित्र भन्ने संज्ञा दिनुले महिला हरेक पलमा पछाडि पारिएको छ। महिनावारी भएकाले छुन नहुने, पकाउन नहुने, पानी ल्याउन नहुने, पुरुषको अनुहार देखनसम्म नहुने जस्ता प्रतिबन्धित सामाजिक संस्कारका कारण महिलामा मानसिक समस्याले निकै ठूलो जरा गाडेको छ। खानपान र सरसफाइ नहुँदा शारीरिकरूपमा कमजोर हुनुका साथै अन्य संक्रमणको सम्भावना बढेर गएको छ। सानै उमेरमा पोषणको अभावले कूपोषण हुने, महिनावारी भएका बेला खानपानको व्यवस्था नगरी काम मात्र गराउँदा, मुर्छा पर्ने, बेहोस हुने, सानै उमेरमा आङ खस्ने जस्ता समस्यासमेत हुने गरेको विज्ञहरूको ठम्याई रहेको छ।

## महिनावारी भनेको के हो ?

महिला किशोरावस्थामा प्रवेश भएदेखि गर्भधारण नभएसम्म हरेक महिना गुप्ताङ्गबाट रगत बग्ने गर्छ। यो क्रम २ देखि ७ दिनसम्म हुन्छ र आफैं रोकिन्छ।

## किन महिनावारी भनिएको हो ?

महिनामा एकपटक रगत बग्ने भएकाले यसलाई महिनावारी (रजस्वला हुनु, पर सर्नु, नछुने हुनु, छुई हुनु जस्ता) शब्दमा उच्चारण गरिन्छ। महिनावारी हुने भनेको एउटा चक्र हो। यो चक्र व्यक्तिअनुसार २१ देखि ३५ दिनमा हुने गर्दछ। डिम्बाशयको डिम्ब (अण्डा) परिपक्व भएपछि केटीको पहिलो महिनावारी हुन्छ। महिनावारी सामान्यतया शरीरको विकाससँगै हुने गति हो। यो ८ वर्षदेखि १९ वर्षको उमेरमा शुरु भई ४५ वर्षदेखि ५५ वर्षसम्म हुने चिकित्सा विज्ञानले पहिचान गरेको छ।

महिनावारी शुरु भएपछि एक प्रकारको सेतो पानी गुप्ताङ्ग (योनी) बाट बग्न सक्छ। यो सामान्य हो तर यो गहनाउने वा योनी वरिपरि चिलाउने वा पोल्ने भएमा यसको उपचार गर्नुपर्छ। महिनावारी हुँदा यौनाङ्गको सरसफाइ राम्रोसँग भएन भने यस्तो समस्या हुने गर्दछ।

महिनावारी प्राकृतिक र स्वाभाविक प्रक्रिया हो र स्वस्थ अवस्थाको पहिचान पनि हो तर यसको बारेमा सही जानकारी नहुँदा पहिलोपटक महिनावरी हुँदा धेरै किशोरी आत्तिने गर्छन् र केहीले रोग लाग्यो भन्ने पनि सोच्छन्। त्यसैले बालिकालाई घरमा, स्कुलमा महिनावारी शुरु हुनुभन्दा अघि नै यसको बारेमा जानकारी दिनुपर्छ। केही समुदायमा आमा, दिदी, फुपू, हजुरआमाहरूले महिनावारीको बारेमा जानकारी दिने, कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा सिकाउने गर्छन्। कतिपय अवस्थामा बुबा, दाइ, शिक्षक-शिक्षिकाहरूले पनि यसबारे सिकाउने र व्यवस्थापन गर्ने गरेको पाइन्छ।

## महिनावारी हुँदा ध्यान दिनुपर्ने कुराहरु :

### पोषणयुक्त खानेकुरा

महिनावारी भएको बेला शरीरबाट रगत बग्छ। त्यसैले बगेको रगतको क्षतिपूर्ति गर्न र शरीलाई बलियो बनाउन पौष्टिक खाना सागसब्जी, तरकारी, फलफूल दूध, दही, गेडागुडी, कोदो, फापर प्रसस्त मात्रामा खानुपर्छ। टुसा उमारेको गेडागुडी, चाकु, फलामको भाँडामा पकाएको दाल, गहत आदिको प्रयोगले किशोरीलाई स्वस्थ बनाउँछ। यसले रक्त अल्पताबाट बचाउँछ।

### व्यक्तिगत सरसफाइ

महिनावारी भएको बेला सरसफाइमा विशेष ध्यान दिनु आवश्यक हुन्छ। सरसफाइ भएन भने गहनाउने सेतोपानी बग्ने, योनी चिलाउने, पिसाब पोल्ने तथा संक्रमण हुन सक्छ। सफाइको कमीले यौनाङ्गमा घाउ भई हिंड्न गाह्रो हुने हुन्छ। यस्तो अवस्थामा यौनाङ्गलाई ओभानो राख्ने र पटक-पटक सरसफाइ गरी सुख्खा राख्नुपर्छ। चिसो राख्दा संक्रमणका साथै छाला खुइलिने (पाच्छने) र हिंड्नै गाह्रो हुने हुन्छ। यस्तो हुन नदिनका लागि लामो पैदल यात्रामा हिंड्दा यौनाङ्ग ओभानो राख्ने, प्याड फेरिरहने र सफा गरिरहने गर्नुपर्छ।

यौनाङ्ग सफा पानीले धुनुपर्छ। रगत लतपतिएको छ भने मनतातो पानी र साबुनले सफा गर्नुपर्छ। यो बेला पानीमा फिटकिरी हालेर पनि यौनाङ्ग सफा गर्न सकिन्छ।

महिनावारी भएको बेला नुहाउनु हुँदैन, कपाल कोर्नु हुँदैन भन्ने गलत परम्परालाई मान्नु हुन्न। महिनावारी भएको बेलामा अरू बेलामा भन्दा अझ बढी सफा रहनुपर्छ र सामान्य अवस्थामा जस्तै नुहाउनुपर्छ।

### महिनावारी हुँदा बगेको रगतको व्यवस्थापन कसरी गर्ने ?

महिनावारी हुँदा रगतलाई जथाभावी बाहिर लाग्न, चुहिन नदिन कसैले सुती घरेलु कपडाको टुक्रा त कसैले बजारमा पाइने प्याडहरू प्रयोग गर्ने गर्दछन्। महिनावरी हुँदा घरमा भएका सामान र घरेलु, सुतीको कपडाले घरेलु प्याड आफैंले बनाउन पनि सकिन्छ। यो सजिलो, सस्तो र धोएर घाममा सुकाएर बारम्बार प्रयोग पनि गर्न सकिन्छ।

> महिनावारी हुँदा कतिपयलाई तल्लो पेट दुख्ने, स्तन दुख्ने, ढाड दुख्ने, हात खुट्टा करकर खाने, कसैलाई बेचैन, तनाव हुने, टाउको दुख्ने पनि हुन सक्छ। सामान्य अवस्थामा पहिलो दिनदेखि ७ दिनसम्म रगत बग्नु समान्य हो तर कसैकसैलाई त्योभन्दा बढी हुन गएमा उपचार गराउनुपर्छ। यदि २ घण्टामा नै प्याड फेर्नुपर्ने अवस्था भयो भने यस्ता अवस्थामा असामान्य रगत बगेको मानिन्छ।

### यस्तो अवस्थामा के गर्ने ?

- तल्लो पेटमा हलुका मालिस गर्ने।
- रबरको थैलो वा बोतलमा तातो पानी राखेर कपडामा बेरेर सेक्ने। रबरको थैला नभए ढुंगा या इँटा तताएर कपडामा बेरेर पनि सेक्न सकिन्छ।
- ऐंसेलुको पात, तीतेपाती र अदुवाको धूलो राखी तातोपानी पिउने। यस्तो बेलामा चिया, कफी कम खानुपर्छ।
- यदि धेरै रगत बगेमा स्वास्थ्यकर्मीसँग परामर्श लिनुपर्छ।
- दूध, दही, फलफूल, सागपात, गेडागुडीको झोल खाने।
- धेरै दिनसम्म धेरै मात्रामा रगत बगेको अवस्थाबाहेक सामान्य अवस्थामा घरका हलुका काम गर्न सकिन्छ।

### महिनावारीसम्बन्धी समाजको धारणा कस्तो छ ?

महिनावारीसम्बन्धी समुदायअनुसार फरक-फरक धारणा पाइन्छन्। महिलाले प्रत्येक महिनावारीमा छाउपडी बस्ने, मन्दिर जान नहुने, भान्छामा जान नहुने, धारापानी छुन नहुने, बोटबिरुवा छुन नहुने, दूध, दही खान नहुने र यदि छोइयो वा नबारे पाप लाग्ने जस्ता विभिन्न प्रकारका मान्यताहरू छन्। तर, नेपालका कतिपय समुदायले महिनावारी भएको बेलामा बार्दैनन् र कुनै समस्या पनि भएको छैन। महिनावारी पापको परिणाम हो, महिनावारी भएको बेलामा शरीर फोहोर र अशुद्ध हुन्छ भन्ने कुरा सत्य होइन। महिनावारी हुनु भनेको पूर्ण महिला हुनुको प्रतीक हो, जसले महिलालाई आमा बन्न सक्ने क्षमताको संकेत गर्दछ। यो बेलामा दूध र दूधजन्य परिकारहरू, सागसब्जी खान, भान्छामा जान र खाना बनाउन, सधैं सुत्ने कोठा र खाटमा सुत्न, बोटबिरुवा छुनका साथै खेल्न, पढ्न, लेख्न सकिन्छ। शारीरिक प्रक्रयालाई धार्मिक या सामाजिक नाममा गलत परिभाषा र व्यवहार गर्दा किशोरीको समानरूपमा खेल्न, खान, हिंड्न पाउने नैसर्गिक अधिकारमाथि प्रतिबन्ध लगाउने कार्यको अन्त्यका लागि कानुनी र सामाजिकरूपमै सुधारको खाँचो छ।

*(स्रोत सामाग्री : महिला प्रजनन अधिकार कार्यक्रम वातावरणीय कृषि तथा विकास केन्द्र (केड)।*

## घरेलु प्याड कसरी बनाउने ?

- नरम, सोस्ने र छिटो सुक्ने कपडाहरू सुतीको धोती, मलमलको कपडा, सिरकको खोल आदि संकलन गर्ने।
- ४ बित्ता लम्बाइ र ३ बित्ता चौडाइको टुक्रा (रुमाल) बनाउने।
- टुक्रा बनाएको कपडा साबुन पानीले राम्ररी धोएर घाममा सुकाउने।
- टुक्रा कपडालाई पट्याउने (रगत सोस्नका लागि)।
- रगत सोसिएर कट्टुमा लाग्न नदिने गरी मध्यभागको दुवैतिरको साइड काटेर मिलाउने। यस्तो गरेर कम्तीमा पनि ४ देखि ५ वटा बनाएर तयारी अवस्थामा राख्ने र चिसो हुनासाथ फेर्ने।



## प्रयोग गर्ने तरिका

- काटेको टुक्रा मिलाएर कट्टुमा राख्ने र छेउमा निस्केको भागलाई दोबारेर नसर्ने बनाउने। यसो गर्नाले कट्टुमा रगत लत्पतिँदैन र सफा हुन्छ।
- त्यसपछि तल्लो भागमा मिलाएर पोलिथन राख्ने र त्यसमाथि कपडाको प्याड राख्ने।
- झर्न, सर्न नदिन बलियो हुप सियोले अगाडि-पछाडि दुई छेउमा अड्काउन सकिन्छ तर कहिलेकाहीं पिन खुलेर घोच्न सक्ने सम्भावना भने हुन्छ। यसबाट सुरक्षा अपनाउनका लागि प्याडमा तुना या टाँक राख्न सकिन्छ।
- यस्तो अवस्थामा लामो कम्मरसम्म पुग्ने कट्टु इलास्टिक खुकुलो नभएको लगाउनुपर्छ।
- स्वास्थ्यलाई ध्यानमा राखी यस्तो प्याड ४ देखि ६ घण्टाको फरकमा आवश्यकताअनुसार फेरिरहनुपर्छ। यसो नगरे संक्रमण हुने प्रवल सम्भावना हुन्छ।
- घरेलुरूपमा तयार पारेको प्याड एकपटक प्रयोग गरिसकेपछि राम्रोसँग खोलेर सफा पानी र साबुनले धोएर घाममा सुकाउनुपर्छ।
- सुकिसकेपछि राम्ररी पट्याएर अर्कोपटकको प्रयोगका लागि ओभानो र सफा ठाउँमा सुरक्षितरूपमा राख्नुपर्छ।
- महिनावारी हुँदा कतिपयलाई तल्लो पेट दुख्ने, स्तन दुख्ने, ढाड दुख्ने, हात खुट्टा करकर खाने, कसैलाई बेचैन, तनाव हुने, टाउको दुख्ने पनि हुन सक्छ। सामान्य अवस्थामा पहिलो दिनदेखि ७ दिनसम्म रगत बग्नु समान्य हो तर कसैकसैलाई त्योभन्दा बढी हुन गएमा उपचार गराउनुपर्छ। यदि २ घण्टामा नै प्याड फेर्नुपर्ने अवस्था भयो भने यस्ता अवस्थामा असामान्य रगत बगेको मानिन्छ।

# ग्रान्डी अस्पतालका विशेषज्ञ बंगलादेशको प्रधानमन्त्री गोल्ड मेडलबाट सम्मानित

ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालका मधुमेह, थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ डा. सन्देश पन्थी बंगलादेशको प्रधानमन्त्री गोल्ड मेडलबाट सम्मानित हुनुभएको छ।

जन गणतन्त्र बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले गत आइतबार प्रधानमन्त्री कार्यालयमा आयोजित एक विशेष समारोहमा डा. पन्थीलाई गोल्ड मेडलबाट सुशोभित गर्नुभएको हो।

डा. पन्थीले बंगलादेशको एकमात्र सरकारी मेडिकल विश्वविद्यालय बंगबन्धु शेख मुजिब मेडिकल विश्वविद्यालयबाट सन् २०१६ मा पाँचवर्षे एमडी एन्डोक्राइनोलोजी एन्ड मेटाबोलिज्म (डायबर्टिज, थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ) विशेषज्ञता हासिल गर्नुभएको थियो।



उहाँले सो विश्वविद्यालयको एन्डोक्राइनोलोजी एन्ड मेटाबोलिज्म विभागमा मात्र नभएर समग्र मेडिसिन फ्याकल्टीमा नै सर्वाधिक अंकसहित सर्वोत्कृष्ट नतिजा हासिल गर्नुभएको थियो। डा. पन्थी हाल ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल धापासीमा डायबर्टिज, थाइरोइड तथा हर्मोन रोग विशेषज्ञका रूपमा कार्यरत हुनुहुन्छ।

# ओस्कारमा सेप अफ वाटरलाई ४ अवार्ड



अमेरिकाको क्यालिफोर्निया स्थित डोल्बी थिएटरमा *१०औं ओस्कार एकेडेमी अवार्ड* सोमबार सम्पन्न भएको छ।

*ओस्कार*को इतिहासमा पहिलोपटक ट्रान्सजेन्डर अभिनेतृ डेनियला वेगाले सञ्चालन गरेको अवार्ड समारोहमा फिल्म *सेप अफ वाटर*ले उत्कृष्ट फिल्मसहित निर्देशक, ओरिजिनल स्कोर, प्रोडक्सन डिजाइन तथा सेट डिजाइन गरी सर्वाधिक ४ अवार्ड जितेको छ।

*उत्कृष्ट अभिनेता*को अवार्ड फिल्म *डार्केस्ट आवर*बाट गेरी ओल्डम्यानले चुमेका छन् भने यही फिल्मले *मेकअप र हेयर स्टाइल*को अवार्ड पनि जितेको छ। अभिनेतृको अवार्ड *थ्री बिलबोर्डस आउटसाइड एबिङ मिसौरी*बाट फ्रासेन्स म्याकडोरमेडले जितेको छ भने सम राकवेलले यसैबाट *सहअभिनेता अवार्ड* जितेको छ। सहअभिनेतृको अवार्ड भने *आई टोन्याबाट* एलिसन जेनीले जितेकी छिन्।

त्यसै गरी फिल्म डनकर्कले *ध्वनि सम्पादन, ध्वनि मिश्रण* र *सम्पादन* गरी तीन अवार्ड चुमेको छ भने *ब्लेड रनरले छायांकन* र *भिजुअल इफेक्ट,* कोकोले *एनिमेटेड फिल्म* र *ओरिजिनल संग*को, *गेट आउटले ओरिजिनल स्क्रिन प्ले, कलमी बाई योर नेमले एडप्टेड स्क्रिनप्ले*को अवार्ड पाएको छ। त्यस्तै फिल्म *इकारसले फिचर फिल्म, अ फ्यान्टास्टिक ओमन*ले विदेशी भाषा तथा *द साइलेन्स* चाइल्डले एक्सन सर्ट, *डियर बास्केटबलले एनिमेटेड सर्ट फिल्म* र *हेभन* इज द *टेरिफिक जेम अन द ४०५* ले *डकुमेन्ट्री सर्ट फिल्म*को अवार्डलाई आफ्नो बनाएको छ। *मो, प्यान्टम थ्रेड*ले *कस्ट्युम डिजाइन*को अवार्ड पाएको छ।

यस अवार्ड समारोहमा मनोनयनमा परेका तर अवार्ड नजितेका कलाकार खाली हात जाँदैनन्। एक मार्केटिङ कम्पनीले उनीहरूलाई लाखौंको उपहार दिँदै आएको छ।









**बधाई र शुभकामना** | हास्य अभिनेता केदार घिमिरे 'माग्ने बुढा' र पत्नी सीता घिमिरे आइतबार सम्पन्न पुत्र आशिषको व्रतबन्ध समारोहमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र आफन्तका साथमा। व्रतबन्धमा जनसंख्या तथा वातावरणमन्त्री लालबाबु पण्डित, माओवादी नेतृ पम्फा भुसाल, कांग्रेस नेता गगन थापा, केदारको गृहक्षेत्र मकवानपुरका सांसदहरू, प्रधानसेनापति राजेन्द्र क्षत्रीलगायतका नेता तथा उच्च अधिकारीका साथ कलाकर्मी सहभागी भएका थिए।

# भोलिदेखि राजधानीमा मानव अधिकार फिल्म महोत्सव

मानव अधिकार चलचित्र केन्द्रको आयोजनामा भोलिदेखि ४ दिनसम्म राजधानीमा *नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव*को छैठौं संस्करण हुने भएको छ।

प्रदर्शनीमार्गस्थित नेपाल पर्यटन बोर्ड भृकुटीमण्डपमा हुने महोत्सव बेलायती फिल्मकर्मी स्काई नेयलको निर्देशनमा महिला अधिकारलाई लक्षित गरी नेपालमा निर्माण गरिएको फिल्म *जब म खस्छु*बाट आरम्भ हुनेछ। विश्वभरिबाट खुला आवेदनबाट संकलन गरी प्राप्तमध्येबाट ७० भन्दा बढी मानव अधिकार विषयक वृत्तचित्र, छोटा फिल्म, एनिमेसनलगायत प्रदर्शन गरिने महोत्सवमा नेपालबाट २० फिल्म छन्।

महोत्सवमा प्रत्येक दिन फिल्म प्रदर्शनपछि विभिन्न विषयमा अन्तरक्रिया गरिने आयोजकले जनाएका छन्। त्यस्तै महिला सशक्तीकरणको विषयमा महोत्सवमा प्रत्यक्षरूपमा आर्ट पेन्टिङसमेत गरिनेछ। महोत्सव राष्ट्रिय र अन्तर्राष्ट्रिय फिल्मकर्मीका साथै मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तित्वका लागि फिल्मको माध्यमबाट छलफल र अन्तरक्रिया गर्ने मञ्च उपलब्ध हुने विश्वास गरिएको छ।



**वैवाहिक समारोह** | लोकगायक प्रेमराजा महत आइतबार छोरी सदीक्षा महतको वैवाहिक समारोहमा। लामो समयदेखि अमेरिका बस्दै आएका गायक महत छोरीको विवाहकै लागि केही समयदेखि काठमाडौंमा छन्।



# विचार

चन्द्रमामाथि कैयौं मान्छे ओर्ले,
तर हामी अझै ढुक्क भएर
घरको भऱ्याङ ओर्लन सक्दैनौं।
- भूपि शेरचन

मेरा प्यारा सैनिकलाई संसारका कुनै सेनासँग
लडाउन रतिभर पनि डर मान्दिनँ तर गोरखा
सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कमान हुन्छ।
- जर्मन सम्राट कैजर विलियम

## सम्पादकीय

नेपाल समाचारपत्र

# समृद्धिको माध्यम संघीय राज्य व्यवस्था

निर्वाचन सकिएको झन्डै तीन महिनापछि संघीय संसद्‌ले औपचारिकता पाएको छ । संविधानले कल्पना गरेको संघ, प्रदेशसँगै संघीय संसद्‌ले काम थालेको छ । यससँगै संघीयता कार्यान्वयनमा संघीय संसद् सक्रिय भएर लाग्ने आमअपेक्षा रहेको छ । नेताहरूले भनेझैँ मुलुकलाई विकास र समृद्धिको मार्गमा अघि बढाउन राज्यको संघीय स्वरूपलाई चलायमान बनाउनुपर्ने आजको महत्वपूर्ण आवश्यकता हो ।

आधुनिक नेपालको निर्माणदेखि नै एकात्मक र केन्द्रीकृत प्रणाली प्रयोग नेपालमा निकै लामो समयसम्म कायम रह्यो। यस्तो एकात्मक शासन व्यवस्थामा काठमाडौंलगायत केही भूभागबाहेक मुलुकको अधिकांश क्षेत्रमा विकासका न्यूनतम पूर्वाधारहरूसम्म पुगेनन् । मुलुकका विविध क्षेत्र र समुदायका जनताले यो देश र राज्य मेरो हो भन्ने महसुस गर्न सकेनन्। यस्तो अवस्थाको अन्त्यका लागि अपनाइएको संघीयतालाई संस्थागत गर्ने काम चाँडोभन्दा चाँडो गर्नुपर्ने जिम्मेवारी संघीय संसद् र सरकारको रहेको छ ।

संविधानको अनुसूची ६, ७ र ८ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका अधिकारलाई सूचीबद्ध गरिएको छ। तर यीमध्ये अधिकांश अधिकार एक–अर्कासित बाझिएका छन् । अहिले प्रदेश सरकारलाई प्रदेशको मनोरञ्जन कर र जग्गा–जमिन रजिस्ट्रेसन करजस्ता सीमित कर लिन पाउने अधिकार दिइएको छ। यी सीमित व्यवस्थाबाहेक प्रदेशको आम्दानी निश्चित गरिएको छैन । यसले गर्दा प्रदेश सरकारहरू आर्थिकरूपले सबल हुनेमा अहिले पनि शंका छ। तर काम गर्दै जाँदा, व्यवहारमा प्रयोग गर्दै जाँदा आवश्यक अधिकार थपिन पनि सक्छन् । यसलाई आगामी दिनमा व्यवस्थित गर्दै लानुपर्ने खाँचो रहेको छ ।

वैदेशिक रोजगारीमा जाने युवाले उताबाट रेमिट्यान्स पठाएर आफ्नो घर, गाउँ, प्रदेश र राष्ट्रलाई नै आर्थिकरूपमा सबल त बनाइरहेका छन् । यद्यपि यसको नकारात्मक प्रभाव पनि रहेको छ । वैदेशिक रोजगारीका कारण पारिवारिक वा सामाजिक सम्बन्धहरू खल्बलिँदै गएका छन् । गाउँघर युवाविहीन भइरहेका छन् । बूढापाकाहरूले परिवारको सेवा नपाउने, गाउँ उजाड हुने, कृषि श्रमिकको अभावमा उर्वर फाँट बाँझै रहनेजस्ता समस्या देखिन थालेका छन् । नेपालीले भोग्नुपरिहेका यस्ता समस्या समाधानको उपाय खोज्नु पनि जरुरी रहेको छ। राजधानी काठमाडौंका जस्तै सडक, शिक्षा, सञ्चार र विद्युतीकरण आफ्नो दूरदराजको गाउँमा पनि होस् भन्ने सबैको चाहना रहेको छ । यी सबैको प्राप्तिको मूल बाटो भनेको संघीयता नै हो । अहिले संविधानमा भएका कमी–कमजोरीलाई सच्याउँदै संघीय व्यवस्थालाई संस्थागत गर्दै जानु नै देश र जनताको हितमा रहेको छ ।

# कर्मचारी व्यवस्थापन चुनौतीपूर्ण


बद्री तिवारी

यतिखेर मुलुकका राजनीतिक दलहरूको स्वर झन्डै-झन्डै उस्तै सुनिन्छ- मुलुकलाई विकास र समृद्धिको मार्गमा डोऱ्याएर आत्मनिर्भर तुल्याउने कार्यमा आफू र पार्टीको सक्रिय सहभागिता रहनेछ। आइतबार संघीय संसद् भवन नयाँ बानेश्वरमा सांसद पदको शपथ ग्रहणपश्चात् सञ्चारमाध्यमहरूलाई प्रतिक्रिया दिने क्रममा प्रतिनिधिसभा र राष्ट्रिय सभाका सांसदहरूले पनि त्यस्तै धारणा व्यक्त गरे। प्रधानमन्त्री केपी शर्मा ओलीले त गत शनिबार शिक्षण अस्पताल महराजगन्जमा मनमोहन सेन्टर एनेक्स भवनको शिलान्यासका क्रममा सरकारको सम्पूर्ण प्रयास नेपालको विकास र समृद्धिका लागि हुने बताउँदै सरकारका हरेक कदम सुधारका लागि, विकासका लागि र जनहितका लागि हुने धारणा व्यक्त गर्नुले आमसर्वसामान्य जनतामा अब त केही होला कि भन्ने सकारात्मक सन्देश प्रवाह भएको हुनुपर्छ। यद्यपि यस्ता भनाइमा सहजै विश्वास गर्न सक्ने वातावरणको निर्माण भने हुन सकेको छैन। किनकि सरकारका हरेक कार्यहरू त्यतिखेर सार्थक बन्न सक्नेछन्, जुन बेला निजामती कर्मचारीहरूले कर्तव्यनिष्ठ भएर सेवा दिइरहेका हुनेछन्।

तर अहिले स्थानीय तहमा कर्मचारीको अभावमा काम हुन नसकेका समाचारहरू निरन्तर आइरहेका छन्। एकातिर सरकारले हाल कार्यरत कर्मचारीहरूको समायोजन तथा खटनपटनको पाटोमा काम गर्न सकेको छैन भने अर्कोतर्फ आवश्यकताअनुसार कर्मचारी पदपूर्ति गर्न सकेको छैन। संघीय संरचनाअनुसार नेपालको नयाँ संविधानको कार्यान्वयन गर्ने क्रममा आवश्यक पर्ने कतिपय ऐन कानुन तथा नियमहरूको अभाव हुनु, भएकै नियम कानुन पनि कार्यान्वयन नहुनु र अधिकांश स्थानीय तहमा कर्मचारीहरूको अभाव हुनुले काम प्रायः ठप्प नै रहने स्थिति आएको गुनासो स्थानीय तहका प्रतिनिधिहरू नै गर्न थालेका छन्। गत शुक्रबार भक्तपुरमा आयोजित एउटा कार्यक्रममा व्यक्त धारणाहरूले त्यस्ता गुनासोहरूको पुष्टि गरेका छन्।

रफत सञ्चार क्लबले गत शुक्रबार भक्तपुरमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा नेपाल नगरपालिका संघका संयोजक एवम् धुलिखेल नगरपालिकाका मेयर अशोक ब्याञ्जुले स्थानीय तहमा कर्मचारी अभावकै कारण सोचेजति काम गर्न नसकिएको बताउनुले मुलुकका अन्य स्थानीय तहको कर्मचारी अभावलाई प्रतिनिधित्व गर्दछ। उहाँकै भनाइलाई आधिकारिक मान्दा अहिले कतिपय स्थानीय तहमा नगरसभा बस्दै गरेको तथा त्यसै सभाले कानुन निर्माण गरेर काम गर्ने बताउनुभयो। त्यस्तै जिल्ला समन्वय समिति (जिसस) महासंघका प्रवक्ता नवराज गेलालले संविधानले जिससलाई जिल्लामा भएका स्थानीय तहको अनुगमन, मूल्यांकन र निरीक्षण गर्ने अधिकार प्रदान गरेको तर कतिपय काम गर्न प्रदेश कानुनको अभाव भएकोले यसको निर्माण तदारुकताका साथ हुनुपर्नेमा जोड दिनुभएको छ।

यिनै पृष्ठभूमिका आधारमा चर्चा गर्दा गठबन्धन सरकारको पहिलो चुनौतीका रूपमा कर्मचारी समायोजन र आवश्यक कानुन निर्माण नै देखिन्छ। कर्मचारी समायोजनमा कमजोरी देखिएकै कारण सरकारको आलोचना शुरु भइसकेको छ। सेवाग्राहीले परम्परागत अवस्थामा पाएको जति सेवा पनि यस परिवर्तित परिस्थितिमा पाउन नसकेको अनुभव गर्नुले संघीयताका लागि थप चुनौती देखा परेको छ। त्यसो त नेपाली समाजमा परिवर्तन नचाहने/यथास्थितिवादीहरू पनि भएकाले विरोधका स्वरहरू गुञ्जनुलाई अनौठो नै मान्नुपर्ने छैन। त्यसो हुँदाहुँदै पनि सरकारका सम्बद्ध निकायले त्यस्ता कमी-कमजोरी तत्काल हटाउनु आवश्यक छ।

भन्दा वा सुन्दा सामान्य लागे पनि अहिले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूबीच समन्वय कठिन बन्दै गएको छ। यसका पछाडि विविध कारण हुन सक्छन्। ती कारणहरूको खोजी गर्दै एक-एक गरी सम्बोधन गर्न नसकेसम्म समस्याहरू ज्यूँका त्यूँ रहनेछन्। त्यसैले यहाँ जनशक्ति अभाव, असमन्वयात्मक अवस्था वा शत्रुतापूर्ण व्यवहार र अन्य कुनै पनि कारणले स्थानीय तहमा काम हुन सकेका छैनन्। परम्परागत संरचना र शैलीमा काम गर्दै आएका कर्मचारीहरूलाई विनातयारी एकाएक संघीय संरचनासहितको स्थानीय तहमा खटाउँदा उनीहरूलाई काम गर्न अप्ठेरो नै हुन सक्छ। वास्तवमा संघीयतामा कसरी काम गर्ने भन्ने विषयमा यथेष्ट तालिम, प्रशिक्षण, गोष्ठी तथा परिचयात्मक कार्यक्रमहरू आयोजना नगरी सहजै कर्मचारीलाई परिचालन गर्न सकिँदैन। त्यस्तो स्थितिमा सरकारका सम्बद्ध विभाग तथा कार्यालयहरूले नै संयोजन गरी कर्मचारीहरूलाई परिचालन गर्नु आवश्यक छ।

> यदाकदा कर्मचारीहरूले जनप्रतिनिधिहरूलाई प्रयोग गर्ने व्यङ्ग्यवाण र टिप्पणीहरू तथा जनप्रतिनिधिहरूले कर्मचारीहरूलाई हेर्ने दृष्टिकोणका कारण कटुता उत्पन्न हुने गरेको समाचार पनि सुन्न पाइन्छ।जनप्रतिनिधिहरूले कर्मचारीलाई 'यी त हाम्रै मुठ्ठीका माखा' र कर्मचारीहरूले पनि 'लौ त हामीविना कसरी चलाउँदा रहेछन् प्रशासन ?' भन्ने मनोविज्ञानले काम गरेसम्म उनीहरूबीचको सम्बन्ध सुमधुर हुन सक्ने देखिँदैन ।

निजामती कर्मचारीलाई स्थायी सरकारका रूपमा लिने गरिन्छ। निश्चय नै जनप्रतिनिधिको अभावमा विगत करिब २० वर्षसम्म स्थानीय प्रशासनिक कार्यहरू उनीहरूबाटै हुँदै आएका थिए। उनीहरूको त्यति लामो अनुभव, ज्ञान, दक्षता र सीपलाई सदुपयोग गर्न सक्नुपर्दछ। तर यदाकदा कर्मचारीहरूले जनप्रतिनिधिहरूलाई प्रयोग गर्ने व्यङ्ग्यवाण र टिप्पणीहरू तथा जनप्रतिनिधिहरूले कर्मचारीहरूलाई हेर्ने दृष्टिकोणका कारण कटुता उत्पन्न हुने गरेको समाचार पनि सुन्न पाइन्छ। जनप्रतिनिधिहरूले कर्मचारीलाई 'यी त हाम्रै मुठ्ठीका माखा' र कर्मचारीहरूले पनि 'लौ त हामीविना कसरी चलाउँदा रहेछन् प्रशासन ?' भन्ने मनोविज्ञानले काम गरेसम्म उनीहरूबीचको सम्बन्ध सुमधुर हुन सक्ने देखिँदैन।

कर्मचारीहरू खटाएको कार्यालय तथा ठाउँमा नजाने प्रवृत्ति बढेकाले दुर्गम जिल्लाहरूमा त्यसको प्रत्यक्ष प्रभाव परिरहेको छ। कर्मचारी भइसकेपछि सरकारले खटाएका ठाउँमा सजिलैसँग जानुपर्नेमा अटेर गर्दै सुगममै थमौती गर्ने परिपाटी बढेकाले कर्मचारी अभाव भएको हुन सक्छ। कर्मचारी युनियन राजनीतिक संलग्नतामा आफ्नो अनुकूलका निर्णयहरू गराउने परिपाटी रहेसम्म स्थानीय तहहरूमा कर्मचारी अपुग भइरहन्छ। यसैसँग सान्दर्भिक अर्को विषय भनेको हाल शिक्षक र जिल्लाका स्रोतव्यक्तिहरूलाई जथाभावी सरुवा गर्ने गरिएको भन्दै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा उजुरी परेको समाचारले सम्बद्ध शिक्षा कार्यालयहरूको टाउको दुखाइ बढेको छ। आफू अनुकूलका शिक्षक र स्रोतव्यक्तिलाई मनपरि सरुवा गर्ने प्रवृत्ति बढेको भन्दै उजुरी परेपछि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले शिक्षा मन्त्रालयलाई शिक्षकहरू जुनसुकै खालको काजमा रहेको भए पनि १५ दिनभित्र जुन विद्यालय र क्षेत्रमा दरबन्दी छ, त्यसै विद्यालय र क्षेत्रमा हाजिर गराउने गरी पत्राचार गराउन निर्देशन नै दिनुपर्ने अवस्था निम्तिएको छ, जसलाई स्वाभाविक मान्न सकिँदैन। मन्त्रालयहरूबीच नै जुहारी चल्ने र असमन्वयात्मक अवस्था उत्पन्न हुने खालका गतिविधिलाई स्वस्थ आचरण तथा व्यवहारका रूपमा लिन सकिँदैन। जथाभावी गरेर पेल्ने नीति लिने, राज्यका प्रशासनिक अंगहरूलाई नै चुनौती दिने तथा अटेर गर्नेलाई तत्काल कारबाही गर्न 'लालबाबु फर्मुला' लागू गर्ने आँट सरकारमा हुनुपर्दछ।

मुलुकमा संघीयता कार्यान्वयन गरी मुलुक र जनताको हित, विकास र समृद्धिको नारा दिएर मात्रै पुग्दैन, कर्मचारीमा पनि संघीयताको सोच बसाल्न सक्नुपर्दछ। जनताको घरदैलोमा सरकारको उपस्थिति दर्शाउनका लागि जनप्रतिनिधिको जति जरुरी छ त्यति नै खाँचो निजामती कर्मचारीको पर्दछ। कर्मचारीको अभावमा कुनै पनि प्रशासनिक काम कार्यवाही गर्न सकिँदैन। त्यसैले कर्मचारी परिचालनलाई जसरी हुन्छ चुस्त-दुरुस्त बनाइहाल्नुपर्दछ।

मुलुकका स्थानीय तहमा कर्मचारीको खाँचो परेकै बेलामा यसअघिको देउवा सरकारले स्वेच्छिक अवकाश लिन सकिने गरी सुविधाको घोषणा पनि गऱ्यो। अर्बौं खर्च गरेर अवकाश दिने घोषणा गरेपछि सुविधा पाउनका लागि स्वाभाविकरूपमा निवेदन दिनेहरूको संख्या बढेकाले मुलुकमा कर्मचारीको संख्या घट्ने सम्भावना त्यत्तिकै छ। त्यसैले सरकार कर्मचारी व्यवस्थापनमा कुनै पनि हिसाबले सफल देखिँदैन। एकातिर आवश्यक संख्या नपुगेर समस्या परेको देखिन्छ भने अर्कोतर्फ भएकै कर्मचारीलाई पनि आकर्षक हिसाबले काममा लगाउन सकेको देखिँदैन।

स्थानीय तहमा आवश्यकताअनुसार कर्मचारी व्यवस्थापन गर्नका लागि सरकारले स्थायी पदमा तत्काल पूर्ति गर्न नसक्दासम्म अस्थायी तथा करार वा अन्य कुनै पनि हिसाबले नियुक्ति गर्न सक्ने तथा स्थायी कर्मचारी आउनेबित्तिकै छोडिदिने सर्तमा मञ्जुर गराएर काम लगाउन सक्ने प्रावधान राख्नुपर्दछ। साथै स्थायी रूपमा कर्मचारीहरूलाई राख्नका लागि उनीहरूलाई तालिम, प्रशिक्षण, वृत्ति विकास, वैज्ञानिक एवम् व्यवस्थित कार्यसम्पादन मूल्याङ्कन, आन्तरिक तथा बाह्य उत्प्रेरणाका उपायहरू, पदोन्नति, जिम्मेवारी, राम्रो गर्नेलाई पुरस्कार तथा गल्ती गर्नेलाई चेतावनी तथा सजायँलगायतका उपाय अपनाएर कर्मचारीलाई दिगोरूपमा राख्न सकिन्छ। अझ अहिले त कर्मचारीलाई मानव पुँजीका रूपमा, रणनीतिक साझेदारका रूपमा स्वीकार गर्नुपर्ने विश्वव्यापी मान्यतालाई पनि अवलम्बन गर्न सकेमा वास्तवमै सरकारले विकास र समृद्धिको नारालाई पूरा गर्न ती कर्मचारी उपयोग गर्न सक्दछ।

badript@gmail.com

## पाठक पत्र

### समाज असुरक्षित भएको अनुभूति

पछिल्लो समय नेपाली समाज असुरक्षित बन्दै गएको अनुभूति गरिएको छ। हरेक दिनजसो बालिका बलात्कारजस्तो निकृष्ट अपराध बढिरहँदा सभ्य समाजको परिकल्पना गर्नु पटाक्षेप बन्न पुगेको छ। बलात्कारका घटना वृद्धि हुनुमा अशिक्षा र चेतनाको अभावलाई दोष दिँदै आए पनि शिक्षित र सभ्य मानिएकाबाटै पनि बालिकादेखि किशोरीहरू बलात्कारको चपेटामा पर्दै आएका छन्।

बिहान घाँस काटेर फर्किएकी पर्साको पटेर्वासुगौली गाउँपालिकाकी १० वर्षीया बालिका बलात्कारको सिकार भइन्। बाबुले खोजी गर्दै जाँदा उखुबारीमा अचेत छोरीलाई विक्षिप्त अवस्थामा फेला पारे। अत्यधिक रक्तश्राव भएपछि पीडित बालिकाको नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा उपचार गरिएको छ। घटनामा संलग्न भएको आरोपमा पोखरिया नगरपालिका-४ का २० वर्षीय सुनिल साह तुराहा र ३५ वर्षीय मनोज साह तुराहालाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ। पर्साको घटना एउटा दृष्टान्त मात्रै हो। नेपाली समाजमा सामूहिक बलात्कारजस्तो निकृष्ट घटनाको शृङ्खला चलिरहेको छ।

बोली फुटेर सुखद बाल्यकाल नभोग्दै दानवीय सिकार बन्नुपरेका बालिकाको विदारक घटना असुरक्षित समाजका परिणति हुन्। यस्ता घटनाले नेपाली समाज कति असुरक्षित बन्दै गएको छ र मानवीय संवेदनाको पराकाष्ठा नाघिरहेको छ भन्ने देखाउँछ। डर र त्रासका कारण बलात्कारमा परेकी युवतीले आफू बलात्कृत भएको घटनासमेत परिवार र प्रहरीसमक्ष बताउन नसक्ने अवस्थाले असुरक्षित समाजलाई नै प्रतिबिम्बित गर्छ। पीडितमाथि कतिसम्म अन्याय हुन्छ भन्ने कुरा बलात्कारका घटनामा कतिपय अवस्थामा प्रहरीले उजुरीसमेत लिन नमानेको प्रसंगले पुष्टि गर्छ।

हरेक दिनजसो बलात्कारका घटना राष्ट्रिय मूलधारका अखबारहरूमा प्रकाशित भइरहेका हुन्छन्। यस्तो आपराधिक घटना बढ्दै गएपछि सिंगो समाज नै चिन्तित र असुरक्षित हुन थालेको छ। यस्ता घटनाका कारण सिंगो मुलुकलाई नै भयभीत पार्ने गरी दानवीय प्रवृत्ति हाबी भइरहेको छ। तर, यस्तो निकृष्ट अपराधलाई निरुत्साहित गर्न सरोकारवाला निकायले संवेदनशीलता नदेखाउनु विडम्बनाको कुरा हो।

दिनहुँ यस्ता आपराधिक घटनामा बढोत्तरी हुँदा राज्यले न्यूनीकरण गर्नेसम्बन्धमा ठोस नीति अख्तियार गर्न ढिलाइ गर्नुहुँदैन। न्याय, मानवअधिकार र मानवीय संवेदनाजस्ता विषय नै संकटमा पर्दै गएपछि अपराधले नै प्रश्रय पाइरहेको छ। सञ्चारमाध्यममा प्रकाशित र प्रसारित घटनाहरू विश्लेषण गर्दा बलात्कारका घटनामा न्यूनीकरण आउन नसकेको देखिन्छ। पछिल्लो समय अपराधका स्वरूपहरू भयावह बन्दै आइरहेका छन्। मानव सभ्यतामाथि प्रश्न उठ्ने गरी घटना एकपछि अर्को गरी शृङ्खलाबद्धरूपमा अखबारमा आइरहेका छन्। बलात्कारको घटना बालहिंसाको निकृष्ट नमुना बनिरहँदा यो गम्भीर सामाजिक मुद्दाका रूपमा उठ्नुपर्छ। बोली नै नफुटेकी बालिका बलात्कार भएका धेरै घटना छन्। पशुलाई ज्ञान नभएकै कारण अज्ञानी भनिएको हो। सबै पशुहरू अज्ञानी छैनन्, पशुले पनि संवेदना गुमाउँदैनन्। तर, मानिसमा मानवीयता हराएपछि आपराधिक कार्य हुने गर्दछन्। बलात्कारजस्तो जघन्य अपराध गर्नेलाई दण्ड दिन कानुनमै परिमार्जन गरिनुपर्ने आवाज त्यसै उठेका होइनन्। बालबालिका र महिलालाई सम्मानजनक दृष्टिकोणले नहेरेसम्म आपराधिक घटना न्यूनीकरण हुन गाह्रो छ। यस्ता हिंसाविरुद्ध निरन्तररूपमा समाजमा जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिएको छ।

*- सागर सुन्दास, भरतपुर*

### विकलांग व्यक्ति उत्पादनशील नागरिक बन्न सक्छन्

अपाङ्गता भएका व्यक्तिका लागि उचित अवसर प्रदान गर्न सकिए उनीहरू समाजका लागि उत्तिकै उत्पादनशील नागरिक बन्न सक्छन्। नेपालमा कुल जनसंख्याको १३ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन्। तीमध्ये थोरै मात्र आत्मनिर्भर बन्न सकेका छन्। धेरैजसो अवसरको पर्खाइमै छन्। समाज र राज्यले खडा गरेको अवरोधका कारण नै उनीहरूले अवसर पाउन नसकेका हुन्। अपाङ्गता हुनु दोष होइन, न त उनीहरू दयाका पात्र मात्रै हुन्। परिवार, समाज र राज्यले अपाङ्गता भएकालाई बोझका रूपमा ठान्ने मानसिकताकै कारण अपाङ्गताको स्थितिमा खासै सुधार हुन नसकेको हो।

एक्काइसौं शताब्दीमा प्रवेश गरिसक्दा पनि नेपाली समाजको मानसिकता र चरित्रमा भने खासै सुधार हुन सकेको छैन। समाज समृद्धितर्फ अघि बढेको भनिए पनि समाज अझै रुढिवादी नै छ। राज्य परम्परावादी र अनुदार छ। यस्तो अवस्थामा परिवार मात्र अपवाद हुन सक्दैन। अपाङ्गता व्यक्तिलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएसम्म सभ्य समाजको परिकल्पना नै गर्न सकिँदैन।

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरेको छ। राज्यले ऐन कानुन र संविधानबाट अपाङ्गता हुनेहरूप्रति देखिने गरी विभेद नगरे पनि विभेदको बाटोचाहिँ सिर्जना गरेको छ। समाज वा राज्यले नै खडा गरेका अवरोधबाट अपाङ्गता भएका व्यक्तिको अवसर खोसिएको सत्य आत्मसात् गर्न नसक्दा समस्या झनै बढेर गएको छ। अपाङ्गता भएका व्यक्तिलाई सामान्य अवसर दिलाउन सक्ने हो भने पनि उनीहरू सहजरूपमा अन्य नागरिकसरह जीवनयापन गर्न सक्ने थिए। शारीरिकरूपमा कमजोर रहे पनि अपाङ्गता भएका व्यक्ति मानसिकरूपमा क्षमतावान् हुन सक्छन् भन्ने दृष्टान्त अपाङ्गता भएका केही प्रतिभाले प्रमाणित गरेका छन्। अपाङ्गता भएका व्यक्तिलाई कैयन अप्ठ्यारा र समस्या छन्। तर उनीहरू मनमा उत्साह बोकेर सपाङ्गसरह काम गर्न सक्ने आँट र ऊर्जा देखाउने गर्छन्। कतिपय अवस्थामा सपाङ्गको तुलनामा अपाङ्ग हुनेले कुशल ढंगबाट काम गर्दै आएका अनेकौं उदाहरण पनि छन्। दृष्टिविहीन र बहिरा व्यक्तिहरूले समाजमा सपाङ्सरह काम गरेर देखाएका छन्।

अपाङ्गता भएका व्यक्तिरुका लागि दयाका रूपमा मासिक भत्ता उपलब्ध गराउनु मात्र राज्यको दायित्व हुन सक्दैन। सर्वप्रथम त उनीहरूप्रति सकारात्मक दृष्टिले हेर्न सक्नुपर्छ। अपाङ्गता भएका व्यक्तिले कसैले दयामाया र कल्याण गरुन् भन्ने मात्र चाहँदैनन्, उनीहरूले नागरिकसरह व्यवहार गरुन् र राज्यले प्रदान गर्ने हरेक अवसर पनि दिऊन् भन्ने चाहन्छन्। आत्मनिर्भर र आत्मसम्मानका लागि विभिन्न सीपमूलक कार्यक्रम सञ्चालन गरेर अपाङ्गता भएका व्यक्तिलाई जीविकोपार्जनका लागि सहयोग पुऱ्याउन सकिन्छ। पछिल्लो समय राज्यले केही कल्याणकारी अवधारणा ल्याए पनि त्यो पर्याप्त छैन। राज्यले समाजलाई चेतनशील बनाएर अधिकारमुखी अवधारणामा अपाङ्ताको विषयलाई सम्बोधन गर्नुपर्ने काम अझै बाँकी नै छन्। स्थानीय निकायमा जनप्रतिनिधिले काम गर्न थालिसकेपछि वडा-वडामा रहेका अपाङ्गता भएका व्यक्तिका लागि कसरी अवसर प्रदान गर्ने भन्ने विषयमा छलफल हुनु जरुरी भइसकेको छ। स्थानीय निकायले निर्णय गर्ने हरेक प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित हुनुपर्छ। संविधानले निर्देश गरेबमोजिम अपाङ्गता भएका व्यक्तिले उठाएका मुद्दाहरूलाई स्थानीय निकायले सम्बोधन गर्नु जरुरी देखिएको छ।

*- सुरेन्द्र कार्की, चितवन*

## सामाजिक सञ्जाल


भगवान्‌ले तिनै मान्छेको परीक्षा लिन्छन्, जसले थोरै भए पनि जिन्दगी पढेको हुन्छ।

**Subin Bhattarai**
**@subinbhattarai1**


अब आफ्नो देशको प्रदर्शनलाई उडाउनुअघि सोचौं कि जिम्बाब्वे जे भने नी हामी भन्दा धेरै अनुभव भएको, विश्वप्रसिद्ध खेलाडीहरूसहितको टोली हो। एकदिवसीय साथै टेस्टमा पनि धेरै कीर्तिमान खडा गरिसकेको देश हो। हाम्रो टोलीको प्रयासमाथि कुनै शंका नगरौं, हौसला जारी राखौं।

**Sameer M Dixit**
**@smadixit**


'किन बेकारमा चित्त दुखाउनु' भनेर कति कुरा नभनी मनमै राखेका हुन्छन् तर उता अर्को पक्षले कहिल्यै बुझ्दैन र सधैं आफूलाई माया गर्नेको चित्त दुखाइरहेको हुन्छ।

**Sabeena Karki**
**@sabeenakarki**

प्रधानमन्त्री ओलीले एमालेमा सबै अनुभवी र खारिएका नेता भएकाले त्यस्ता प्रचारको कुनै अर्थ नहुने बताउनुभयो। उहाँले भन्नुभयो- 'एमाले त्यस्तो मुसा होइन जो प्रतिक्रियावादीले थापेको पासोमा फ्याट् परोस्।'

# नेपाल

## मेलम्ची सधुरुङ निर्माण प्रकरण

# मजदुर हडतालका कारण पाँच दिनदेखि काम ठप्प

काठमाडौं, (नेस)

मजदुरहरूको हडतालका कारण मेलम्ची खानेपानी आयोजनाको सुरूङ खन्ने काम ठप्प भएको छ। काम गरेबापतको भुक्तानी र सञ्चय कोषको रकम नपाएको भन्दै मजदुरहरू ५ दिनदेखि हडतालमा उत्रिएका हुन्।

नेपाली मजदुरहरूले कम्पनीबाट रकम नपाएको गुनासोसहित हडताल गरेको आयोजनाका सिनियर डिभिजनल इन्जिनियर राजेन्द्रप्रसाद पन्तले बताउनुभयो।

'गएको बुधबारदेखि मजदुरले सुरूङ खन्ने काम ठप्प पारेका हुन्।' उहाँले भन्नुभयो- 'हामीले अबरुद्ध भएको भोलिपल्टै निर्माण कम्पनीमार्फत खास कुरा बुझ्यौं। मजदुरको रकम भुक्तानी रोकेकाले काम ठप्प भएको बुझ्न आएको छ।'

आयोजनाले दिनुपर्ने रकम दिइसकेकाले यो समस्या मजदुर र निर्माण कम्पनीबीच मात्रै भएकाले छिटो टुंग्याउन भनेको सिनियर डिभिजनल इन्जिनियर पन्तले बताउनुभयो।

'हामीले कामको प्रकृतिअनुसार रकम दिने हो। डिसेम्बरसम्म महिनामा धेरै काम हुन्थ्यो, धेरै रकम भुक्तानी हुन्थ्यो। त्यहीअनुसार मजदुरलाई भुक्तानी हुन्थ्यो।', उहाँले भन्नुभयो- 'पछिल्लो चरणमा काम पनि थोरै भयो। भुक्तानी पनि थोरै भयो। मजदुरलाई दिनलाई रकम पुगेन।'

जनवरी महिनामा कम्पनीले १ सय ४७ मिटर र फेब्रुअरी महिनामा मात्रै १ सय १६ मिटर सुरूङ खनेको थियो। डिसेम्बरसम्म महिनामा ५ सय मिटरसम्म सुरूङ खन्ने काम हुन्थ्यो।

पछिल्लो चरणमा सिन्धु-ग्याल्थुम खण्डमा १ सय ९० मिटर ब्रेक थ्रु हुन बाँकी छ भने सिन्धु-अम्बाथान र ग्याल्थुम खण्डका अडिट जोड्न ५० मिटर मात्रै बाँकी छ।

शुरूङ खन्ने, फिनिसिङदेखि ड्याम, इन्टेक निर्माणसम्मको काम मजदुरको हडतालले प्रभावित बनेको आयोजनाले जनायो।

# ठगीको अनुसन्धान गर्दा हुन्डी कारोबारी पक्राउ



नेपाल समाचारपत्र

काठमाडौं

प्रहरीले ठगीको अनुसन्धान गर्दै जादाँ हुन्डी कारोबारीलाई पक्राउ गरेको छ।

काठमाडौं प्रहरी परिसरले जयराम कार्की, कृष्णगोपाल अग्रवाल, मुष्कान तामाङ र राकेश गुप्तालाई पक्राउ गरेको हो। जयराम कार्की कुरियरमा काम गर्छन् भने कृष्णगोपाल अग्रवाल खिचापोखरीमा रहेको जय दुर्गा ट्रेड इन्टरनेसनल नामक कस्मेटिक होलसेलका म्यानेजर हुन्।

काठमाडौं प्रहरी परिसरका एसएसपी विश्वराज पोखरेलका अनुसार हुन्डीको मुख्य कारोबारी अमेरिकामा रहेका छन। नारायण अग्रवाल मुख्य कारोबारी रहेको र उनलाई फरार सूचीमा राखिएको प्रहरीले बताएको छ।

पवि क्षेत्री र लक्ष्मीदेवी चपाईलाई फेसबुकमार्फत एक व्यक्तिले बेलायतबाट ४० हजार पाउन्ड उपहार परेको जानकारी दिएपछि घटना बाहिर आएको थियो।

उपहार दिल्ली हुदैं नेपाल पुग्ने भनी जानकारी गराएपछि उपहार दिल्लीमा आइपुगेको भनी अर्को व्यक्तिले पटकपटक दिल्लीबाट फोन गरेको प्रहरीले अनुसन्धानबाट फेला पारेको छ।

पीडितहरूले उपहारको लोभमा परी पटकपटक गरी ५१ लाख रुपियाँ पठाएपछि घटना सार्वजनिक भएको बताइएको छ। पीडितहरूलाई दिल्लीबाट फोनमा बताए अनुसार नागार्जुन नपा वडा नं ४ सीतापाईला बस्ने जयराम कार्कीलाई पीडितले ४ पटक गरी ४६ लाख रुपियाँ दिल्ली पठाउनका लागि दिएका थिए।

यराम कार्कीले उक्त रकम दिल्लीको व्यक्तिलाई पठाउन भनी सुनसरी धरान स्थायी घर भई हाल काठमाडौं खिचापोखरीमा जय दुर्गा ट्रेड इन्टरनेसनल नामक कस्मेटिक होलसेल पसल सञ्चालन गरी बस्ने नारायण अग्रवाललाई दिएको बताएका थिए। नारायण अग्रवालले दिल्लीमा पंकज अग्रवाललाई रकम पठाएको बताइएको छ।

नारायण अग्रवालको नाममा रहेको उक्त कस्मेटिक पसलमा खानतलासी गर्दा १५ लाख ६२ हजार ९ सय २० रुपियाँ श्रोत नखुलेको रकम र उक्त कस्मेटिक पसलमा मेनेजरका रूपमा काम गर्ने कृष्णगोपाल अग्रवालको मोबाइल बरामद भएको प्रहरीले जानकारी दिएको छ। उक्त मोबाइलमा हुन्डीको कारोबार खुल्ने म्यासेज भेटाएपछि प्रहरीले यसबारे अनुसन्धान अगाडि बढाएको थियो।

# रक्षामन्त्री पोखरेल सैनिक मुख्यालयमा

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली सेनाले नवनियुक्त रक्षामन्त्री ईश्वर पोखरेललाई जंगी अड्डामा आयोजित एक विशष कार्यक्रमका बीच नेपाली सेनासम्बन्धी परिचयात्मक जानकारी गराइएको छ।

कार्यक्रमको शुभारम्भमा प्रधानसेनापति राजेन्द्र क्षत्रीले नवनियुक्त रक्षामन्त्रीलाई नेपाली सेनाको तर्फबाट स्वागत गर्नुहुँदै मन्त्रीको कार्यकालमा नेपालको राष्ट्रिय सुरक्षा तथा नेपाली सेनाको समयानुकुल आधुनिकीकरण एवं



सांगठनिक सुधार र पेशागत दक्षता विकासमा महत्त्वपूर्ण उपलब्धी हासिल हुने विश्वास व्यक्त गर्नुभयो। सोही अवसरमा उहाँले सर्वत्र, चासो र चिन्ताको विषय बनेको राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेस द्रूतमार्ग आयोजना रक्षा मन्त्रालयलगायत सरोकारवाला निकायहरूको सद्भाव सदाझैं प्राप्त भएमा समय सीमाभित्र पूरा हुने बताउनुभएको थियो।

कार्यक्रमको क्रममा नवनियुक्त रक्षामन्त्री पोखरेललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा वातावरण तथा चुनौतीहरू, नेपाली सेनाको सांगठनिक संरचना, कल्याणकारी कार्यक्रमहरू तथा अपरेसनल एवं अन्य विविध गतिविधि बारे प्रस्तुतीकरण गरिएको थियो। प्रस्तुतीकरणपश्चात उक्त विविध विषयहरूमा अन्तरक्रिया भएको थियो।

# एमाले माओवादी एकतामा कुनै शंका छैन : *प्रधानमन्त्री ओली*

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले एमाले र माओवादी केन्द्रकोबीच पार्टी एकता हुनेमा कुनै शंका नरहेको बताउनुभएको छ। ओलीले देश निर्माणका लागि दुवै पार्टीका नेताहरू आफ्नो स्वार्थ त्याग्न तयार रहेको बताउनुभएको हो।

सुखानीमा साहदत प्राप्त गर्नुहुने शहीदहरूको सम्मानमा ४५औं शहीद स्मृति दिवशका अवरमा सोमबार पार्टी कार्यालय धुम्बाराहीमा आयोजित कार्यक्रममा उहाँले केही प्रतिक्रियावादीहरू एमालेका नेताहरू एकता गर्न मानेका छैनन् भनेर कुप्रचार गर्न लागेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले एमालेमा सबै अनुभवी र खारिएका नेता भएकाले त्यस्ता प्रचारको कुनै अर्थ नहुने बताउनुभयो। उहाँले भन्नुभयो- 'एमाले त्यस्तो मुसा होइन जो प्रतिक्रियावादीले थापेको पासोमा फ्याट् परोस्।'

सुखानीका शहीदहरूको बलिदानको स्मरण गर्दै प्रधानमन्त्री ओलीले लोकतन्त्रका लागि शहीदहरूले देखाएको बाटोबाट आफू कहिल्यै विचलित नहुने प्रतिवद्धता जनाउनुभयो।

पञ्चायती शासकले हत्या गरेका सुखानी ५ जना शहीद दुर्गानन्द झा, भीमदत्त पन्तलगायतलाई शहीद घोषणा विगतका सरकारले कञ्जुस्याइँ गरेको ओलीले बताउनुभयो। 'दुई वर्षअघि म प्रधानमन्त्री भएको बेला मात्र वहाँहरूलाई राज्यको तर्फबाट शहीद घोषणा गरियो,' -उहाँले भन्नुभयो।

प्रधानमन्त्री ओलीले सरकार सबै नागरिकलाई अधिकार, अवशर, सुरक्षा र सम्मानको प्रत्याभूत गर्न तयार रहेको बताउनुभएको छ। 'शहीदहरूले सामाजिक सद्भाव, राष्ट्रिय एकता, शान्ति र समृद्धिका लागि नै बलिदान गरेका थिए' प्रधानमन्त्री ओलीले भन्नुभयो -शहीदहरूको त्यो भावनाको हामी उच्च कदर गरेर काम गर्छौं।'

वामगठबन्धनको बहुमतको सरकार देखेर केही मानिसहरू आतिएको बताउँदै प्रधानमन्त्री ओलीले यसलाई विभिन्न बहानामा कमजोर पार्ने कोसिस असफल हुने बताउनुभएको छ।

कम्युनिस्टहरूलाई फुटाएर फेरि आफ्नो राज स्थापना गर्न सकिन्छ कि भनेर कसैले सोच्नु सपनामा चकलेट खाएजस्तो मात्र हुन्छ, ओलीले भन्नुभयो- 'सपना चकलेट खाएको देख्यो, ब्युझिंदा मुख गुलियो हुँदैन', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'कम्युनिस्टलाई फुटाएर आफ्नो शासन चलाउन सकिन्छ भन्ने कसैले सोचेको छ भने त्यसको हविगत सपनाको चकलेट जस्तै हुन्छ।'

तत्कालीन शासकले पञ्चायती व्यवस्थाका विरुद्ध आन्दोलन गरेको आरोपमा पक्राउ गरेका ५ झापाली योद्धाहरू रामनाथ दाहाल, नेत्र घिमिरे, विरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई झापा र इलामको सिमानामा पर्ने सुखानीको जंगलमा लगेर गोली हानी हत्या गरिएको थियो।

# अल्छी कर्मचारी नै समस्या: *मुख्यमन्त्री*

नेपाल समाचारपत्र

काठमाडौं

प्रदेश नं. ३ का मुख्यमन्त्री डोरमणि पौडेलले जबरजस्ती पठाइएका कर्मचारीहरूबाट प्रदेश सरकारअगाडि बढाउन समस्या भएकाले यसमा के गर्न सकिन्छ भनेर विज्ञहरूसँग सुझाव माग्नुभएको छ।

नेकपा (एमाले) प्रदेश नं. ३ कमिटीको सचिवालयबाट सोमबार आयोजित प्रदेश ३ का समस्या र चुनौती विषयक विज्ञहरूसँगको अन्तक्रिया कार्यक्रममा वहाँले उक्त समस्याका बारे प्रश्न उठाउनुभएको हो।

उहाँले १३ वटा जिल्लामै जनताले अनुभूत गर्नसक्ने योजनाहरूको खोजीमा आफू रहेको जानकारी दिनुभयो।

प्रदेश ३ का भौतिक तथा पूर्वाधार मन्त्री केशव स्थापितले भने शून्य लगानीका योजनाहरू सञ्चालन गर्नका लागि आफू १३ नै जिल्लाको दौडाहमा लागेको जानकारी दिनुहुँदै काम थाल्नका लागि कानुन बन्न पहिलो आवश्यकता भएकाले यस कुरामा आफूलाई विज्ञहरूले सहजीकरण गरिदिनुपर्ने माग अघि सार्नुभयो।



मन्त्री स्थापितले आफूले प्रदेशस्तरीय ट्रेडिङ कम्पनी र प्रदेशस्तरीय पूर्वाधार बैंकको पनि सोच आफूले राखेको जानकारी दिनुभयो। अहिलेको राजधानी अनुपयुक्त रहेको कुरातर्फ संकेत गर्दै उहाँले प्रदेशले अब राजधानी 'सार्ने' होइन 'तोक्ने' पनि वहाँले बताउनुभयो।

त्यस्तै गरी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा लामाले सर्वप्रथम कानुन बनाउने, कर्मचारीतन्त्रलाई राजनीतिक नेतृत्वको स्पिरिटअनुसार चल्न कार्ययोजनमा लाग्ने भएपछि मन्त्रालयहरूले आफ्नो-आफ्नो कार्ययोजनाअनुसार अगाडि बढ्नसक्ने कुरा बताउनुभयो।

नेकपा (एमाले)का केन्द्रीय उपाध्यक्ष एवं प्रदेश नं. ३ कमिटीका संयोजक अष्टलक्ष्मी शाक्यले अबको पार्टीको काम पनि विकास र समृद्धि नै भएको हुँदा निर्वाचनमा जनताकाबीच गरेका प्रतिवद्धता र जनअपेक्षा पूरा गर्न प्रदेश सरकारलाई साथ दिई अगाडि बढ्न सबैलाई आग्रह गर्नुभयो।

राजधानीसँग जोडिएको प्रदेश भएको हुनाले यहाँ केन्द्रबाट हस्तक्षेप हुने पनि सम्भावना एकातिर छ भन्नुहुँदै प्रदेश सरकार स्वतन्त्र भएर केन्द्रसँग समन्वय गरेर जानुपर्ने अवधारणा प्रस्तुत गर्नुभयो। यसका लागि उहाँले भिजन, मिसन, नीति र कार्यक्रममा सुस्पष्टता हुनुपर्ने कुरामा जोड दिनुभयो।

कार्यक्रममा नेकपा (एमाले)का १३ वटै जिल्लाका जिल्ला अध्यक्ष, इञ्चार्जहरूले आ-आफ्ना जिल्लामा रहेका सम्भावना र योजनाहरूको प्रस्तुति गर्नुभएको थियो।

प्रदेश सरकार नयाँ भएकाले संरचना निर्माणमै झण्डै २ वर्ष लाग्ने र प्रदेशको बजेट ८५ अर्बसम्मको हाराहारीमा हुने पनि विज्ञहरूको अनुमान रहेको थियो।


## सिनेमा कर्नर










## अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता।
**वृष** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
**मिथुन** : कार्य असफल, सन्तान कष्ट, आर्थिक क्षति, खर्च वृद्धि।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**सिंह** : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कन्या** : धननाश, मानसिक चिन्ता, दु:ख-कष्ट, व्यर्थको खर्च हुनेछ।
**तुला** : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**वृश्चिक** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ।
**धनु** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाँगर बढ्ने।
**कुम्भ** : राज्यबाट त्रास, असफलता, मान-प्रतिष्ठामा धक्का।
**मीन** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।

2018, MAR
Tuesday
6



# प्रदेश-३



बनेपा नगरपालिकाले पहिलो चरणमा बनेपाको पुलबजारदेखि चण्डेश्वरी खोलासम्म अतिक्रमण हटाएको थियो भने दोस्रो चरणमा चण्डेश्वरी खोलादेखि सीमानामा पर्ने २८ किलोसम्म अतिक्रमण हटाउन शुरु गरेको हो।

## जेलभित्रै १० घण्टा कब्जामा

मोतीराम तिमल्सिना, काभ्रे

उसै त जेल, त्यहाँमाथि पनि जेलमै थुनिनु पर्दाको पीडा सोमबार जिल्ला कारागार काभ्रेपलाञ्चोका कैदीहरूले भोग्न पुगे। अन्य कैदीबन्दीमाथि शोषण गरेको अभियोगमा कैदीबन्दीको योजनाअनुसार ७ जना कैदीबन्दी बिहान ६ बजे देखि १० घण्टा कब्जामा परे।

प्रमुख जिल्ला अधिकारी शिवप्रसाद सिंखडाको नेतृत्वमा जेलभित्र प्रवेश गर्न खोजेको टोलीलाई समेत कैदीबन्दीले पस्न दिएनन्। बिहानै वार्ताका लागि प्रयास गरे पनि १० घण्टासम्म कैदीबन्दीले ७ जनालाई बन्धक बनाएर थुनेर राखे। थुनिनेमा चौकीदार अर्जुन थापा मगर, नाइके र सहनाइकेहरू दीपक ठकुरी, मधुकर महत, सुरज थापा, सुरेश बलामी, जामानसिं तामाङ र कुमार कार्की रहेका छन्। बिहान ६ बजे बाथरुम जाँदै गर्दै एक्कासी तीनवटै ब्लकका कैदीबन्दी निस्किएर नियन्त्रणमा लिई 'ख' ब्लकमा लगेर ताल्चा लगाई बन्धक बनाएको चौकीदार अर्जुन थापा मगरले बताए।

बन्धक बनाउने योजनाको नेतृत्व पटक-पटक कलबाइपासमा जेल परेका काभ्रेका विनोद मैनालीले गरेका थिए। उनी दोस्रोपटक कैदसहितको जेलजीवनमा थिए। अर्का कैदी मनोज सुनुवार भनिने होमबहादुर सुनुवार हुन्। उनी सिन्धुपाल्चोक जेलमा कैदी भागे भगाएको अभियोगमा जेलमा छन्। त्यस्तै पासलाल तामाङ कर्तव्य ज्यान मुद्दामा जेलजीवन बिताइरहेका छन्। धुलिखेल कारागारमा तीन वटा ब्लक रहेका छन्। एउटा ब्लकमा मानसिक रोगीहरूलाई राखिएको थियो। कब्जामा लिएका कैदीलाई त्यही ब्लकमा थुनिएको जेलर महेशकुमार पोखरेलले जानकारी दिए।

लगातारको प्रयासपछि कब्जामा लिएका कैदीलाई प्रशासनले निकालेर प्रहरी कस्टडीमा थुनेको थियो। १० घण्टासम्म उनीहरूलाई खाना र पानीसमेत दिइएको थिएन। जेलभित्र खाना राम्रो नभएको, नाइके, चौकीदारले मनलाग्दी गरेकोलगायतका आरोप लगाउँदै उनीहरूले बिहानैदेखि नाराबाजी गरेका थिए।

## हेटौंडा–धरान–चतरा सडक दुई वर्षमा

हेटौंडा, (नेस)

सरकारको २२ अर्ब लगानीमा बन्न लागेको हेटौंडा-धरान-चतरा सडकको मुख्यमन्त्री डोरमणि पौडेलले निरीक्षण गर्नुभएको छ। राज्यका ठूला आयोजनाको निरीक्षण गर्ने क्रममा मुख्यमन्त्री पौडेलले ३ सय ११ किलोमिटर लामो सडकको निरीक्षण गर्नुभएको हो। सडकमा ६० प्रतिशत सिन्धुली र ४० प्रतिशत लगानी मकवानपुर क्षेत्रमा गरिएको छ।

पहिलाको रकमबाहेक पनि त्यस क्षेत्रमा अब २ वर्षमा कुल लगानी ६ अर्ब रुपियाँ र पुलहरू निर्माणका लागि ३ अर्ब लाग्ने बताइएको छ। ३० मिटर चौडाइ रहेको सडक आयोजना २ वर्षमा तयार हुने गरी काम भइरहेको आयोजनाले जनाएको छ।

सडकमा ह्युमपाइप ३ सय वटा, साना ठूला पुल ३३ वटा निर्माण हुनेछन्। यस वर्ष मात्र ५५ प्रतिशत काम सक्ने गरी तयारी थालिएको छ। सडक र पुल निरीक्षण गर्दै मुख्यमन्त्री पौडेलले नयाँ तरिकाले बनेको पुल र सडकको कामले गति लिएको बताउनुभयो। अब प्रदेश र केन्द्रीय सरकारले विकासलाई गति दिने उहाँले बताउनुभयो।

सडक र पुल निर्माण कामलाई अझ गुणस्तरीय र प्रभावकारी बनाउन उहाँले सुझाव दिनुभयो। सडकको निरीक्षणमा आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जमकट्टेललगायतको सहभागिता थियो।

## विवाहको खर्च कटाएर विद्यालयलाई सहयोग

नेपाल समाचारपत्र

नुवाकोट



नुवाकोट जिल्ला बेलकोटगढी नगरपालिका-११ का गोकर्णप्रसाद तिवारीले विवाहमा खर्च हुने रकम कटाएर २ लाख २ हजार २ सय २ रुपियाँ विद्यालयलाई सहयोग गरेका छन्। तिवारीले आफूले माध्यामिक शिक्षा हासिल गरेको नगरपालिकाको वडा नम्बर १० मा रहेको निरञ्जना उच्च माविका गरिब तथा जेहेन्दार विद्यार्थीको अध्ययनमा सहयोग पुऱ्याउन आफ्ना पिता स्वर्गीय होमनाथ तिवारीको नाममा अक्षयकोष स्थापना गरेका हुन्।

उक्त कोषको ब्याजबाट आउने रकमले एसईई परीक्षामा उत्कृष्ट ४ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने विद्यालयका प्राचार्य शिवराज पाण्डेले जानकारी दिए। हाल अमेरिकामा रहँदै आएका तिवारीले आफ्नो जन्मस्थानमा केही गरौं भन्ने भावनाले उक्त अक्षयकोष स्थापना गरी विद्यालयलाई सम्झिएकामा आफूलाई खुसी लागेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार रेग्मीले बताए।

छोराले विवाह खर्च कटौती गरेर विद्यालयलाई सहयोग गरेकोमा खुसी व्यक्त गर्दै आमा अम्बिका तिवारीले अन्य छोराको पनि विवाहको खर्च कटौती गरेर गरिब र जेहेन्दार विद्यार्थीलाई पढ्नका लागि सहयोग पुऱ्याउने बताइन्। सहयोग गर्ने तिवारी र उनकी श्रीमती विद्या खरेलले आगामी दिनमा पनि आफूहरूले विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीको शैक्षिक कर्यक्रममा सहयोग गर्ने जानकारी गराए।

## महोत्सवमा उँटको आकर्षण

शालिकराम चालिसे, नुवाकोट

नुवाकोटमा जारी पाँचौं नुवाकोट महोत्सवमा उँटको नाचतर्फ अवलोकनकर्ता आर्कषित भएका छन्। बुटवलबाट ल्याइएको डान्सर जातको उँटको नाँच हेर्न अवलोकनकर्ताको भीड लाग्ने गरेको छ।

उँटको नाच हेर्न दैनिक ६ सय जना अवलोकनकर्ता आउने गरेको बीजी ग्रुपका शिवलाल गौतमले बताए। गौतमका अनुसार उँटले देखाउने ७ वटा कला हेर्न महोत्सवमा मानिस बढी झुमिने गरेका छन्। उँटले कालीप्रसाद रिजालको 'निर जहिले रिसाउने' बोलको गीतमा नाच्दा दर्शकमा निकै हौसिएको पाइन्छ।

उँटले म्वाई (किस खाने), नाच्ने, नमस्कार गर्ने, शिकार गर्नेलगाएतका विभिन्न ७ कला देखाउने गरेको बीजी ग्रुपका सञ्चालक शिवलाल गौतमले बताए। गौतमका अनुसार महोत्सवमा देखाइएको डान्सर उँट भारतको राजस्थानबाट सबै खर्च गरेर १० लाखमा रुपियाँमा खरिद गरिएको हो। उँटले कपासको दाना, चना, निमको पत्तालगायतका खानोकुरा खाने गौतमले बताए।

गौतमले मेलामा पैसा कमाउनेभन्दा पनि मानिसलाई मनोरञ्जन गराउने उद्देश्यले महोत्सवमा ल्याइएको बताए। नयाँ-नयाँ ठाउँमा लैजाँदा मानिस आकर्षित भइरहेको गौतमले बताए। उँट पाल्नलाई मासिक करिब २५ हजारभन्दा बढी खर्च लाग्ने गौतमले जानकारी दिए।

उँटको नाच्ने शैली निकै अच्चम लागेको अवलोकनकर्ता श्याम थापाले बताए। साथै आफूलाई उँटले गालामा किस खाएकाले निकै अनौठो अनुभूतिसमेत भएको थापाले बताए। त्यस्तै अर्का अवलोकनकर्ता रोजी केसीले उँटले नाच्छ भनेर अनौठो लागेर उँटनाच हेर्न आएको बताइन्। 'आफ्नै अगाडि उँटले नाचेर म्वाई खाँदा म त छक्क परें।' -केसीले भनिन्।

महोत्सवमा सबैको केन्द्रविन्दु बनेको उँटसँग फोटो र सेल्फी खिच्नेको समेत भीड लाग्ने गरेको छ।

## अरनिको राजमार्गको बनेपामा चल्यो क्रेन

नेपाल समाचारपत्र

काभ्रे

जनप्रतिनिधि निर्वाचित भएको ९ महिनापछि बनेपा नगरपालिकाले आक्रामक शैलीमा जनताको अभिमतअनुसारको गतिविधि अगाडि बढाएको छ। सशस्त्र युद्ध, जनआन्दोलनपछि अरनिको राजमार्गको दायाँ-बायाँ क्षेत्र अतिक्रमित अवस्थामा थियो।

जनप्रतिनिधिविहीन अवस्थामा पटक-पटक नगरपालिकाबाट सडक अतिक्रमण हटाउन गरिएको प्रयास विफल भएको थियो। नगरपालिकाले बनेपा नगरपालिकाको सीमाना साँगागेटदेखि २८ किलोसम्मको क्षेत्रलाई फराकिलो बनाउँदै अतिक्रमण गरिएको क्षेत्र हटाउन केही महिनाअघिदेखि नै सार्वजनिक सूचना जारी गरेको थियो। उक्त क्षेत्र अतिक्रमण गरिँदा दैनिक सडकमा पैदल यात्रुको सवारी ठक्करका कारण निधन हुँदै आएको थियो।




बनेपा नगरपालिकाले पहिलो चरणमा बनेपाको पुलबजारदेखि चण्डेश्वरी खोलासम्म अतिक्रमण हटाएको थियो भने दोस्रो चरणमा चण्डेश्वरी खोलादेखि सीमानामा पर्ने २८ किलोसम्म अतिक्रमण हटाउन शुरु गरेको हो। बनेपा नगरपालिका-६ को सीमाना पर्ने उक्त क्षेत्रमा राखिएका पुराना सवारीसाधनहरूलाई क्रेनको माध्यमबाट हटाइएको छ भने सडकमा बाटो छेकिने गरी राखिएको विभिन्न व्यक्ति तथा संघ-संस्थाको बोर्ड डोजर लगाएर भत्काइएको छ।

प्रहरी, ट्राफिक प्रहरी, जनप्रतिनिधि, सर्वसाधारण र विभिन्न क्षेत्रका व्यक्तिहरूको उपस्थितिमा उक्त क्षेत्र फराकिलो बनाउँदै सफा गर्न शुरु गरिएको हो। अभियानका क्रममा केही व्यक्तिले नगर सफा गर्न अवरोध गर्न खोजे पनि सम्झाउँदै वडा कार्यालयले सबै क्षेत्रको अभियान शुरु गरेकाले अवरोध नगर्न अनुरोध गरेको थियो।

उक्त क्षेत्रको सडक किनारामा मोटरहरूको ग्योरेज, वर्षौंदेखि सडकमा रोकिराखेका पुराना सवारीसाधन, टायर पसल, विभिन्न संघ-संस्थाका बोर्ड राखिएका थिए। सरसफाइ गर्ने क्रममा सबै क्षेत्रबाट सहयोग भएको वडा अध्यक्ष सचितानन्द केसीले बताए। उपप्रमुख रेखा सापकोटा दाहालले उक्त क्षेत्रको अनुगमन गर्दै नगरले शुरु गरेको अभियानमा सबैले साथ दिनुपर्ने बताइन्। नगरले पहिलो चरणमा शहरी क्षेत्रको अतिक्रमण हटाउन शुरु गरेको छ भने दोस्रो चरणमा सार्वजनिक जग्गा अतिक्रमणलाई रोक्ने र संरक्षण गर्ने बताएको छ।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६५३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

ममहाउस खानबस्न सुविधा रु. १५०००/- ममिस्त्री कुक वेटर मसाल्ची
**९८४१३२३४६५**

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान–दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५–७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३६५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, फागुन
मंगलबार
२२

बैतडीको देहिमाण्डौं-गिरेगाडा सडकखण्ड ग्राबेल गरेको बखत काम गरेका २ सय मजदुरले १६ महिनासम्म पनि पारिश्रमिक नपाएको बताएका छन् ।उपभोक्ता समितिले पैसा नदिएको कामदारको गुनासो आइरहँदा उपभोक्ता समितिले भने रकम निकासा नभएको बताएको छ।

# नेपाल

# ठगी गर्ने ३ पक्राउ

यमलाल भुसाल, बुटवल

विगत केही समयदेखि देशका विभिन्न स्थानका सोझासाझा व्यक्तिलाई कौन बनेगा करोडपतिबाट भारतीय रुपियाँ २५ लाखको लक्की ड्र परेको छ भनी ठगी गर्ने ३ जनालाई रूपन्देही प्रहरीले पक्राउ गरेको छ।

लक्की ड्र मा परेको रकम भारतबाट नेपाल पठाउन बैंक सेक्युरिटीका लागि तत्काल रु. ६० हजार पठाउनुपर्छ भनि पीडित व्यक्तिहरूको मोबाइलमा इमोमार्फत जानकारी गराई मनि ट्रान्सफरबाट रकम पठाउन लगाएर ठगी गरेको भन्ने पीडितहरूको उजुरीको आधारमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

प्रहरीले रूपन्देही सियारी गाउँपालिका-१ बस्ने वर्ष २४ को अंगदकुमार यादव, लुम्बिनी सांस्कृतिक नगरपालिका-१ बस्ने वर्ष २४ को विराज भन्ने इवरार हुसेन शेष र मायादेवी गाउँपालिका-८ बस्ने वर्ष २५ को राधेश्याम कोइरीलाई पक्राउ गरी ठगी मुद्दामा कारबाही अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरी नायव उपरीक्षक डिल्लीनारायण पाण्डेले बताउनुभयो।

प्रनाउ पाण्डेका अनुसार ठगी प्रकरणका केही फरार व्यक्तिको




खोजी कार्य भइरहेको छ। पक्राउ परेका व्यक्तिहरूले बुर्तिवाङ बाग्लुङका नरवीर चलाउनेबाट ३० हजार ३ सय बर्दिवासका नवीनकुमार राउतबाट ३७ हजार ५ सय, अमरदहका वसन्तकुमार राजवंशीबाट ३० हजार, चावहिल काठमाडौंका टीकादेवी पुलामी मगरबाट ६० हजार ठगी गरेको प्रहरीले जनाएको छ।

त्यसै गरी गोरखाका लक्ष्मी सुनारबाट २५ हजार, स्याङ्जाका दीपक दर्जीबाट ३५ हजार, म्याग्दीका दुर्गा चोचाङबाट पटक-पटक गरी ७५ हजार, काठमाडौंका टोपिन्द्र प्रसादबाट ६० हजार, काठमाडौंका सुरेश रामबाट ३० हजार, सर्लाहीका मनीषा श्रेष्ठबाट ४० हजार, सिन्धुपाल्चोकका नुर्पु तामाङबाट ४४ हजार ७ सय, दानापुर कञ्चनका सविता थापाबाट २५ हजार र पर्वतका सुनीलबाट २१ हजार ७ सय गरी ५ लाख २२ हजार ४ सय ठगी गरेको प्रहरीले जनाएको छ।

# १६ महिनासम्म मजदुरले पारिश्रमिक पाएनन्

विनोदसिंह विष्ट, बैतडी

बैतडीको देहिमाण्डौं-गिरेगाडा सडकखण्ड ग्राबेल गरेको बखत काम गरेका २ सय मजदुरले १९ महिनासम्म पनि पारिश्रमिक नपाएको बताएका छन्। गत २०७३ असार र साउन महिनामा सो सडकमा ग्राबेलको काम चलेको बेला काम गरेका कामदार र उधारो सामान दिएका व्यापारीहरूले आफूलाई दिन्छौं भनेको पैसा काम सकिएको १९ महिना बित्दासमेत नपाएको दशरथचन्द नगरपालिका-९ ग्वाल्लेकका देवीदत्त जोशीले बताउनुभयो। हामीले साउनको झरीमा भिजेर काम गर्‍यौं', उहाँले भन्नुभयो- 'काम सम्पन्न भयो तर पारिश्रमिक अझै पाएका छैनौं, हामी सडकमै काम गरेर गुजारा चलाउने मान्छे कसरी बालबच्चा पाल्ने कसरी छाक टार्ने, हामीलाई गुजारा गर्न समस्या भइरहेको छ।'

यस्तै ग्वाल्लेककै गणेशदत्त जोशीले आफू मलेसियामा काम गरिरहेको अवस्थामा केही दिनको बिदामा घर आउँदा सडकमा काम खुलेको भनी यतै बसेको र सडकमा काम गरेपछि पैसा नपाएकाले यता न उताको भएको बताउनुभयो। 'विदेशमा जसोतसो पसिना बगाइरहेको थिएँ, त्यहाँको काम पनि कष्टपूर्ण नै थियो, तर घर आएको बेला यतै सडकमा काम पाएँ। लगभग दिनको काम गरेको ज्याला पाइने भइयो भनेर काम गरें तर काम गरेको पारिश्रमिक पाइएन', उहाँले भन्नुभयो- 'यता न उताको भएँ, अब के गरुँ दुई वर्ष पुग्न लाग्यो घरमै बेरोजगार बसेको छु, हामी कामदारले ज्याला नपाएपछि कसरी घर खर्च चलाउनु।'

उपभोक्ता समितिले पैसा नदिएको कामदारको गुनासो आइरहँदा उपभोक्ता समितिले भने रकम निकासा नभएको बताएको छ। सुरेन्द्र बोहराको अध्यक्षतामा रहेको उपभोक्ता



समितिको खाता मा हालसम्म ८ लाख रुपियाँ मात्रै आएको बताउनुभयो। सडक ग्राबेलका लागि सम्झौता भएको जम्मा रकम ३७ लाख ७१ हजार १ सय ३५ रुपियाँ ४८ पैसामध्ये ३० लाख रुपियाँ उपभोक्ता समितिले पाउने र बाँकी ७ लाख ७१ हजार बराबरको नागरिकले श्रमदान गर्ने सहमति भएको र हालसम्म २०७३ असोजमा पहिलो किस्ताबापत ८ लाख रुपियाँ प्राप्त गरेर केही कामदारलाई वितरण गरेको अध्यक्ष बोहराले बताउनुभयो।

विविध कारणले सडक बोर्डबाटै रकम निकासा नहुँदा आफूहरूले कामदारलाई पारिश्रमिक दिन नपाएको र पारिश्रमिक नदिएका कारण गाउँका मान्छे आफूहरूसँग बोल्नै छाडेको उपभोक्ता समितिका कोषाध्यक्ष बलदेव जोसीले बताउनुभयो। 'मसँग गाउँलेले राम्रो व्यवहार गर्न छाडेका छन्, म स्थानीय तहको चुनावमा वडा सदस्यमा लडेको थिएँ। गाउँलेले पैसा खायौ भनेर भोट पनि दिएनन्', उहाँले भन्नुभयो- 'मलाई चुनाव नै हराइदिए, पहिला सबैसँग राम्रो सम्बन्ध थियो, अहिले सबैसँग सम्बन्धसमेत बिग्रन थाल्यो। हामीलाई पैसा खायो भन्छन्। पैसा नै आएको छै त कहाँबाट पैसा खानु, जिल्लाबाट हाम्रो उपभोक्ता समितिको खातामा पैसा नआएको कुरा हालैमात्रै गाउँलेलाई थाहा भयो र अहिले उनीहरू पनि जसोतसो सहेर बसेका छन्।'

देहिमाण्डौं-ग्वाल्लेक सडक ग्राबेल हुँदा २ सय बढी कामदारले काम गरेका थिए। जसमध्ये केही व्यक्तिले नार्गाजुन प्रहरी चौकीमा उजुरीसमेत दिएको हरिराम लोहारले बताउनुभयो। हामी मजदुरी गरेर छाक टार्ने मान्छे हौं', उहाँले भन्नुभयो- '२ महिनासम्म एकछाक खाना खाएर काम गरेका हौं, काम गरेको २ वर्ष पुग्न लाग्दासमेत पारिश्रमिक पाएका छैनौं। त्यसैले दुईपटक प्रहरी चौकीमासमेत निवेदन दियौं, पैसा जिल्लामा आएको रहेनछ। अहिलेसम्म पाएका छैनौं। १५ जनाले ७० हजार रुपियाँको काम गरेकोमा १५ हजार मात्रै पाएका छौं। अरू ५५ हजार बाँकी छ, कहिले पाइने हो थाहा छैन्। हाम्रो घरमा खानका लागि रासन पनि छैन। के गर्ने घर-परिवार कसरी पाल्ने भन्ने रातदिन चिन्ता भइरहन्छ। उधारो सामान किनेको पैसा तिर्न बाँकी छ। साहुले किचकिच गरिरहन्छन्।'

२०७३ साउन महिनामा काम सम्पन्न भए पनि अख्तियारमा मुद्दा परेकाले रकम निकासामा ढिलाइ भएको स्थानीय विकास अधिकारी खेमराज विष्टले बताउनुभयो। हामीले त्यो ठाउँमा प्राविधिक पठाएर काम भए नभएको हेर्न लगायौं, काम राम्रोसँग सम्पन्न भएको छ', उहाँले भन्नुभयो- 'कसले किन अख्तियारमा मुद्दा हाल्यो त्यो हामीलाई पनि थाहा भएन, योजनाको रकम रोकियो, कामदारले पारिश्रमिक पाएनन्। मलाई पनि दु:ख लागेको छ।'

तर, अहिले केही दिनअघि मात्रै सडक बोर्डबाट २० लाख रकम निकासा भएर उपभोक्ता समितिको खातामा जम्मा भइसकेको स्थानीय विकास अधिकारी विष्टले बताउनुभयो।

# हातमुख जोड्न अझै जाँतोकै भर

वीरबहादुर बम, मुगु

जिल्लाको सोरू गाउँपालिकालगायत हुम्ला जिल्लाको ओदानचुली गाउँपालिकाका बस्तीमा अन्न कुट्ने पिद्ने आधुनिक विधि अझै भित्रिएको छैन। पीठो पिस्ने मिल र परम्परागत पानीघट्टसमेत छैन।

बिहान बेलुकाको छाक जुटाउन सो क्षेत्रका स्थानीय अझै पनि ढुंगाको जाँतो घुमाएर पीठो पिस्ने गर्छन्। घरको अन्य कामबाट फुर्सद् निकालेर दैनिकजसो जाँदोमा अन्न पिस्नु उनीहरूको दैनिकी हो। कतै-कतै आधुनिक मिल बने पनि सबैको पहुँचमा छैन, भएका पनि बिग्रिएर थन्किएका छन्। सोरू गाउँपालिकाको भिईं, नार्थपु, जवलधारा, सोरूकोट, पुरुमुरुलगायतका एक दर्जनभन्दा बढी गाउँका बासिन्दा जाँतोमा अन्न पिसेर जीवन चलाउने गर्छन्।

सोरू गाउँपालिका-५ की धनलक्ष्मी शाही भन्नहुन्छ- 'जोंता (जाँतो) पिस्नको लागि २ घण्टासम्म खट्नुपर्छ, त्यसो नगरे पूरै परिवारलाई खुवाउन सकिँदैन, २ घण्टा जाँतो चलाउँदा पूरै थाकिन्छ।' सोरूलगायत आसपासका क्षेत्रमा कोदो, गहुँ, मकै जस्ता बाली बढी हुने भएकाले जाँतोको प्रयोग अनिवार्य भएको हो। अब भने सोलारसहितका विकल्पबाट परम्परागत विधि विस्थापित गर्दै महिलाको दैनिकी सहज गराउन जरुरी भएको सोरू गाउँपलिकाका अध्यक्ष्य लोकबहादुर शाही बताउनुहुन्छ।

अधिकांश समय जाँतो चलाउनमा बित्ने भएपछि सो क्षेत्रको साक्षारता दर पनि निकै कमजोर छ। महिला सामाजिक क्रियाकलापमा पनि निकै कमजोर छन्।

# पुल नहुँदाको जोखिम

नेपाल समाचारपत्र

पर्वत

वर्षौंदेखि साँघुरो र जोखिमयुक्त साँघुबाटै स्थानीय आउ-जाउ गर्छन्। स्कुले बालबालिका पनि यहींबाट हातखुट्टा टेकेर विद्यालय पुग्ने गरेका छन्। घाँसपात ओसार्न पनि उस्तै असहज अवस्था रहेको छ।

हिउँदमा खोलो सुक्दा खोलामै पसेर तर्न सकिन्छ तर बर्खामा खोलो उर्लिंदा भने निकै समस्या हुन्छ। यो कुनै दुर्गम गाउँको समस्या हैन। जिल्लाको कुस्मा नगरपालिका र फलेवास नगरपालिकाभित्रको सुगम ठाउँ सिमखेतको समस्या हो यो। कुस्मा नगरपालिका १० को पीपलटारी र फलेवास नगरपालिका-३ शंकरपोखरीको सीमाना सिमखेतस्थित मल्याङ्दीखोलामा पुल नहुँदा वर्षौंदेखि स्थानीय समस्या झेल्न बाध्य छन्।

खोलाको वारिपारि रहेका बस्तीका करिब २ सय घर-परिवारले पुल नहुँदा काठको मुढोबाट जोखिम मोलेर खोलो तर्दै आएका छन्। पुलको वारीका बासिन्दाको खेतीपाती पारि छ भने पारिका बासिन्दाको वारि छ। पुल नहुँदा खेतीपाती र मेलापात गर्नेहरूलाई निकै समस्या हुने गरेको स्थानीय हेमप्रसाद अधिकारीले बताए।

'स्कुल जाँदै गरेकी हाम्रै गाउँकी बलबहादुर विककी छोरी ३/४ वर्षअगाडि खसेर वितिन', अधिकारीले भने- 'बच्चालाई एक्लै पठाउँदा पुलबाट खस्ने हुन् कि भन्ने त्रास हुन्छ।' उनले भने- 'न समाउने डाली न टेक्ने हाँगो भने जस्तै यो साँघुबाट ज्यान हत्केलामा राखेर हिँडिरहेका छौं।'

७० वर्षीय गुमादेवी अधिकारीले आफू जान्ने भएदेखि यसरी नै जोखिम मोलेर खोलो तर्ने गरेको बताए। 'पारि खेत छ वारिबाट मेलापात जान समस्या हुने गर्छ' -उनले भने। उनले आफ्ना हलगोरु खोलाले बगाएको पनि सम्झिनुभयो। यहाँ राखिएको मुढा बर्सेनि खोलामा आउने बाढीले बगाउने गरेको छ। 'बर्खामा बर्सेनि मुढा खोलाले बगाउँदा समस्या हुने गर्छ।'

क्रिकेट खेलाडी संघ नेपाल
CPAN
**वार्षिक साधारणसभा हुनेबारे सूचना**

यस क्रिकेट खेलाडी संघ नेपालको कार्यसमितिको मिति २०७४ फागुन १० गते बसेको बैठकको निर्णयअनुसार यस संस्थाको तेस्रो वार्षिक साधारणसभा यही मिति २०७४ चैत ११ गते आइतबारका दिन त्रि.वि. क्रिकेट मैदानमा हुने भएकाले यस संघका हालका सदस्यहरू तथा योग्यता पुगेका नयाँ हुन चाहने सदस्यहरूमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै, यस संघका सम्पूर्ण सदस्यहरूमा यस संघको website www.thecpan.com मा गई आफ्नो सदस्यता online रजिस्टर गर्नुहुन अनुरोध गर्दछौं। नयाँ सदस्यहरूको हकमा, सदयता शुल्क यस संघको Century Commercial Bank Ltd. को खाता नम्बर 010002529CA मा सदस्यता शुल्कबापत रु. ५०० र वार्षिक शुल्कबापत रु. २५००।- जम्मा गरी भौचरको प्रतिलिपि उपलब्ध गराउन अनुरोध गर्दछौं।

**साधारणसभासम्बन्धी जानकारी**
**मिति : २०७४।१२।११ आइतबार समय : बिहान ११ बजेदेखि स्थान : त्रि.वि. क्रिकेट मैदान**

**मुद्दा नं. :२७-०७४-००९९ फांट नं. ६**
**मोरङ जिल्ला अदालतबाट जारी भएको जंगबहादुर राईको छोरी प्रेमकुमार राईकी पत्नी जिल्ला भोजपुर साविक तिवारी भञ्ज्याङ ८ हाल परिवर्तित पौवादुङ्मा गाउँपालिका वडा नं. २ बस्ने रन्जुदेवी राईका नाउँको ३० दिने म्याद** ..........................१

वादी जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. ९ डाँगिहाट मंगलबारे टोल बस्ने सुरेश राई प्रतिवादी जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. ९ मंगलबारे टोल घर भई हाल जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. ११ जोरसखुवा छेउ काका दिपेन्द्र राईको घरमा बस्ने मनकुमारी राईसमेत भएको **लिखत बदर दर्ता बदर दर्ता कायम मुद्दा**मा तपाईंको नाउँको म्याद बेपत्ते तामेल भई आएकाले मिति २०७४।११।१६ का आदेशानुसार अ.वं. १०२ नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२ (क) नं. बमोजिम तपाईंको नाउँमा म्याद सूचना प्रकाशित गरिएको छ। यो म्याद सूचना प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक ३० दिनभित्र आफ्नो सवुत प्रमाण लिई अदालत खुलेको समयमा आफैं तथा कानुनबमोजिमको प्रतिनिधि वा कानुन व्यवसायी मार्फत हाजिर हुन आउनुहोला। पछि तपाईंको उजुर लाग्ने छैन।
इति सम्वत् २०७४ साल फागुन २० गते रोज १ शुभम् ............ ।

# डोटी कारागारका कैदीको आन्दोलन स्थगित

डोटी, (नेस)

प्रहरी प्रशासनले असहयोग गरेको भन्दै ६ दिनदेखि आन्दोलित डोटी कारागारका कैदी बन्दीले सोमबार आफ्नो आन्दोलन स्थगित गरेका छन्। आफूले दैनिक पाउँदै गरेको सिदा, लुगा भत्तामा कारागार प्रशासनले घोटाला गरेको, कारागारका कैदीलाई दिइने उपचार सेवामा नक्कली बिल बनाई कारागार प्रशासनले रकम लिएको, कैदी बन्दीको हटलाइन पाइप काटी प्रहरीले आफू प्रयोग गरेको भन्ने जस्ता ५ बुँदे माग राखी डोटी कारागारका कैदीबन्दी विगत ६ दिनदेखि आन्दोलनमा उत्रिएका थिए।

कारागारमा रहेका कैदीबन्दीलाई प्रहरी तथा कारागार प्रशासनले असहयोग गरेका कारण आफूहरू आन्दोलित भएको कारागारमा कर्तव्य ज्यानको मुद्दामा सजाय भोगिरहेका कैदीबन्दी दीपेन्द्र जेठाराले बताउनुभयो। उहाँले भन्नुभयो- 'कारागार प्रशासन र प्रहरीले हामीलाई मानसिक तनाव दिएका कारण हामी आन्दोलन गर्न बाध्य भयौं। हाम्रो सिदामा घोटाला गरियो, कैदीले शान्त वातावरणमा बस्न पाउनुपर्‍यो।' उता कारागार प्रशासनले आफूहरूले कैदीबन्दिलाई कुनै किसिमको मानसिक तनाव नदिएको दाबी गरेको छ।

कैदीले राखेका माग पूर्णरूपमा पालना गर्ने कारागार प्रशासन तथा कैदीबन्दी बीच सोमबार लिखित सहमति भएपछि कैदीले आफूले गर्दै आएको आन्दोलन स्थगित गरेका हुन्। प्रहरी प्रशासनबाट असहयोग भयो भन्दै कारागारका ३० जना कैदीबन्दीले सोमबार दिनभरि खाना नखाई आन्दोलनमा उत्रिएका थिए।

# ४५ थान लागूऔषधसहित एक पक्राउ

भद्रपुर, (नेस)

नेपालमा प्रतिबन्धित ४५ थान लागुऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेकोछ। झापा भद्रपुर नगरपालिका ७ का ४५ वर्षिय सुरेश मुखियालाई लागु औषधसहित पक्राउ गरिएको वडा प्रहरी कार्यालय भद्रपुरले जनाएको छ।

भारतवाट लागुऔषध लिएर नेपाल आउदै गरेको अवस्थामा वडा प्रहरीले स्थापना गरेको भद्रपुर ५ स्थित मेचीकिनार चेक पोष्टवाट चेकजाँचको क्रममा लागुऔषध बरामद गरिएको वडा प्रहरी कार्यालय भद्रपुरका इन्सपेक्टर प्रकाश जवेगुले बताए। मुखियामाथि शंकालागि चेकजाँच गर्दा १५ थान डाइजेपाम,१५ थान नरफिन र १५ थान फेनारगन बरामद गरिएको इन्सपेक्टर जवेगुले जनाए। घट्नापछि मुखियालाइ पक्राउ गरि आवश्यक कार्वाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको उनको भनाइ छ।

# 'प्रदेश-७ आत्मनिर्भर बन्छ'

नेपाल समाचारपत्र

बैतडी

प्रदेश नम्बर ७ का उद्योग पर्यटन वन तथा वातावरणमन्त्री माया भट्टले उद्योगको स्थापना गरी नागरिकलाई आत्मनिर्भर बनाउनेतर्फ प्रदेश सरकार अगाडि बढ्ने बताउनुभएको छ। प्रेस चौतारी नेपाल जिल्ला शाखा बैतडीले सदरमुकाममा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै मन्त्री भट्टले विकास निर्माणका लागि बैतडीमै प्रचुर सम्भावना रहेको बताउनुभयो।

सरकारले चाहेमा स-साना उद्योगबाट जनतालाई आत्मनिर्भर बनाउन सकिनेमा मन्त्री भट्टले जोड दिनुभयो। आफूसँग उद्योग मन्त्रालयको जिम्मा भएकाले किसानलाई आत्मनिर्भर बनाउन तरकारी, फलफूल प्रशोधन गर्नेलगायतका योजना तयार गरिने बताउनुभयो। यसका साथै पर्यटन क्षेत्रको विकासका लागि पनि आफ्नो ध्यान जाने बताउनुभयो।

आफूले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको जिम्मवारी सम्हाले पनि आफू सांसदको नाताले विकास निर्माणका विभिन्न आयोजना सम्पन्न गर्नका लागि पहल गर्ने बताउनुभयो। विकास निर्माणका विभिन्न योजना तयार गरी कार्यान्वयन गर्ने बताउँदै उहाँले बैतडीमा रहेका राष्ट्रिय गौरवका आयोजनालाई सम्पन्न गर्न पहल गर्ने बताउनुभयो।

आफू महिला मन्त्री भएकाले महिलाले तपाईंबाट के आशा गर्ने? भन्ने पत्रकारहरूको सवालमा मन्त्री भट्टले महिला र गरिब नागरिकको समस्यालाई ध्यानमा राखेर योजना तयार गरिने बताउनुभयो।

नेकपा एमालेकी प्रदेश कमिटी सदस्य तथा अखिल नेपाल महिला संघकी केन्द्रीय सचिवालय सदस्यसमेत रहेकी उद्योग पर्यटन वन तथा वातावरणमन्त्री माया भट्टले आगामी दिनमा जनताको बीचमा रहेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

**करारनामा बदर गरेको सूचना ।**

रामनाथको नाती छत्रबहादुर खत्रीको छोरा ललितपुर जिल्ला ल.पु.उ.न.पा. वडा नं. ५ परिवर्तित ल.पु.म.न.पा. वडा नं. ५ बस्ने बर्ष ७३ को मुकुन्द खत्री समेत जना ५ प्रथम पक्ष र बीरमानको नातीनी चन्द्रमानको छोरी जिल्ला सुनसरी धरान न.पा. वडा नं. ६ को परिवर्तित धरान उपमहानगरपालिका भै हाल का.जि.का.म.न.पा. वडा नं. ७ बस्ने वर्ष ६३ की भूवनेश्वरी ताम्राकार १ र श्रीप्रसादको बुहारी अर्जुनको श्रीमती कास्की जिल्ला पोखरा उप.म.न.पा. वडा नं. ८ को परिवर्तित पोखरा लेखनाथ महानगरपालिका बस्ने वर्ष ६३ की गौरी गुरुङ १ समेत जना २ दोश्रो पक्ष भै भक्तपुर जिल्ला लोकन्थली मौजा ल.न. ५१६ र ५१८ बाट भिडी दर्ता हुने जग्गा भक्तपुर जिल्ला दिव्यश्वरी वडा नं. ३(क) र ऐ.जि. बालकोट वडा नं. १ अन्तरगतका कित्ता जग्गाहरु दर्ता ना.सा. गर्ने प्रयोजनका लागी मालपोत कार्यालय भक्तपुरमा र.नं. २७६५/ङ मिति २०६९/३/१ र सो भन्दा पछि भएका सम्पुर्ण करारनामा र लिखितका शर्त बमोजिम दोश्रो पक्षहरुले आजका मितिसम्म कुनै पनि कार्य नगरेको हुदा आजकै मितिबाट विभिन्न मितिमा गरेका लिखितहरु प्रथम पक्षबाट बदर गरिएको छ। सो को प्रयोजनार्थ करार ऐन २०५६ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म:
२००९/०४/१४

स्वर्गारोहण:
२०७४/११/१०

स्व. महेश्वर बोहरा

यस कार्यालयका कम्प्युटर इञ्जिनियर श्री ज्ञानेश्वर बोहराका पूजनीय पिता महेश्वर बोहराको असामयीक स्वर्गारोहण भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्नसक्ने शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र परिवार**
सिंहदरबार, काठमाडौं ।

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
इलेक्ट्रोमेकानिकल विभाग
**प्रधान कार्यालय, बबरमहल, काठमाडौंको**

**M/S Associate Enterprises प्रा.लि.को बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

सूचना प्रकाशित मिति : २०७४/१०/२२

यस विभागको लागि "The Supply, Delivery, Installation and Testing of Diesel generator(s), ATS and AMF panel for CAAN, Package C" NCB-01-EMD-074/75 सम्बन्धी मिति २०७४/०९/०३ गते काठमाडौं पोष्ट दैनिकमा प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा M/S Associate Enterprises बाट पेश भएको मू.अ.कर बाहेक रु.९६,७७,२९३।८१ पैसा मात्र को बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) मा भएको व्यवस्था बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

(सि.नं. १०५) मु.नं. ०७४-pc-१०४२ (मुद्दा शाखा १ नं.)

**काठमाडौं जिल्ला अदालतबाट जारी भएको तपसिलमा उल्लेखित प्रतिवादीहरूको नामको ३० दिने म्याद ।**

उप्रान्त बादी जानकी कुमारी शर्माले तपाईहरू समेत उपर ०७४-pc-१०४२ नं.को करकाप मुद्दा यस अदालतमा मिति २०७४/५/२७ मा दर्ता गरी तपाईको नाममा ३० दिने म्याद जरी गरी पठाएकोमा उक्त म्याद बेपत्ते तामेल भई आएकोले तपाईको नाममा जिल्ला अदालत नियमावली २०५२ को नियम २२क नं. बमोजिम यो सूचना म्याद प्रकाशित गरिएको छ। यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० दिन भित्र यस अदालतमा आफै वा वारेस मार्फत प्रतिउत्तर पत्र लिई आउनु होला नआई बसे मुद्दा कानून बमोजिम भै जाने छ। पछि तपाईको उजुर लाग्ने छैन।

**तपसिल**

१) धनकुटा जिल्ला चुङवाङ गा.वि.स. वडा नं. २ को हाल परिवर्तित धनकुटा जिल्ला पाखिवास नगरपालिका वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने विरेन्द्र घिसिङ्ग .............१
२) धनकुटा जिल्ला चुङवाङ गा.वि.स. वडा नं. २ को हाल परिवर्तित धनकुटा जिल्ला पाखिवास नगरपालिका वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने जीवन घिसिङ्ग ..............१
३) दाङ जिल्ला हंसपुर गा.वि.स. वडा नं. ४ बंगलाचुली गाउँपालिका वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने पदम वली ..........................................१
४) झापा जिल्ला घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने पूर्ण राजवंशी ......................................१
५) मकवानपुर जिल्ला फापरवारी गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित वागमती गाउँपालिका वडा नं. ८ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने अर्जुन नेगी ..............................१
६) दोलखा जिल्ला जिरी गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित जिरी नगरपालिका वडा नं. ८ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने काजी बहादुर जिरेल ......................................१
७) मकवानपुर जिल्ला छतिवन गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित वकैया गाउँपालिका वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने भिमसेन बजगाई......................................१
८) सल्यान जिल्ला काँडागिँट्टी गा.वि.स. वडा नं. ७ को हाल परिवर्तित त्रिवेणी गाउँपालिका वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने पूर्ण बहादुर पुन ......................................१
९) लमजुङ्ग जिल्ला घेर्मु गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित मर्स्याङदी गाउँपालिका वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३ बस्ने तेज बहादुर गुरुङ्ग......................................१
१०) लमजुङ्ग जिल्ला बाहुनडाँडा गा.वि.स. वडा नं. ३ को परिवर्तित मर्स्याङदी गाउँपालिका वडा नं. ६ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने कनार गुरुङ्ग......................................१
११) लमजुङ्ग जिल्ला घेर्मु गा.वि.स. वडा नं. १ को हाल परिवर्तित मर्स्याङदी गाउँपालिका वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने मुकेश घले......................................१

ईति सम्वत् २०७४ साल पौष १८ गते रोज ३ शुमभ्......................................

# विश्व

## सुधार सम्बन्ध

उत्तर कोरिया प्रस्थान गर्नुअगाडि दक्षिण कोरियाको सिओंगनाम सैन्य हवाई अड्डामा तस्वीर खिचाउँदै दक्षिण कोरियाली प्रतिनिधि।




## कीर्तिमानी ब्याग

ह्वाइट गोल्ड र हीरा जडित लेडिज ब्याग हिमालय बिर्किन। उक्त ब्याग कीर्तिमान मूल्य २७ लाख ९ हजार पाउन्डमा विक्री भएको छ।






**विश्व २ मिनेट**

### अमेरिका

#### रुसमाथि कडा आरोप

वासिङ्टन, (एजेन्सी)

सिरियाको पूर्वी गौउटा क्षेत्रमाथि कब्जा गर्ने क्रममा सर्वसाधारणको मृत्युमा मस्को भूमिकालाई लिएर कडा आरोप लगाएको छ। रुसको लडाकू विमान राष्ट्र संघको युद्धविरामको बेवास्ता गर्दै बमबारी मिसनका लागि उडान भरिरहेको वासिङ्टनको आरोप छ। रुसी लडाकू विमानले सिरियाको हुमायमिम हवाई अड्डाबाट उडान भरेको ह्वाइट हाउसले जनाएको छ। फेब्रुअरी २४ देखि २८ बीचमा दैनिक कम्तीमा २० बमबारी अभियानअन्तर्गत पूर्वी गौउटामा उडान भरेको आरोप लगाए। रुसी विमानहरूको उडान मार्ग पहिल्याउन अमेरिकी राडारलाई कठिन भएको पनि ह्वाइट हाउसले जनाएको छ।

### चीन

#### अमेरिकालाई चेतावनी

बेइजिङ, (एजेन्सी)

अमेरिकाले चीनबाट आयात हुने स्टिल र एल्म्युनियममाथि व्यापार कर बढाएकोमा बेइजिङले चेतावनी दिएको छ। आफू अमेरिकासँग व्यापार युद्ध नचाहेको तर उसको अर्थव्यवस्थालाई नोक्सान पुगेमा मौन नबस्ने जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कर वृद्धि गर्ने घोषणा गरेपछि उत्पन्न विवादमा चिनियाँ संसद्को प्रवक्ता झाङ युसुइले उक्त प्रतिक्रिया दिएका हुन्। यसअघि ट्रम्पले व्यापार युद्ध राम्रो भएको बताएका थिए। उक्त कदमलाई अमेरिकी व्यवसायी, आईएमएफ र डब्ल्यूटीओले कडा निन्दा गरेको छ। ट्रम्पले गलत नीतिका कारण हरेक वर्ष ८ सय अर्ब डलर घाटा भइरहेको र त्यसलाई समाप्त गर्ने प्रण गरेको बताएका थिए।

### चीन

#### खसेकी बच्चीको उद्धार

बेइजिङ, (एजेन्सी)

चीनमा एउटा भवनको चौथो तल्लाको झ्यालबाट खसेका एक बालकलाई बचाउने क्रममा टाउकोमा चोट लागेका एक ट्राफिक अधिकारीको अस्पतालमा उपचार भइरहेको सरकारी समाचार निकाय सिन्ह्वाले जनाएको छ। गुइझाओ प्रान्तको काइली शहरमा एक तीन वर्षीया बालिका एउटा अपार्टमेन्टको झ्यालमा चढिरहेको देख्नासाथ महिला ट्राफिक चेन झोङपिङले दौडेर उनलाई मद्दत गरेकी थिइन्। ती बच्चीकी बज्यैले उनलाई कोठामा थुनेर बाहिर गएकी थिइन्। ढोका खोल्न आउने मानिसको आवाज सुनेर तर्सेकी ती बच्ची झ्याल चढ्न पुगेकी थिइन्। बच्ची चेनको पाखुरामा खसेकी हुन्।

### नाइजर

#### भिडियो सार्वजनिक

नियामी, (एजेन्सी)

इस्लामिक स्टेटले गत अक्टोबरमा नाइजरमा एम्बुस थापेर चार अमेरिकी सैनिकलाई मारिएको भिडियो सोमबार सार्वजनिक गरेको छ। आईएसको आउटलेटले मेसेजिङ एप टेलेग्राममा सो भिडियो पोस्ट गर्न अहिलेसम्म किन ढिलो गरिएको भन्ने स्पष्ट हुन सकेको छैन। भिडियोमा मुख्यतया कोरा फुटेज रहेका छन्। सेनामध्ये एकजनाको हेल्मेटमा जडित क्यामेराबाट भिडियो खिचिएको जस्तो देखिन्छ। सो भिडियोले आक्रमण भने आईएसले नै गरेको पुष्टि गर्दछ। मारिनेमध्ये एककी पत्नीले राष्ट्रपति ट्रम्पले आफ्नो पतिले केका लागि उनलाई भर्ती गरिएको थाहा भएको भनी फोन गरेको बताएकी छिन्।

# चीनको रक्षा बजेटमा ८ प्रतिशतले वृद्धि



बेइजिङ, (एजेन्सी)

चीनले नयाँ आर्थिक वर्षमा रक्षा बजेट ८ दशमलव १ प्रतिशतले वृद्धि गर्दै ११ खर्ब युआन अर्थात् १ खर्ब ७३ अर्ब डलर पुऱ्याएको छ। यस वर्ष चीनले देशमै निर्मित दास्रो विमानवाहक युद्धपोत थप्ने, उसको वायु सेनामा स्टिल्थ युद्धकविमानबाट लैस गर्ने भएको छ। त्यसैगरी हवाई तथा समुद्रमा अत्यधिक दूरीसम्म निसाना बनाउन सक्षम अत्याधुनिक क्षेप्यास्त्र तैनाथ गर्ने पनि तयारीमा रहेको छ।

उक्त बजेट आँकडा सोमबार नेसनल पिपल्स कंग्रेसको बैठक सत्रमा सार्वजनिक गरेको हो। यो वृद्धि दर गतवर्षको भन्दा धेरै हो। गतवर्ष रक्षा बजेटमा ७ प्रतिशतले वृद्धि भई १ खर्ब ५१ अर्ब डलर पुगेको अर्थ मन्त्रालयका अधिकारीहरूले बताए।

वर्षौंसम्म दुई अंकको वृद्धिदर हासिल गरेको चीनको यो अमेरिकापछिको विश्वकै दोस्रो ठूलो रक्षा बजेट हो। अमेरिकाले अर्को वर्षका लागि ७ खर्ब १६ अर्ब डलर रक्षा बजेट प्रस्ताव गरेको छ।

'हामी हाम्रा सशस्त्र बलको मजबुती, सैन्य तालिम र युद्ध तयारीमा सबै पक्षबाट अत्याधुनिक बन्न चिनियाँपथमा अडिग रहनेछौं।' -ग्रेट हल अफ पिपुलमा उपस्थित करिब ३ हजार प्रतिनिधिसमक्ष एक प्रतिवेदन पढ्ने क्रममा प्रधानमन्त्री ली केकियाङले बताए।

सशस्त्र बल राष्ट्रिय सम्प्रभुता, सुरक्षा तथा विकासका चासोहरूको दृढतापूर्वक रक्षा गरिरहने लीले बताए। चीन सैन्य जवानको संख्या आधारमा विश्वकै सबैभन्दा ठूलो सेना भएको राष्ट्र हो। तर लीले सशस्त्र बलमा ३ हजार सैनिक कटौती गर्दै आकार सानो गर्ने लक्ष्यलाई आधारभूत रूपमा पूरा गरेको पनि बताए। अब चीनको पिपुल्स लिबरेसन आर्मीसँग २० लाख सैनिक बाँकी रहेको छ।

तर चीनको रक्षा खर्च जीडीपीको हिस्साका आधारमा अन्य प्रमुख देशहरूको तुलनामा अझै कम भएको विधायकका लागि प्रवक्ता झाङ यसुइले बताए। यस वर्षको रक्षा बजेट गतवर्षको कुल गार्हस्थ्य उत्पादन १२४ खर्ब डलरको १ दशमलव ३ प्रतिशत मात्र हुन आउँछ।

विश्लेषकहरू सार्वजनिक रुपमा घोषणा गरिएको रक्षा खर्च पूर्ण तवरले सही नभएको बताउँछन्। रक्षा संयन्त्र परियोजनाका आधारमा उल्लेखनीय गोप्य खर्च हुने गरेको उनीहरूको धारणा छ।

केही विश्लेषकहरूले चीनको रक्षा बजेट वृद्धिले क्षेत्रीय असन्तुलन बढाएको बताएका छन्। चीनका छिमेकी भारले आफ्नो ताजा बजेटमा रक्षा क्षेत्रमा ४६ अर्ब डलर छुट्याएको छ। भारतको तुलनामा चीनको रक्षा खर्च अत्यन्तै धेरै हो। हालैमात्र इन्टरनेसनल इन्स्टिच्युट अफ स्ट्रेटेजिक स्टडिज, आईआईएसएसका विशेषज्ञहरूले अब अमेरिकी सेनाले रुससँग नभएर चीनसँग स्पर्धा गर्नुपर्ने जनाएको थियो। विशेष गरी समुद्र र आकाशमा चीनका नौसैनिक तथा वायुसेना अमेरिकालाई टक्कर दिन तयार रहेको उक्त संस्थाले जारी गरेको प्रतिवेदनमा उल्लखे गरिएको बताए।

चीनले अर्को दुईवटा विमानवाहक पोत निर्माण गर्ने सोचमा रहेको विज्ञहरूले बताएका छन्। यसबाहेक नयाँ लडाकू विमान तथा स्टिल्थ फाइटर जे-२० लाई पनि आफ्नो सेनामा संलग्न गराउने तयारी छ।

चीनको सरकारी सञ्चारमाध्यमले गत दुई वर्षमा रक्षा बजेटमा वृद्धि जारी रहेको जनाएको छ। प्रधानमन्त्री लीले सन् २०१८ को लक्ष्य आर्थिक वृद्धिदर ६ दशमलव ५ प्रतिशत राखिएको पनि जानकारी दिए। यो सन् २०१७ को ६ दशमलव ९ प्रतिशत आर्थिक वृद्धिको तुलनामा कम हो।

# राष्ट्रपतिको दुई कार्यकाल सीमा समाप्त

बेइजिङ, (एजेन्सी)

चीनको संसद् नेसनल पिपल्स कंग्रेसले राष्ट्रपति सी जिनपिङलाई सोमबार विश्व तथा एसियाका महाशक्ति देशका सर्वोच्च पदमा आजीवन बस्न दिने संविधान संशोधनलाई अनुमोदन गरेको छ। राष्ट्रपतिलाई आजीवन पदमा रहन पाउने व्यवस्था गर्ने उक्त योजनालाई चिनियाँ विधायकहरूले कर्तलध्वनिले स्वागत गरेका थिए।

बेइजिङस्थित ग्रेट हल अफ द पिपलमा रबर स्ट्याम्प मानिने संसद्को वार्षिक सत्रले सीलाई माओत्सेतुङपछिको सबैभन्दा शक्तिशाली नेता बनाउँदै छ। यसले शक्तिशाली बन्दै गइरहेको सेना, अर्थतन्त्र र राज्यको बागडोर एक व्यक्तिको हातमा निहित गर्नेछ।

प्रायः पुरुष पार्टी नेताहरूको वर्चस्व रहेको स्टेजमा कालो सुटमा बसेका सीसमक्ष राष्ट्रपतिको दुई कार्यकालको व्यवस्था समाप्त गर्ने संवैधानिक संशोधनको प्रस्ताव पढेर सुनाएछि बैठकहल तालीले गुन्जायमान बनेको थियो।

उक्त संशोधन प्रधानमन्त्री ली केकियाङले पढेर सुनाएका थिए। उनले आर्थिक जोखिम, गरिबी र प्रदूषणविरुद्ध देशले लड्नुपर्ने 'तीन गम्भीर युद्ध' भएको प्रतिवेदनमा उल्लेख गरेका थिए। संशोधन प्रस्तावमा राष्ट्रिय एकीकृत नेतृत्व प्रणालीलाई सुदृढ तथा सुधार गर्नका लागि कमरेड सी जिनपिङ सीसीपी सेन्ट्रल कमिटीको अधिकारीसँगै एकीकृत नेतृत्वको सुरक्षाका लागि अनुकूल हुने उल्लेख गरेको छ।



# भियतनाममा अमेरिकी युद्धपोत

हनोइ, (एजेन्सी)

अमेरिकाको विमानवाहक युद्धपोत कार्ल भिन्सेन भियतनामतर्फ प्रस्थान गरेको छ। भियतनाम युद्धपछि पहिलो पटक यत्रो ठूलो आकारको जहाज भियतनाम पुगेको हो। आणविक शक्तिबाट चल्ने यो जहाज भियतनामको बन्दरगाह शहर दानाँग पुगेको हो।

यो निकै ऐतिहासिक र प्रतीकात्मक स्थान हो। भियतनाम युद्धको दौरान अमेरिकी फौज पहिलोचोटि त्यहाँ अवतरण भएको थियो। दुई राष्ट्रबीचको बढ्दो सैनिक सम्बन्धलाई प्रदर्शन गर्ने उद्देश्यले यो युद्धपोत त्यहाँ पुगेको हो।

तर अन्तर्राष्ट्रिय राजनीतिक विश्लेषकहरूले विवादास्पद दक्षिण चीन सागरमा आफ्नो वर्चस्व बढाउँदै गइरहेको चीनलाई सन्देश दिने अर्थमा अमेरिकाको यो युद्धपोत त्यहाँ पुगेको अनुमान गरेका छन्।

गत वर्षको तुलनामा चीनले रक्षा बजेटमा ८ प्रतिशतले वृद्धि गरी ११ खर्ब र १० अर्ब युवान पुऱ्याएकैबेला अमेरिकी युद्धपोत भियतनाम पुगेको हो। चीनले दक्षिण चीन सागरको झन्डै सम्पूर्ण क्षेत्रको स्वामित्व दाबी गर्दै आएको छ।



# किम जोङद्वारा दक्षिण कोरियाली टोलीलाई रात्रिभोज

प्योङयाङ, (एजेन्सी)

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनले वरिष्ठ दक्षिण कोरियाली प्रतिनिधि मण्डलको सम्मानमा रात्रिभोजको आयोजना गरेका छन्। सन् २०११ मा किमले सत्ता सम्हालेयता पहिलो पटक सोलका अधिकारीहरूले उनीसँग भेट्न लागेका हुन्।

दक्षिण कोरियाली राष्ट्रपति कार्यालय ब्ल्यु हाउसले हिजो सो टाली प्योङयाङ पुगेको केही समयपछि नै तिनीहरूको किमसँग भेटघाट गर्ने कार्यक्रम रहेको पुष्टि गरेको छ।

प्योङयाङ पुगेको दस सदस्यीय प्रतिनिधि मण्डलको केही हदसम्म उत्तर कोरिया र संयुक्त राज्य अमेरिकाबीच पुनः वार्ता शुरू गराउने लक्ष्य पनि रहेको छ। दुई कोरियाबीचको सम्बन्ध गत महिना दक्षिण कोरियामा भएको हिउँदे ओलम्पिक्सदेखि न्यानो हुन थालेको हो।



अप्रत्यासित कदमका रूपमा दक्षिण कोरियाली प्रतिनिधि मण्डलमा दुईजना मन्त्रीस्तरीय दूत, गुप्तचर सेवा प्रमुख सुह हुन र राष्ट्रिय सुरक्षा सल्लाहकार चुँग इउइ-योङ पनि सरिक रहेका छन्। उत्तर कोरियाको सरकारी रेडियोले यस प्रतिनिधि मण्डललाई उत्तर कोरियाका एकीकरण मन्त्री रि सोन-ग्वोनले स्वागत गरेको जनाएको छ।

हिउँदे ओलम्पिक्स शुरू हुनु केही साताअघि भएको दुई कोरियाली वार्तामा रिले नै उत्तर कोरियाली टोलीको नेतृत्व गरेका थिए। दुई दिने औपचारिक भ्रमणको क्रममा प्योङयाङ आइपुगेको यस दक्षिण कोरियाली टोलीले उत्तरको विवादास्पद आणविक हतियार कार्यक्रम बन्द गर्ने र अमेरिका तथा प्योङयाङबीच वार्ता शुरू गराउन आवशयक शर्तहरूमाथि आफ्नो ध्यान केन्द्रित गर्ने अनुमान गरिएको छ।

यसअघि आयोजित पत्रकार सम्मेलनमा चुँगले आफूले राष्ट्रपति मुन जाय इनको दक्षिण र उत्तरबीचको सम्बन्धमा सुधार ल्याउने र कोरियाली प्रायद्वीपलाई आणविकमुक्त क्षेत्र बनाउने प्रस्तावबारे किमलाई जानकारी गराउने बताएका थिए। साथै उनले उत्तर र अमेरिकाबीचको वार्ताको पुनः थालनीका लागि समेत गहन छलफल गर्ने आफ्नो योजना रहेको बताएका छन्।

गत नोभेम्बरमा पछिल्लो पटक लामो दूरीको अन्तर महादेशीय क्षेप्यास्त्र परीक्षण गरेको उत्तर कोरियामाथि संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले नाकाबन्दी लगाएको छ।

# संक्रमित मेवाबाट तीनको मृत्यु

सिड्नी, (एजेन्सी)

लिसेरिया नामक ब्याक्टेरिया संक्रमित मेवा खानाले अस्ट्रेलियामा मर्नेको संख्या ३ पुगेको छ। यस महामारीबाट १५ जना पाको उमेरका मानिसहरू संक्रमित भएका छन्। यो संक्रमण न्यु साउथ वेल्स राज्यको मेवा उत्पादन केन्द्रसँग सम्बन्धित रहेको सञ्चारमाध्यमले जनाएको छ।

यसअघि न्यु साउथ वेल्समा दुई जनाको ज्यान गएको थियो भने तेस्रो व्यक्तिको मृत्यु भिक्टोरिया राज्यमा भएको हो। बूढाबूढी, गर्भवती महिला र शिशुहरूलाई पहिल्यै काटिएको मेवा नखान चेतावनी दिइएको छ।

संक्रमणको शिकार भएका १५ जनाले बिरामी हुनुअघि त्यस्तै मेवा खाएका थिए। न्यु साउथ वेल्स स्वास्थ्य निकायको सरुवा रोग विभागका निर्देशक विकी सेप्पर्डले भनेका छन्- 'यस ब्याक्टेरियाको खतराबाट बच्नका लागि मानिसहरूले १ मार्चअगाडि खरिद गरिएको मेवा खानु हुन्न।'

न्यु साउथ वेल्सको ग्रिफिथ शहरनजिक एउटा फार्मको मेवा संक्रमित भएको पाइएको छ। जनवरीमा यो घटना देखापर्ना साथ अस्ट्रेलियाभरिकै सुपर मार्केटबाट हुने मेवा बिक्रीमाथि रोक लगाइएको छ।



आयोगले राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा भाग लिने उम्मेदवारको निर्वाचन प्रचार प्रसार खर्चको सीमा निर्धारण गरेको छ। सोअनुसार एक जना उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा बढीमा चार लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ।

# राष्ट्रपति निर्वाचनका लागि नामावली सार्वजनिक

काठमाडौं, (नेस)

राष्ट्रपति निर्वाचनका लागि निर्वाचन आयोगले मतदाता नामावली सार्वजनिक गरेको छ।

आयोगले वेबसाइटमार्फत राष्ट्रपति चुनावको मतदाता संघीय संसद् र प्रदेशसभा सदस्यको नामावली सार्वजनिक गरेको हो। संघीय संसद्का ३ सय ३१ र प्रदेशसभा संसदका ५ सय ४९ जना गरी राष्ट्रपति निर्वाचनमा ८ सय ८० जना मतदाता रहनुभएको छ। केपी शर्मा ओली नेतृत्वको सरकारले राष्ट्रियसभामा मनोनित गरेका ३ जना र मनाङबाट निर्वाचित प्रदेश सांसद राजीव गुरुङ (दीपक मनाङे)को नाम मतदाता नामावलीमा छैन। शेरबहादुर देउवा नेतृत्वको सरकारले मनोनित गरेका ३ जनाको नाम फिर्ता लिएर ओली सरकारले डा. युवराज खतिवडा, रामनारायण विडारी र विमला पौडेललाई राष्ट्रियसभामा मनोनितका लागि राष्ट्रपतिलाई सिफारिस गरेको थियो। राष्ट्रपतिबाट तीनै जनाको नाम स्वीकृत भए पनि देउवा सरकारबाट मनोनित ३ जनाले दायर गरेको रिटमा सर्वोच्च अदालतले मनोनित तीनै जनालाई शपथ नगराउन अन्तरिम आदेश दिएको थियो। त्यस्तै फौजदारी मुद्दामा दोषी ठहर भएका मनाङका प्रदेश सांसद दीपक मनाङे यसअघि राष्ट्रियसभा निर्वाचनका लागि भने मतदाता हुनुहुन्थ्यो। उहाँ मतदान गर्न जानुभएको थिएन। राष्ट्रपतिको निर्वाचन फागुन २९ गते काठमाडौंमा हुनेछ। संसद् भवन नयाँ वानेश्वरमा निर्वाचन अधिकृतको कार्यालय खुलिसकेको छ। राष्ट्रपति पदका लागि फागुन २३ गते उम्मेदवारी मनोनयनको कार्यतालिका छ।

आयोगले राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा भाग लिने उम्मेदवारको निर्वाचन प्रचार प्रसार खर्चको सीमा निर्धारण गरेको छ। सोअनुसार एक जना उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा बढीमा चार लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ।

## क्षेत्रीय...

नेपाल विकास र लोकतन्त्रलाई सुदृढीकरण गर्दै आर्थिक विकासको अभियानमा अघि बढिरहेको ओलीले अब्बासीलाई बताउनुभएको थियो। सो भेटवार्तामा अर्थमन्त्री युवराज खतिवडा, परराष्ट्र सचिव शंकर दास बैरागी, मुख्य सचिव लोकदर्शन रेग्मीलगायत सहभागी हुनुहुन्थ्यो।

भेटवार्तापछि प्रधानमन्त्री ओलीले अब्बासीको सम्मानमा आयोजना गर्नुभएको रात्री भोजमा पूर्वप्रधानमन्त्रीहरू लोकेन्द्रबहादुर चन्द, झलनाथ खनाल, माधवकुमार नेपाललगायत अन्य नेताहरू पनि सहभागी हुनुहुन्थ्यो। अब्बासीको अहिलेको भ्रमण मुख्यतया सार्कलाई प्रभावकारी बनाउने बारेमा केन्द्रित भएको पूर्वप्रधानमन्त्री चन्दले जानकारी दिनुभयो। 'क्षेत्रीय सहकार्यका लागि स्थापना भएको सार्कलाई थप प्रभाकारी बनाउन पाकिस्तानले चाहेको छ, यससँगै द्विपक्षीय सहयोग आदान-प्रदानका लागि पनि सो मुलुकको चासो हो।' -उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

अब्बासी ओली प्रधानमन्त्री भएपछि नेपाल भ्रमणमा आउने पहिलो विशिष्ट पाहुनासमेत हुनुहुन्छ। यसअघि गत माघ १८ गते भारतीय विदेश मन्त्री सुष्मा स्वराज नेपाल भ्रमणमा आएर ओलीलाई बधाई दिँदै नयाँ सरकारसँग निकट सम्बन्ध बढाउन छलफल गर्नुभएको थियो। अब्बासी सोमबार अपराह्न पाकिस्तानी सेनाको विशेष विमानबाट ३२ सदस्यीय टोलीसहित नेपाल आउनुभएको हो। उहाँलाई नेपाली सेनाले सैनिक मञ्च टुँडिखेलमा सम्मान गारथ 'गार्ड अफ अनर' दिएको छ। सोमबार साँझ पाकिस्तानी प्रधानमन्त्री अब्बासीलाई नेपाली सेनाको टुकडीले १९ तोपको सलामी दिएको हो।

यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा सेनाले विदेशी विशिष्ट पाहुनालाई त्यस्तो सम्मान दिने गर्थ्यो। त्रिभुवन विमानस्थलमा अब्बासीलाई अर्थ मन्त्री डा. खतिवडा, परराष्ट्र सचिव बैरागी, शिष्टाचार महापाल दीपक अधिकारीलगायतको टोलीले स्वागत गरेको थियो। परराष्ट्र मन्त्रालयका अनुसार पाकिस्तानी प्रधानमन्त्री अब्बासीले आज मंगलबार स्वदेश फर्कनुअघि राष्ट्रपति विद्यादेवी भण्डारीसँग शिष्टाचार भेटवार्ता गर्दै हुनुहुन्छ। उहाँले माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग पनि भेटवार्ता गर्ने बताइएको छ।

## संघीय...

**यादवको शपथ**

राष्ट्रिय जनता पार्टीका सांसद् महेन्द्र राय यादवले सोमबार सांसद पदको पद तथा गोपनीयताको शपथ खानुभएको छ। आइतबारको शपथग्रहणमा उहाँ अनुपस्थित हुनुहुन्थ्यो। नागरिकताअनुसार यादव जेष्ठ सदस्य देखिएकाले अप्ठेरो भएर उहाँ शपथमा आउनुभएको थिएन। नागरिकताअनुसार यादव ८० वर्षको देखिनुभएको थियो। प्रतिनिधिसभाका जेष्ठ सदस्य महन्थ ठाकुरले प्रतिनिधिसभाको र तारादेवी भट्टले राष्ट्रियसभाको अध्यक्षता गर्नुभएको छ। राष्ट्रियसभाको बैठक भने निर्धारित समयभन्दा केही ढिलो शुरू भएको थियो। राष्ट्रियसभामा पनि संघीय संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराई उपस्थित हुने भएपछि उहाँ प्रतिनिधिसभाको बैठक सकेपछि मात्र राष्ट्रियसभा जानुभएको थियो।

**राष्ट्रियसभामा यस्तो देखियो**

राष्ट्रियसभाको सभाकक्ष नयाँ बनाइएको छ। प्रतिनिधिसभाको बैठक पुरानै संविधानसभा कक्षमा सञ्चालन गरिएको छ। राष्ट्रियसभामा ३ तहका संरचना छन्। सभाकक्षको उत्तरपछि सरकार पक्षलाई छुट्याइएको छ। सांसद सदस्यको पछाडि विशिष्ट व्यक्तिहरू बस्ने ठाउँ छुट्याइएको छ। सोमबारको बैठकमा संसद् सचिवालयका कर्मचारी बसेका थिए। सबैभन्दा पछाडि पत्रकार र त्यसको दक्षिणपट्टि दर्शकका लागि स्थान व्यवस्थापन गरिएको छ। पारदर्शी बैठक कक्षमा बीचमा सिसाको बार लगाइएको छ।

सोमबारको बैठकमा अन्तरिम कार्यविधि पारित गर्न जेष्ठ सदस्य भट्टले हुन्छ भने हुन्छ भन्नेबित्तिकै सांसदले ठूलो स्वरमा हुन्छ भनेका थिए जबकि हुन्न भने हुन्न भन्नुहोस् भन्न बाँकी नै थियो।

भट्टले शहीदका नाममा मौनधारण गराएपछि 'धन्यवाद' नभनी बस्नुभएपछि सांसद, पत्रकार र दर्शकहरू छक्क परेका थिए। उहाँले आफू बसेको केही समयपछिमात्र चर्को स्वरमा धन्यवाद भन्नुभयो। चर्को र प्रस्ट स्वरकी भट्टले बैठक सञ्चालन गर्न खोज्दा उठ्नुभएको थियो भने सचिवालय कर्मचारीले उहाँलाई बस्न आग्रह गरेका थिए। भट्ट संसद्मा नयाँ हुनुहुन्छ। उता प्रतिनिधिसभाका जेष्ठ सदस्य ठाकुर सांसद र मन्त्रीसमेत भइसकेकाले उहाँलाई बैठक सञ्चालनमा खासै समस्या परेको थिएन। कर्मचारीले उहाँलाई पनि सघाउनुपरेको थियो।

## संसदीय...

गच्छदारको दल निर्वाचन अघिमात्र कांग्रेसमा समाहित भएको थियो।

संसदीय दलको विधानअनुसार नेताको अनुपस्थितिमा उपनेताले संसदीय दल र कार्यसमिति बैठकको अध्यक्षता गर्नेछन्। साथै नेताको अनुपस्थितिमा संसदीय दल र संसद्मा तत्काल गर्नुपर्ने कार्यका लागि उपनेताले संसदीय दलका अन्य पदाधिकारीसँग समन्वय गरी आवश्यक निर्णय गर्ने अधिकार उपनेतालाई दिइएको छ। नेतामाथिको अविश्वास प्रस्तावमा छलफल र निर्णय हुने बैठकको अध्यक्षता पनि उपनेताले गर्ने विधानमा उल्लेख छ।

सभापति देउवा दलको नेतामा निर्वाचित भएसँगै प्रमुख सचेतक को बन्ने भन्ने चर्चा चल्न थालेको छ। देउवाले भने मुख्य सचेतक पनि छिट्टै मनोनित गर्ने बताउनुभएको छ। दलको नेतामा निर्वाचित भएलगत्तै सभापति देउवाले संसदीय दलको बैठक राख्नुभएको थियो। बैठकमा निर्वाचनमा भाग लिने सबै मतदातालाई धन्यवाद दिँदै उहाँले संसदीय दलका सदस्यहरूलाई अध्ययनशील बन्न र सदनमा प्रभावकारी भूमिका निभाउन निर्देशन दिनुभएको थियो।

संसदीय दलका सदस्य मीन विश्कर्माले जानकारी दिए अनुसार बैठकमा दलका नेता देउवाले आफ्ना सबै सदस्यहरूलाई संसद्मा प्रभावकारी रूपमा रचनात्मक भूमिका निर्वाह गर्न निर्देशन दिनुभएको थियो। साथै उहाँले सबै सदस्यहरूलाई संसद् बैठकमा नियमित उपस्थित हुन पनि निर्देशन दिनुभएको थियो।

कांग्रेस संसदीय दलको विधानमा संसदीय दलको नेताले पार्टीका राष्ट्रियसभाका सदस्यमध्येबाट एक जनालाई राष्ट्रियसभा संसदीय दलको नेता मनोनित गर्ने व्यवस्था गरिएको छ। राष्ट्रियसभामा पनि प्रमुख प्रतिपक्षको भूमिकामा रहेको कांग्रेसका १३ जना सदस्य छन्।

कांग्रेसका वरिष्ठ नेता पौडेल पक्षका सांसदलाई मुख्य सचेतक बनाउनुपर्ने माग उठे पनि सभापति देउवाले आफू निकटकै सांसदलाई मुख्य सचेतक बनाउने तयारी गर्नुभएको देउवानिकट स्रोतले जानकारी दिएको छ।

सांसद भीमसेनदास प्रधानका अनुसार संसदीय दलको नेतामा सर्वसम्मति गर्न मुख्य सचेतकमा पौडेल पक्षका सांसदलाई मनोनित गर्ने प्रस्ताव अस्वीकार गरेर प्रकाशमान सिंह दलको नेतामा उम्मेदवार बनेपछि उहाँहरूको पक्षले मुख्य सचेतक पाउने सम्भावना कम छ। संसदीय दलमा मुख्य सचेतकको जिम्मेवारी महत्त्वपूर्ण छ।

## राष्ट्रपति...

दोस्रो संविधानसभा निर्वाचनपछि भण्डारी राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो। कार्यकाल छोटो भएकाले एक कार्यकाल आफूले निन्तरता पाउनुपर्ने पक्षमा भण्डारीले लबिङ गर्दै आउनुभएको छ। अब राष्ट्रपति बनेको अवस्थामा पाँच वर्षे कार्यकाल रहनेछ।

पहिलो संविधानसभा निर्वाचनपछि राष्ट्रपति बन्नुभएका पूर्वराष्ट्रपति डा. रामवरण यादव सात वर्ष राष्ट्रपति बन्नुभएको थियो। संविधानसभाबाट संविधान जारी भएपछि स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएर केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार गठन भइसकेको छ। परिवर्तित सन्दर्भमा उच्च ओहोदामा नयाँ अनुहार आउनुपर्ने माग पनि उठेको छ।

राष्ट्रपति भण्डारीसँगै उपराष्ट्रपति पनि दोहोरिने निश्चित भएको बताइएको छ। माओवादीबाट उपराष्ट्रपति बन्नुभएका नन्दबहादुर पुन पनि एक कार्यकाल आफूले पाउनुपर्ने लबिङमा रहनुभएको छ।

उहाँले राष्ट्रपति दोहोरिँदा आफूले पनि उपराष्ट्रपतिमा निरन्तता पाउनुपर्नेमा माओवादी केन्द्रका शीर्ष तहमा दबाब दिनुभएको छ। पुनलाई नै पुनः उपराष्ट्रपति बनाउन प्रचण्डसमेत सकारात्मक रहनुभएको बताइएको छ। मुलुकले पुनः राष्ट्रपति र उपराष्ट्रपति पुरानै अनुहारको पाउने भएको छ।

एमालेले राष्ट्रपतिको उम्मेदवार चयन सम्बन्धमा छलफल गर्नका लागि आज (मंगलबार) पार्टी स्थायी समितिको बैठक बोलाएको छ। बैठकले कसलाई राष्ट्रपतिको उम्मेदवार बनाउने भन्ने विषयमा निर्णय गर्नेछ।

## प्रकृतिको...

बाह्य तथा आन्तरिक पर्यटकले खचाखच भरिने पोखरामा पर्यटकको आर्कषणका रूपमा रहेका फेवा ताल, बेगनास ताल, रूपा ताल, दिपाङ ताल, खास्टे ताल, मिल्दी ताल, निउरिनी ताल, गुडी ताल, कमल पोखरी ताल, कश्यप ताल, महेन्द्र गुफा, चमेरे गुफा, डेबिड फल्स, सेती नदी, सराङकोट र यहाँबाट देखिने अन्नपूर्ण, धौलागिरि, मनास्लु हिमालका साथै सूर्योदय र सूर्यास्त पर्यटकका लागि अत्यन्तै आकर्षक केन्द्र हुन्।

यीलगायत पोखरामा रहेका अनगिन्ती आकर्षकमा प्याराग्लाइडिङ, होटल व्यवसाय, तालहरू, गुफा, हवाईमार्ग, सवारीसाधनको सेवा सुविधा, व्यापार व्यवसाय, स्कुल, कलेज, चौतर्फी जोडिएका सडकमार्ग, पर्यटन व्यवसायी, सञ्चारमाध्यम, पैदलमार्गजस्ता क्षेत्रको संरक्षण र सवर्द्धनका लागि पछिल्लो समय व्यवस्थित र मर्यादित बनाउन गरिएका प्रयास उत्तिकै प्रशंसनीय छन्।

तर पोखराको पहिचान र यस क्षेत्रले कमाउँदै आएको सबैभन्दा ठूलो सम्पत्तिका रूपमा रहेको सरसफाइ र सुन्दरतालाई भने वातावरणीय प्रदूषणका कारण देखापरेका परिवर्तित अवस्थाको ठूलो प्रभाव यो क्षेत्रमा पनि पर्नुले पर्यटकको आगमनमा कमी आएको पर्यटन व्यवसायीको ठम्याइ छ।

विगत वर्षमा भन्दा यो वर्ष हिउँदे वर्षा नहुनुका साथै हरेक दिन लाग्ने तुवाँलोका कारण पर्यटकले लक्षित गरेर आएका दृश्यावलोकन देख्न सकिरहेका छैनन्। यिनै कारण यहाँ आएका पर्यटकले पोखराको बसाइ छोट्याएर फर्किने गरेको पर्यटन व्यवसायी बताउँछन्।

यस वर्ष पोखरा भ्रमणमा पुगेका पर्यटकले सूर्योदय र हिमाली शृंखलाको आनन्द लिनै नपाएको फेवा तालका डुंगा चालक मुकुन्द माझी सुनाउँछन्। पोखरामा प्याराग्लाइडिङका लागि मात्र दर्जनभन्दा बढी कम्पनी दर्ता भएका र सेवा सञ्चालनमा ल्याएका छन् तर यो वर्ष हिमाली दृश्य मात्र नभई नजिकैको वातावरणसम्म देख्न मुस्किल भएका कारण यसमा आनन्द लिने पर्यटकसमेत घटेको माझीको ठम्याइ छ। पोखरा प्रदूषित हुनुमा वातावरणीय प्रभाव पार्ने धुवाँ, धूलो प्रमुख रहेको माझीको ठम्याइ छ। यसको सुधारका लागि पर्यटकीय नगरमा सञ्चालित यातायात, कलकारखाना, उद्योग व्यवसायबाट निस्कने फोहोरमैलाको व्यवस्थापन गर्न सरकारले समयमै ध्यान दिनुपर्ने कुरा औंल्याउँछन्। झन्डै ३५ वर्षदेखि डुंगा खियाएर अनुभव बटुलेका माझी यो वर्षजस्तो पोखरामा तुवाँलोले ढाकेको देख्दै नदेखेको बताउँछन्।

पोखरा नामैले परिचित क्षेत्र हुनुका साथै ४ सय ६४ किलोमिटरको क्षेत्रफल ओगटेको यस भूमिको उचाइ ८ सय २७ मिटरदेखि १ हजार ७ सय ४० मिटरसम्म रहेको छ।

समथरदेखि उच्च हिमशृंखलासम्म एकै थलोबाट देख्न सकिने भएकै कारण पोखरामा पर्यटकको घुइँचो लाग्ने गरेको हो। यसको सुधार र संरक्षणमा सरकारी, गैरसरकारी संघसंस्था तथा निजीक्षेत्रबाट सञ्चालित होटल व्यवसायीले समयमै पहल गर्नुको विकल्प नभएको पोखराका होटल व्यवसायी दत्तराम उपाध्यायको पनि ठम्याइ छ।


**विनयी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
दुम्किवास, नवलपरासी वर्दघाट सुस्ता पूर्व
४ नं. प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०७४/११/२२**

जिल्ला समन्वय समिति नवलपरासी वर्दघाट सुस्ता पूर्वको मिति २०७४/७/२३ तथा २०७४/११/०२ को निर्णय, साविक स्थानीय स्वायत्त शासन ऐन,२०५५ मा भएको व्यवस्था वमोजिम गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, यस गाउँ कार्यपालिको निर्णयानुसार नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवाबाट राजस्व असुली सम्बन्धी काम आ.व. २०७४/७५ को लागि ठेक्काद्वारा गराउन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०७४/७५ को लागि निर्धारण गरिएको परिमाण घनफिट (बिक्री) | प्रति घनफिट रु. | कूल न्यूनतम अंक (कर तथा भ्याट बाहेक) | बोलपत्र दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ३/२०७४/७५ | विनयी त्रिवेणी गाउँपालिका क्रसर तल (स्कुल पछाडी) | ६९७,५७० | ४ | २,७९०,२८०।०० | ३००० | |
| ४/२०७४/७५ | विनयी त्रिवेणी गाउँपालिका सि.जि. सिमेन्ट उद्योग पूर्व | ६९७,५७० | ४ | २,७९०,२८०।०० | ३००० | |
| ५/२०७४/७५ | विनयी त्रिवेणी गाउँपालिका हाइवे पुलवाट ५०० मी. तलदेखि ८५० मी. सम्म | ११५,९५६ | ४ | ४६३,८२४।०० | १००० | |
| ६/२०७४/७५ | विनयी त्रिवेणी गाउँपालिका नयाँ प्रस्तावित पुल Upstream खण्ड | ६९७,५७० | ४ | २,७९०,२८०।०० | ३००० | |
| ७/२०७४/७५ | विनयी त्रिवेणी गाउँपालिका मालचिरा पुलबाट ५०० मी.तलदेखि ९५० मी. सम्म | २५७,४८३ | ४ | १,०२९,९३२।०० | १००० | |
| ८/२०७४/७५ | विनयी त्रिवेणी गाउँपालिका बगैचा नजिक | ५२६,३३८ | ४ | २,१०५,३५२।०० | ३००० | |

१. माथि उल्लेखित ठेक्का नं. ३ देखि ८ सम्मको आय बोलपत्र भर्दा कवोल अङ्क उल्लेख गरी कूल अङ्क समेत उल्लेख गर्नुपर्नेछ। साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ। कबोल रकम अङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ।
२. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०७५ साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसारकै ठेक्का अङ्क कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिने छ, साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री तथा निकासी गर्न सकिनेछ।
३. धरौटी बापत कबोल गरेको अङ्कको ३ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक कावासोती स्थित बैंक खाता नं. ३२००३०३००७१०६ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।
४. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन।
५. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
६. बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन।
७. ठेक्कामा कुनै विवाद भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
८. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिनेछ। खरिद गरिएको बोलपत्र सूचना प्रकाशित मितिदेखि १६ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु १६ औं दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ।
९. बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।
१०. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।
११. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन।
१२. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. बुँदा नं. ४ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मू.अ.कर रकम सहितको ठेक्का अवधि भन्दा ३० दिन बढी म्याद भएको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका बाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जि दिइनेछ।

**२. आय रकमको भुक्तानी तालिक देहाय अनुसार हुनेछ।**

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अङ्कको २५ प्रतिशतले हुन आउँने रकम र सो २५ प्रतिशत रकमको मू.अ.कर १३ प्रतिशत। |
| दोश्रो | २०७५ साल वैसाख १५ गते भित्र | कबोल अङ्कको ४० प्रतिशतले हुन आउँने रकम र सो ४० प्रतिशत रकमको मू.अ.कर १३ प्रतिशत। |
| तेश्रो | २०७५ जेठ १५ गतेसम्म | कबोल अङ्कको बाँकी ३५ प्रतिशत रकम पूरै र सो ३५ प्रतिशत रकमको मू.अ.कर १३ प्रतिशत। |

३. ठेक्का कबोल गर्ने ठेकेदारले जिससले तोकेको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।
४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा गाउँपालिकामा बुझाउनुपर्नेछ।
५. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।
६. ठेक्कामा कुनै विवाद भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
७. गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।
८. प्रत्येक ठेक्काको छुट्टाछुट्टै खाममा बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ।
९. ढुङ्गा, गिटी,वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन।
१०. जमानी बापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
११. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउनेछैन।
१२. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।
१३. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित बोलपत्रलाई मात्र मान्यता दिइनेछ।
१४. यस कार्यालयमा पेश हुन आएका बोलपत्र तथा दरभाउपत्र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।
१५. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर पान, मू.अ.कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ।
१६. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी विनयी त्रिवेणी गाउँपालिकाको कार्यालय दुम्किवासबाट खरिद गरी पेश गर्न सकिनेछ।
१७. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ
१८. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।
१९. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।



# अर्थ

2018, MAR
Tuesday
6

{ सोही बमोजिम आयोजना निर्माण गर्न प्राधिकरण र थ्री गोर्जेजको सहायक कम्पनी सीडब्लूई इन्भेष्टमेन्ट कर्पोरेसनबीच २०७३ माघ ३ मा संयुक्त उपक्रम सम्झौता (जेभीए) भएको थियो।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८१.३५ | ८०.३५ | ८२.८५ | ८१.८५ | ७८.८५ | ८१.३५ | ८१.१५ | ९०.७२ |
| बीरगंज | ७९.४५ | ७८.४५ | ८०.९४ | ७९.९५ | ७६.९५ | ७९.४४ | ७९.२५ | ८८.९२ |
| विराटनगर | ७९.९५ | ७८.९५ | ८१.४४ | ८०.४५ | ७७.४५ | ७९.९४ | ७९.७५ | ८९.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



## JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E | | | |
|---|---|---|---|---|
| | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
| काठमाडौं | ८२।५० | ७९।५० | ८२।५० | ८२।५० |
| सिमरा, बिरगंज, कलैया | ८०।९० | ७७।९० | ८०।९० | ८०।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।४५ | ८०।४५ | ८३।४५ | ८३।४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८१।६० | ७८।६० | ८१।६० | ८१।६० |
| पोखरा, स्याङ्जा | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191

EARTHQUAKE RESISTANT REBAR

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## नेपाल बङ्गलादेश बैंक लिमिटेड

THE BANK FOR EVERYONE

नयाँ सडक शाखाको

NEPAL BANGLADESH BANK

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

यस बैंकको नयाँ सडक शाखा कार्यालयमा बचत खाता खोली कारोवार गर्दै आउनु भएका ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं १२ बस्ने श्री **पूर्ण बहादुर महर्जनको** मिति २०७४/१०/१३ मा मृत्यु भएको व्यहोरा जनाई खाताको रकम भुक्तानी पाउँ भनी नाताले मृतकको **श्रीमती चिरी मै महर्जनले** यस नयाँ सडक शाखा कार्यालयमा मिति २०७४/११/२० गते निवेदन दिनुभएको हुँदा, यस बैंकमा मृतकको खातामा भएको रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको नयाँ सडक शाखा कार्यालय, खिचापोखरी, काठमाण्डौमा स-प्रमाण हकदावी गर्न आउनुहोला । ३५ दिन म्याद भित्र दावी गर्न नआएमा निवेदक चिरी मै महर्जनको नाममा रकम भुक्तानी गरिने व्यहोरा सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

HOTEL YAK & YETI KATHMANDU

## याक एण्ड यति होटल लिमिटेडको ४१ औ (एकचालिसौं) साधारण सभा बोलाएको बारे सूचना !

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको ४१ औ बार्षिक साधारण सभा यहि मिति २०७४ साल चैत १३ गते तदनुसार मार्च २७, २०१८ मंगलबारको दिन अपरान्ह ३ बजे कम्पनीको रजिष्टर्ड कार्यालय, लालदरबार, दरबारमार्ग, काठमाडौंमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय लिनका लागि बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

**सभामा छलफल र निर्णयका लागि प्रस्तुत हुने प्रस्तावहरु :**

१) संचालक समितिले पेश गरेको आर्थिक वर्ष ०७३।०७४(२०१६।१७) को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०७३।०७४ (तदनुसार सन् २०१६।१७) को आय विवरण र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३) कम्पनीको आर्थिक वर्ष २०७४।०७५(तदनुसार सन् २०१७।१८) को लेखा परीक्षण गर्नको लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४) अध्यक्षज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने ।

**संचालक समितिको आज्ञाले**
**विश्व रत्न शाक्य**
**कम्पनी सचिव**

**द्रष्टव्य :**

१) सभामा स्वयम् उपस्थित हुन असमर्थ शेयरधनीहरुले कम्पनीको शेयरधनीहरु मध्ये कसैलाई प्रोक्सी फाराम रित्तपूर्वक आफ्नो प्रतिनिधि मुकर्र गरी सभामा भाग लिन लगाउन सक्नु हुनेछ ।तर उक्त प्रोक्सी फाराम सभा हुने कम्तीमा ४८ घण्टा अगावै कम्पनीको मुख्य कार्यालयमा दाखिला गराई सक्नु पर्नेछ ।
२) शेयरवालाहरुको दर्ता किताब मिति २०७४।११।१२ देखि ४१ औं बार्षिक साधारण सभा सम्पन्न नभएसम्म बन्द रहनेछ ।

**संलग्न कागजातहरु :**

१. प्रोक्सी फाराम ।
२. आर्थिक वर्ष २०७३।०७४ को संचालक समितिको प्रतिवेदन ।
३. लेखा परीक्षकको प्रतिवेदन ।
४. आर्थिक वर्ष २०७३/०७४ को वासलात, आय विवरण र नगद प्रवाह विवरण ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ फागुन २२, मार्च ६, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।८८ | १०४।४८ |
| युरो १ को रू. | १२७।८७ | १२८।६० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।४७ | १४४।३० |
| स्विस फ्रन्क १ को रू. | ११०।८१ | १११।४५ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।४९ | ८०।९५ |
| क्यानाडियन डलर १ को रू. | ८०।४९ | ८०।९६ |
| सिङ्गापुर डलर १ को रू. | ७८।७४ | ७९।१९ |
| जापानी यन १० को रू. | ९।८४ | ९।९० |
| चिनियाँ युआन १ को रू. | १६।३८ | १६।४८ |
| साउदी अरब रियाल १ को रू. | २७।७० | २७।८६ |
| कतारी रियाल १ को रू. | २८।५३ | २८।६९ |
| थाई भाट १ को रू. | ३।३० | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।२८ | २८।४४ |
| मलसियन रिङ्गिट १ को रू. | २६।५९ | २६।७४ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६३ | ९।६९ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।५८ |
| डेनिस क्रानर १ का रू. | १७।१७ |
| हङकङ डलर १ का रू. | १३।२६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# पश्चिम सेतीमा लगानीको सुनिश्चितता खोज्दै चिनियाँ टोली

**नेपाल समाचारपत्र**

काठमाडौं

लामो समयदेखि अन्योलमा रहेको पश्चिम सेती जलविद्युत् आयोजना निर्माणको विषय टुङ्गाउन चिनियाँ कम्पनी चाइना थ्री गोर्जेज कर्पोरेसनको टोली नेपाल भ्रमणमा रहेको छ। लगानी बोर्ड, नेपाल विद्युत प्राधिकरण र थ्री गोर्जेज कर्पोरेसनको प्राविधिक टोलीबीच राष्ट्रिय गौरबको पश्चिम सेती जलविद्युत् आयोजना अघि कसरी अगाडि बढाउने भन्ने विषयमा अन्तिम टुंगो लगाउन छलफल अघि बढेको हो।

उक्त टोलीले लगानी बोर्डसँगको छलफलका क्रममा आयोजना निर्माणका लागि चासो देखाएको बोर्डका प्रवक्ता उत्तमभक्त वाग्लेले बताउनुभयो। वाग्लेका अनुसार यसअघि कम्पनी, लगानी बोर्ड र प्राधिकरणबीच नमिलेका कुरामा थप छलफल गर्न चिनियाँ टोली सकारात्मक देखिएको हो।

७ सय ५० मेगावाट क्षमताको पश्चिम सेती जलाशययुक्त आयोजनाका विषयमा सोमबार थ्री गर्जेज कम्पनीको प्राविधिक टोली र प्राधिकरण टोलीलेसमेत छलफल गरेको छ। छलफलका क्रममा पीपीए दर हेरफेर, आयोजनाको लागत, मुआब्जा वितरण, प्रसारणलाइन निर्माण, आयोजनामा हालसम्म भएको खर्च पुँजीकरणका विषयमा छलफल भएको बुझिएको छ।

आयोजनाको स्थानीय शेयरको वित्तीय व्यवस्थापन, विद्युत् महशुल, र बजारको बारेमा छलफल गर्न टोली नेपाल आएको हो। थ्री गर्जेजले केही समय अगाडि लगानी बोर्ड र विद्युत् प्राधिकरणलाई पठाएको पत्रमा पहिला भएका खर्चको पुँजीकरण, आयोजनाको महशुल नीति, स्थानीय शेयरको वित्तीय व्यवस्थापनको प्रक्रिया र ऋण लगानीका लागि ग्यारेन्टीलगायत सर्तहरू राख्दै यसमा यसमा थप स्पष्टता खोजेको थियो। ती दुवै निकायले जवाफ पठाएपछि थप छलफल गर्न चिनियाँ टोली नेपाल आएको हो।

२०७१ चैत ३० गते लगानी बोर्डको बैठकले चिनियाँ कम्पनी र प्राधिकरणको संयुक्त कम्पनी खोल्ने निर्णय गरेको थियो। सोही बमोजिम आयोजना निर्माण गर्न प्राधिकरण र थ्री गोर्जेजको सहायक कम्पनी सीडब्लूई इन्भेष्टमेन्ट कर्पोरेसनबीच २०७३ माघ ३ मा संयुक्त उपक्रम सम्झौता (जेभीए) भएको थियो।

१ खर्ब ९० अर्ब रुपियाँ लागत अनुमान गरिएको उक्त आयोजना निर्माणमा लगानी गर्ने विषयमा नै उक्त कम्पनी स्पष्ट हुन नसकेको प्राधिकरणले बताउँदै आएको छ। तर, यसअघि आयोजना निर्माणका लागि छुट्टै ज्वाइन्ट भेन्चर कम्पनीको स्थापना गरी ७५ प्रतिशत थ्री गोर्जेज कम्पनी र २५ प्रतिशत विद्युत् प्राधिकरणले लगानी गर्ने सम्झौता भइसकेको छ।

केही महिनाअघि चाइना थ्री गोर्जेजसँग भएको लगानी सम्झौतामा प्राधिकरणले हिउँद याममा १२ रुपियाँ ४० पैसा र वर्षायाममा ७ रुपियाँ १० पैसाको प्रतियुनिट दरमा बिजुली किन्ने गरी पीपीए दर प्रस्ताव गरिएको थियो। तर, थ्री गोर्जेज कम्पनीले उक्त दरमा आयोजना अघि बढाउन नसकिने धारणा राख्दै आएको छ।

थ्री गर्जेज कम्पनीले यसअघि उक्त आयोजनाका लागि प्रसारणलाइन निर्माणको सुनिश्चितता र हालसम्म आयोजनामा भएको खर्च पुँजीकरण गरिनुपर्ने माग राख्दै आएको थियो। कम्पनीले आयोजना अध्ययनका क्रममा हालसम्म ७० करोड रुपियाँभन्दा बढी खर्च गरिसकेको छ। तर, प्राधिकरणले यसको प्रमाणीकरण अझै गरेको छैन।

थ्री गर्जेजसँग आयोजना निर्माणका लागि सन् २०१२ फेब्रुअरीमा सम्झौता भएको थियो। सम्झौता बमोजिम आयोजना सन् २०१८ सम्ममा पूरा गर्ने लक्ष्य राखिएको थियो। तर, उक्त लक्ष्यलाई पछिल्लो समय परिमार्जन गरी सन् २०२० पुऱ्याइएको छ। थ्री गर्जेजले निर्माणको जिम्मा लिनुअघि अस्ट्रेलियाको स्नोइ माउन्टेन इन्जिनियरिङ कर्पोरेशन (स्मेक)ले उक्त आयोजना १७ वर्ष होल्ड गरेर राखेको थियो। आयोजना अगाडि नबढ्दा डोटी, डडेल्धुरा, बैतडी र बझाङका पूर्ववर्ती १२ गाविसमा विकास निर्माण ठप्प छ।


FNCCI

NEPAL INTERNATIONAL TRADE FAIR 2018

'नेपाली वस्तु प्रवर्द्धन, समृद्ध नेपाल निर्माण'

सातौं नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०७४

फाल्गुण २४ देखि २८ गते सम्म

१० देखि ६ बजे सम्म

भृकुटी मण्डप, काठमाडौ, नेपाल

२ दिन बाँकी


# जलविद्युत् आयोजनाहरूलाई अल्टिमेटम

**नेपाल समाचारपत्र**

लमजुङ

जलविद्युत्मा लगानीमैत्री जिल्ला घोषणा गरिए पनि आयोजनाका प्रवर्द्धकहरू स्थानीयबासीमैत्री हुन नसकेको लमजुङबासीको आवाज उठेको छ। जिल्लामा निर्माण सम्पन्न भएका र निर्माणाधीन जलविद्युत् आयोजनाले स्थानीयबासीलाई उपेक्षा गरेको भन्दै स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी (एफपिक) तथा अधिकार मञ्च लमजुङ नामक संस्थानै गठन गरी पीडितहरूले संघर्षका कार्यक्रम घोषणा गरेका छन्।

एफपिक तथा अधिकार मञ्च लमजुङले जिल्ला प्रशासन कार्यालयमार्फत विद्युत प्राधिकरणका प्रमुख कुलमान घिसिङसहित सम्बद्ध निकायलाई ज्ञापनपत्र बुझाउँदै आफ्ना माग पूरा नभए आन्दोलनका कार्यक्रम घोषणा गर्ने बताएका छन्। ज्ञापनपत्रमा २० दिनभित्र माग हुनुपर्ने अन्यथा चरणबद्ध आन्दोलन गर्ने उल्लेख छ। एफपिकमा सञ्चालन भइरहेको तथा सञ्चालनको तयारीमा रहेका विभिन्न परियोजनाहरू (१३२ के.भी. प्रसारण लाइन, २२० के.भी प्रसारणलाइन, बीपीसीद्वारा सञ्चालित न्यादी हाइड्रो ३० मेगाबाट नाइचे, ४० मेगावाटको अपर-न्यादी डहरे लमजुङ, पिपल्स हाइड्रो, दोर्दी लिवर्टी हाइड्रो दोर्दी, हिमाल हाइड्रो दोर्दी र किसेदी खोला पाचोक) का पीडितहरू समावेस भएको सो संस्थाका जिल्ला संयोजक खेमजंग गुरुङले बताउनुभयो।

उहाँका अनुसार २०७३ को साउन महिनामा लमजुङको भुलभुलेस्थित माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजनाको ट्रान्समिसन लाइनका प्रभावितले शुरू गरेको आन्दोलन विस्तारित भई जिल्लामा निर्माणाधीन सबै आयोजना केन्द्रित भएको छ। 'अब पनि आफ्ना मागको सुनुवाई नभएमा आन्दोलन गर्ने छौं।' गुरुङले भन्नुभयो। ज्ञापन पत्रमा २४ बुँदे माग उल्लेख छन्।

उनीहरूको मागमा जलविद्युत् आयोजनाले उचित किसिमले सार्वजनिक सुनुवाई नगरेको, सबै आयोजनाले प्रभावितसँग स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी नगरेको र सरकारका प्रचलित नियम कानुन र अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको विपरित सञ्चालन गर्दा स्थानीय जनताको अधिकार लुटिएको दाबी गरिएको छ । अन्य मागमा आयोजनाले वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनको पूर्ण पाठ सबैले बुझ्ने भाषामा जानकारी गराउनुपर्ने, आयोजनाबाट १० प्रतिशत पानी खोलामा छोड्नुपर्ने, फिस ल्याडर राख्नुपर्ने, आयोजना निर्माणमा स्थानीय कामदारलाई अवसर दिनुपर्ने, बस्ती आसपासमा विष्फोटक पदार्थ तथा रसायनिक पदार्थ भण्डारण गर्न नहुने, विद्युत प्रसारण लाइनको चुम्बकीय क्षेत्रभित्रको जग्गालाई लगत कट्टा गरी शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ।

जिल्लाको जलसम्पदामा चरम भू तथा जल माफियाहरूको बिगबिगी बढेको मञ्चको दाबी छ। संघर्ष समितिले सबै आयोजनामा डाक्टरसहितको एम्बुलेन्स राख्नुपर्ने, प्रत्यक्ष प्रभावितहरूलाई तीन/तीन महिनामा स्वास्थ्य परीक्षण गर्नुपर्ने, अति प्रभावितलाई निःशुल्क शेयरको व्यस्था गर्नुपर्ने लगायतका माग राखेको छ ।

घोषित संघर्षका कार्यक्रममा प्ले कार्ड जलुस, बाजागाजासहितको जुलुस, थाल ठटाएर जुलुस, अर्धनग्न जुलुस, सांकेतिक तथा निर्माणस्थल बन्द, अनिश्चितकालीन बन्द जस्ता संघर्षका कार्यक्रम राखिएको संघर्ष समितिका संयोजक सचिव चन्द्रबहादुर मिश्रले बताउनुभयो।

## मुआब्जा विवादले अन्तिम चरणमा पुगेको आयोजना रोकियो

सिर्जना पन्त, बागलुङ

बागलुङको जैमिनि नगरपालिकमा निर्माण कार्य सम्पन्न भइ विद्युत् उत्पादनको अन्तिम चरणमा रहेको ठेउलेखोला जलविद्युत् आयोजना मुआब्जा विवादका कारण रोकिएको छ। ३० जना व्यक्तिको ३३ रोपनी जग्गामा फैलिएको आयोजनामा एक स्थानीयले जग्गा मुआब्जा माग गरेपछि ठेउलेखोला जलविद्युत् आयोजना विवादमा तानिएको हो।

स्थानीय खगेश्वर शर्माले मुआब्जा माग गरेका कारण अन्तिम समयमा निर्माण कार्य रोकिएको आयोजनाले जनाएको छ। जैमिनि नगरको समृद्धिको आधार मानिएको १ दशमलव ५ मेगावाट क्षमताको उक्त आयोजना अन्तिम अवस्थामा आएर रोकिएको हो।

मुआब्जा विवादमा नगरपालिकाले मिलाउने प्रयत्न नगरेका कारण आयोजना उत्पादन दिने अवस्थामा रोक्नु परेको बताइएको छ। नगरपालिकाले मूल्याङ्कन गरी विवादित मुआब्जा निर्धारण गरे मुआब्जा दिन आफू तयार रहेको भए पनि नगरपालिकाले ढिलासुस्ती गरेको आयोजनाको भनाइ छ। झण्डै बागलुङ जिल्लाको एक तिहाई विद्युत् आपूर्ति गर्ने आयोजनाको मुआब्जा मिलाउन कसैले पहल नगदा आफूहरू मर्कामा परेको निर्माण कम्पनी बाराही हाइड्रोपावर प्रालिका अध्यक्ष सूर्यप्रसाद अधिकारीले बताउनुभयो।

निर्माण कार्य सकिए पनि मुआब्जा विवाद गर्ने खगेश्वर शर्माको ३ रोपनी जग्गामा जम्मा १६ मिटर पाइपलाइन बनाउनुपर्ने भए पनि जग्गाको लागि एक करोड ५ लाख रुपियाँ मुअब्जा माग गरेको अधिकारीले बताउनुभयो। परियोजनाको लागि त्यस क्षेत्रमा प्रतिरोपनी ३ लाख ६० हजार रुपियाँमा जग्गा अधिकरण गरिएको तर शर्माले १ करोड ५ लाख रुपियाँ माग गरेपछि त्यस ठाउँमा पाइपलाइन बनाउने काम रोकिएको अधिकारीले बताउनुभयो।

'आयोजना प्रभावित क्षेत्रमा जग्गा पर्नेलाई ९० लाख रुपियाँ बढी रकम मुआब्जा वितरण गरिसकेको छ,' उहाँले भन्नुभयो।

२६ करोड ५० लाख लागत अनुमान गरिए पनि ३४ करोडभन्दा बढी खर्च लाग्ने आयोजनाले जनाएको छ।

मुआब्जा समाधान भएको ३० दिनभित्रमा विद्युत् उत्पादन गरी सक्ने आयोजनाले बताएको छ।

## SHARE MARKET

### 5 MARCH MONDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 16594.00 | 330.00 | 323.00 | 324.00 | -4.00 |
| 2 | Api Power Company Ltd. | 2512.00 | 367.00 | 333.00 | 339.00 | -28.00 |
| 3 | Arun Finance Limited | 560.00 | 148.00 | 144.00 | 146.00 | 0.00 |
| 4 | Arun Kabeli Power Ltd. | 9399.00 | 269.00 | 255.00 | 255.00 | -18.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 8919.00 | 179.00 | 169.00 | 169.00 | -3.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1463.00 | 752.00 | 731.00 | 731.00 | -28.00 |
| 7 | Bank of Kathmandu Ltd. | 17095.00 | 362.00 | 350.00 | 355.00 | -5.00 |
| 8 | Best Finance Company Ltd. | 500.00 | 119.00 | 119.00 | 119.00 | -2.00 |
| 9 | Bishal Bazar Company Limited | 110.00 | 1768.00 | 1700.00 | 1768.00 | 81.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 1550.00 | 6400.00 | 5935.00 | 5935.00 | -340.00 |
| 11 | Butwal Power Company Limited | 8835.00 | 517.00 | 491.00 | 497.00 | -10.00 |
| 12 | Central Finance Co. Ltd. | 26.00 | 129.00 | 129.00 | 129.00 | -2.00 |
| 13 | Century Commercial Bank Ltd. | 29268.00 | 180.00 | 172.00 | 173.00 | -6.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 4075.00 | 960.00 | 886.00 | 889.00 | -51.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 42.00 | 162.00 | 160.00 | 160.00 | -5.00 |
| 16 | Chilime Hydropower Company Limited | 7455.00 | 807.00 | 771.00 | 773.00 | -19.00 |
| 17 | Citizen Bank International Limited | 24189.00 | 268.00 | 256.00 | 263.00 | -1.00 |
| 18 | Citizen Investment Trust | 2075.00 | 3190.00 | 3152.00 | 3152.00 | -48.00 |
| 19 | Civil Bank Ltd | 45553.00 | 158.00 | 149.00 | 150.00 | -5.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 217.00 | 756.00 | 727.00 | 741.00 | -29.00 |
| 21 | Deprosc Development Bank Limited | 2209.00 | 790.00 | 760.00 | 765.00 | -22.00 |
| 22 | Deva Bikas Bank Limited | 21286.00 | 143.00 | 138.00 | 138.00 | -3.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 11.00 | 130.00 | 130.00 | 130.00 | -2.00 |
| 24 | Everest Bank Limited | 13393.00 | 785.00 | 762.00 | 770.00 | 0.00 |
| 25 | Everest Bank Limited Con. Pref. | 24.00 | 699.00 | 699.00 | 699.00 | -1.00 |
| 26 | Everest Insurance Co. Ltd. | 630.00 | 1428.00 | 1302.00 | 1302.00 | -98.00 |
| 27 | Excel Development Bank Ltd. | 2729.00 | 353.00 | 340.00 | 352.00 | 10.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 4560.00 | 553.00 | 518.00 | 520.00 | -15.00 |
| 29 | Forward Com. Mic. Bittiya San. Ltd. | 2176.00 | 1942.00 | 1915.00 | 1920.00 | -60.00 |
| 30 | Gandaki Bikas Bank Limited | 5396.00 | 223.00 | 219.00 | 220.00 | 0.00 |
| 31 | Garima Bikas Bank Limited | 3060.00 | 184.00 | 181.00 | 182.00 | 4.00 |
| 32 | Global IME Bank Limited | 44254.00 | 317.00 | 308.00 | 309.00 | -2.00 |
| 33 | Global IME Lag. Bittiya Sanstha Ltd. | 231.00 | 1275.00 | 1200.00 | 1205.00 | -94.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 30.00 | 144.00 | 142.00 | 142.00 | -3.00 |
| 35 | Green Development Bank Ltd. | 200.00 | 180.00 | 177.00 | 177.00 | -3.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 4581.00 | 805.00 | 742.00 | 742.00 | -38.00 |
| 37 | Gurkhas Finance Ltd. | 23711.00 | 128.00 | 122.00 | 124.00 | 0.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 310.00 | 145.00 | 143.00 | 143.00 | 0.00 |
| 39 | Himalayan Bank Limited | 9912.00 | 618.00 | 583.00 | 583.00 | -27.00 |
| 40 | Himalayan Distillery Limited | 800.00 | 1010.00 | 926.00 | 926.00 | -100.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 4659.00 | 461.00 | 437.00 | 444.00 | -6.00 |
| 42 | Himalayan Power Partner Ltd. | 4934.00 | 325.00 | 303.00 | 303.00 | -14.00 |
| 43 | ICFC Finance Limited | 1700.00 | 190.00 | 190.00 | 190.00 | -2.00 |
| 44 | IME General Insurance Ltd. | 820.00 | 900.00 | 863.00 | 863.00 | -34.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5671.00 | 158.00 | 154.00 | 156.00 | -1.00 |
| 46 | Janata Bank Nepal Ltd. | 32095.00 | 170.00 | 160.00 | 164.00 | -1.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 200.00 | 2601.00 | 2569.00 | 2569.00 | -51.00 |
| 48 | Jyoti Bikas Bank Limited | 5327.00 | 151.00 | 143.00 | 144.00 | -3.00 |
| 49 | Kabeli Bikas Bank Limited | 15.00 | 304.00 | 304.00 | 304.00 | -6.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 4110.00 | 238.00 | 225.00 | 226.00 | -5.00 |
| 51 | Kalika Microcredit Development Bank Ltd. | 727.00 | 1183.00 | 1160.00 | 1160.00 | -32.00 |
| 52 | Kamana Sewa Bikas Bank Limited | 8549.00 | 160.00 | 153.00 | 153.00 | -4.00 |
| 53 | Kanchan Development Bank Limited | 3376.00 | 200.00 | 190.00 | 190.00 | -9.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 900.00 | 142.00 | 138.00 | 138.00 | -5.00 |
| 55 | Karnali Development Bank Limited | 2250.00 | 125.00 | 121.00 | 123.00 | -2.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 58.00 | 128.00 | 127.00 | 127.00 | -2.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 234.00 | 1356.00 | 1298.00 | 1298.00 | -32.00 |
| 58 | Kumari Bank Limited | 16754.00 | 265.00 | 258.00 | 258.00 | -2.00 |
| 59 | Laxmi Bank Limited | 13723.00 | 249.00 | 240.00 | 245.00 | 4.00 |
| 60 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 795.00 | 1160.00 | 1100.00 | 1100.00 | -75.00 |
| 61 | Life Insurance Co. Nepal | 809.00 | 1734.00 | 1650.00 | 1700.00 | 0.00 |
| 62 | Lumbini Bikas Bank Ltd. | 8266.00 | 155.00 | 150.00 | 153.00 | 1.00 |
| 63 | Lumbini Bikas Bank Ltd. Promoter Share | 11000.00 | 105.00 | 105.00 | 105.00 | 0.00 |
| 64 | Lumbini General Insurance Co. Ltd. | 9902.00 | 540.00 | 501.00 | 520.00 | -10.00 |
| 65 | Machhapuchhre Bank Limited | 10482.00 | 242.00 | 230.00 | 234.00 | -2.00 |
| 66 | Mahalaxmi Bikas Bank Ltd. | 6810.00 | 180.00 | 175.00 | 176.00 | -3.00 |
| 67 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 134.00 | 715.00 | 700.00 | 705.00 | -17.00 |
| 68 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 650.00 | 2500.00 | 2385.00 | 2387.00 | -123.00 |
| 69 | Manjushree Finance Ltd. | 2798.00 | 141.00 | 131.00 | 131.00 | -11.00 |
| 70 | Mero Microfinance Bittiya Sanstha Ltd. | 566.00 | 1224.00 | 1150.00 | 1160.00 | -40.00 |
| 71 | Mirmire Microfinance Dev. Bank Ltd. | 1216.00 | 2620.00 | 2535.00 | 2536.00 | -84.00 |
| 72 | Miteri Development Bank Limited | 818.00 | 276.00 | 270.00 | 271.00 | 1.00 |
| 73 | Muktinath Bikas Bank Ltd. | 12669.00 | 418.00 | 406.00 | 409.00 | -7.00 |
| 74 | Nabil Balance Fund 1 | 12287.00 | 15.83 | 15.83 | 15.83 | -0.10 |
| 75 | Nabil Bank Limited | 9593.00 | 1070.00 | 1031.00 | 1035.00 | 1.00 |
| 76 | NABIL Bank Limited Promotor Share | 5004.00 | 835.00 | 815.00 | 820.00 | -6.00 |
| 77 | Nabil Equity Fund | 4828.00 | 9.49 | 9.41 | 9.49 | -0.11 |
| 78 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 307.00 | 2144.00 | 2120.00 | 2120.00 | -13.00 |
| 79 | National Hydro Power Company Limited | 40665.00 | 104.00 | 100.00 | 100.00 | -2.00 |
| 80 | National Life Insurance Co. Ltd. | 2160.00 | 1300.00 | 1250.00 | 1250.00 | -50.00 |
| 81 | National Life Insurance Co. Ltd. Pro. Share | 218.00 | 715.00 | 715.00 | 715.00 | 0.00 |
| 82 | National Microfinance Bittiya Sanstha Ltd. | 317.00 | 2030.00 | 1941.00 | 1941.00 | -59.00 |
| 83 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 100.00 | 2067.00 | 2067.00 | 2067.00 | -41.00 |
| 84 | Neco Insurance Co. Ltd. | 4828.00 | 560.00 | 526.00 | 538.00 | -8.00 |
| 85 | Nepal Bangladesh Bank Limited | 15106.00 | 244.00 | 231.00 | 232.00 | -10.00 |
| 86 | Nepal Bank Limited | 16214.00 | 341.00 | 329.00 | 333.00 | -3.00 |
| 87 | Nepal Credit And Com. Bank Limited | 21721.00 | 302.00 | 288.00 | 288.00 | -9.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 9990.00 | 753.00 | 725.00 | 728.00 | -11.00 |
| 89 | Nepal Grameen Bikas Bank Ltd. | 6070.00 | 590.00 | 550.00 | 551.00 | -27.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 5172.00 | 1040.00 | 985.00 | 1004.00 | -53.00 |
| 91 | Nepal Investment Bank Limited | 18800.00 | 663.00 | 650.00 | 652.00 | 0.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 18450.00 | 580.00 | 570.00 | 579.00 | -1.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 13716.00 | 1756.00 | 1707.00 | 1722.00 | 3.00 |
| 94 | Nepal SBI Bank Limited | 3838.00 | 558.00 | 548.00 | 553.00 | 5.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 1725.00 | 679.00 | 650.00 | 650.00 | -15.00 |
| 96 | Ngadi Group Power Ltd. | 144.00 | 218.00 | 214.00 | 214.00 | 0.00 |
| 97 | NIBL Pragati Fund | 1515.00 | 9.15 | 9.15 | 9.15 | 0.00 |
| 98 | NIC Asia Bank Ltd. | 17242.00 | 339.00 | 331.00 | 334.00 | 0.00 |
| 99 | Nirdhan Utthan Bank Limited | 995.00 | 1120.00 | 1091.00 | 1092.00 | -14.00 |
| 100 | NLG Insurance Company Ltd. | 959.00 | 850.00 | 815.00 | 830.00 | -25.00 |
| 101 | NMB Microfinance Bittiya Sanstha Ltd. | 190.00 | 1516.00 | 1480.00 | 1480.00 | -59.00 |
| 102 | NMB Bank Limited | 15661.00 | 450.00 | 430.00 | 435.00 | -5.00 |
| 103 | NMB Hybrid Fund L-1 | 1816.00 | 9.56 | 9.55 | 9.56 | -0.04 |
| 104 | Om Development Bank Ltd. | 1391.00 | 190.00 | 184.00 | 188.00 | 1.00 |
| 105 | Oriental Hotels Limited | 401.00 | 649.00 | 625.00 | 625.00 | -25.00 |
| 106 | Pokhara Finance Ltd. | 530.00 | 155.00 | 152.00 | 153.00 | 0.00 |
| 107 | Prabhu Bank Limited | 13176.00 | 222.00 | 215.00 | 217.00 | 0.00 |
| 108 | Prabhu Insurance Ltd. | 6931.00 | 698.00 | 660.00 | 660.00 | -25.00 |
| 109 | Premier Insurance Co. Ltd. | 3965.00 | 1088.00 | 1037.00 | 1041.00 | -69.00 |
| 110 | Prime Commercial Bank Ltd. | 11716.00 | 297.00 | 292.00 | 295.00 | 0.00 |
| 111 | Prime Life Insurance Company Limited | 4127.00 | 634.00 | 610.00 | 610.00 | -10.00 |
| 112 | ProgressiveFinance Limited | 9272.00 | 180.00 | 171.00 | 177.00 | -4.00 |
| 113 | Prudential Insurance Co. Ltd. | 984.00 | 686.00 | 660.00 | 670.00 | -30.00 |
| 114 | Purnima Bikas Bank Ltd. | 298.00 | 204.00 | 197.00 | 204.00 | 6.00 |
| 115 | Rastriya Beema Company Limited | 544.00 | 11650.00 | 10978.00 | 10978.00 | -297.00 |
| 116 | Rastriya Beema Co. Limited Pro. Share | 640.00 | 11475.00 | 10600.00 | 10600.00 | -430.00 |
| 117 | Reliance Finance Ltd. | 7356.00 | 128.00 | 121.00 | 121.00 | -5.00 |
| 118 | Ridi Hydropower Dev. Company Ltd. | 2591.00 | 132.00 | 126.00 | 126.00 | -4.00 |
| 119 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 3452.00 | 795.00 | 734.00 | 752.00 | -13.00 |
| 120 | Rural Microfinance Dev. Centre Ltd. | 2731.00 | 615.00 | 580.00 | 593.00 | -19.00 |
| 121 | Sagarmatha Insurance Co. Ltd. | 1672.00 | 1285.00 | 1242.00 | 1285.00 | 24.00 |
| 122 | Sahayogi Bikas Bank Limited | 1048.00 | 191.00 | 190.00 | 191.00 | 0.00 |
| 123 | Sana Kisan Bikas Bank Ltd | 2824.00 | 1160.00 | 1118.00 | 1140.00 | -20.00 |
| 124 | Sanima Bank Limited | 34253.00 | 355.00 | 343.00 | 348.00 | -2.00 |
| 125 | Sanima Equity Fund | 8600.00 | 9.80 | 9.60 | 9.79 | -0.21 |
| 126 | Sanima Mai Hydropower Ltd. | 9640.00 | 354.00 | 334.00 | 343.00 | -3.00 |
| 127 | Saptakoshi Development Bank Ltd. | 1594.00 | 132.00 | 126.00 | 126.00 | -5.00 |
| 128 | Shangrila Development Bank Ltd. | 2530.00 | 174.00 | 169.00 | 169.00 | 1.00 |
| 129 | Shikhar Insurance Co. Ltd. | 3297.00 | 1075.00 | 1065.00 | 1068.00 | -22.00 |
| 130 | Shine Resunga Development Bank Ltd. | 2823.00 | 280.00 | 265.00 | 270.00 | -9.00 |
| 131 | Shree Investment Finance Co. Ltd. | 1541.00 | 224.00 | 216.00 | 224.00 | 3.00 |
| 132 | Shrijana Finance (Bittaya Sanstha) | 340.00 | 273.00 | 269.00 | 273.00 | -5.00 |
| 133 | Siddhartha Bank Limited | 10336.00 | 301.00 | 290.00 | 296.00 | -4.00 |
| 134 | Siddhartha Equity Fund | 23100.00 | 9.30 | 9.16 | 9.20 | -0.06 |
| 135 | Siddhartha Equity Orineted Scheme | 5000.00 | 11.60 | 11.60 | 11.60 | 0.05 |
| 136 | Siddhartha Insurance Ltd. | 1847.00 | 814.00 | 800.00 | 800.00 | -8.00 |
| 137 | Sindhu Bikash Bank Ltd | 514.00 | 144.00 | 140.00 | 144.00 | -2.00 |
| 138 | Soaltee Hotel Limited | 1396.00 | 249.00 | 242.00 | 249.00 | 4.00 |
| 139 | Standard Chartered Bank Limited | 22167.00 | 906.00 | 875.00 | 888.00 | -12.00 |
| 140 | Summit Micro Finance Dev. Bank Ltd. | 2938.00 | 950.00 | 887.00 | 948.00 | 17.00 |
| 141 | Sunrise Bank Limited | 6508.00 | 254.00 | 243.00 | 243.00 | -4.00 |
| 142 | Surya Life Insurance Company Limited | 2321.00 | 775.00 | 735.00 | 735.00 | -30.00 |

Total Amount Rs. 395,217,435 Total Quantity 977,047 Total No of Transactions 5,256

सोमबारको गिरावटसँगै नेप्से परिसूचक वर्षको सबैभन्दा न्यून बिन्दुमा आउनुका साथै लगानीकर्ताले करिब २० वर्ष रुपियाँ गुमाएका छन्। आइतबार एकैदिन ४७ अर्ब नोक्सानी व्यहोरेका लगानीकर्ताले सोमबार थप २० अर्ब गरी दुई दिनमा ६७ अर्ब रुपियाँभन्दा नोक्सान भएको छ।




# बिना कारण लगानीकर्ताले ६७ अर्ब गुमाए

**नेपाल समाचारपत्र**

काठमाडौं

अर्थमन्त्री डा. युवराज खतिवडाले पुँजी बजारप्रति आफ्नो नकरात्मक टिप्पणी नभएको भनेर प्रष्टीकरण दिए पनि पुँजी बजार सम्हालिन सकेको छैन। साताको दोस्रो दिन सोमबार पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा



दोहोरो अंकको गिरावट आएको छ। सोमबार नेप्से परिसूचक १६ दशमलव ६९ अंकले घटेर १२८७ दशमलव ६४ अंकको बिन्दूमा पुगेको हो।

अघिल्लो दिन ४१ दशमलव ५६ अंकले घटेर बन्द भएको बजार सोमबार कारोबार शुरू भएदेखि बढ्न शुरू गरेको थियो। आइतबार भएको गिरावटप्रति अर्थमन्त्रीलाई दोष थोपरिएको र यसप्रति अर्थमन्त्रीले प्रष्टीकरण दिएको चर्चा हुँदै गर्दा सोमबार नेप्सेमा केही सुधार हुने संकेत देखिएको थियो। तर, त्यो संकेत आधा घण्टाभन्दा बढी समय टिकेन परिणाम स्वरुप जति अंकले बढेको हो बन्द हुने बेलासम्म करिब त्यति नै अंकले घट्न पुगेको छ। सोमबारको गिरावटसँगै नेप्से परिसूचक वर्षको सबैभन्दा न्यून बिन्दुमा आउनुका साथै लगानीकर्ताले करिब २० वर्ष रुपियाँ गुमाएका छन्। आइतबार एकैदिन ४७ अर्ब नोक्सानी व्यहोरेका लगानीकर्ताले सोमबार थप २० अर्ब गरी दुई दिनमा ६७ अर्ब रुपियाँभन्दा नोक्सान भएको छ।

शेयर बजारको स्वभाव नै घटबढ हुने भए पनि अहिले घट्नुमा कुनै उल्लेख्य कारण नदेखिए परिसूचक निरन्तर ओरालो लाग्दै गएको सन्दर्भमा शेयर बजारमा लगानी गर्ने उपयुक्त समय भएको लगानीकर्ताहरू बताउने गरेका छन्। प्राथमिक शेयर मूल्यमा दोस्रो बजारको शेयर मूल्य आएको हुँदा बजारमा होल्ड गर्न सक्ने लगानीकर्ताले लाभांश सुनिश्चित गर्ने बेलासम्म धैर्यता गर्नसके बजारबाट शेयर उठाउनुपर्ने शेयर लगानीकर्ताको सुझाव छ।

बजार निरन्तर ओरालो लागेपछि कारोबार रकममा पनि गिरावट देखिएको छ। १ सय ५३ वटा कम्पनीको ९ लाख ७७ हजार ४७ कित्ता शेयर ५ हजार २ सय ५६ पटक खरिद बिक्री हुँदा ३९ करोड ५२ लाख १७ हजार चार सय ३५ रुपियाँ बराबरको कारोबार भएको छ।

व्यापार र होटलबाहेक कारोबार भएका सबै समूहको उपसूचक ओरालो लागेको छ। व्यापार समूह ६ दशमलव ८५ अंक र होटल समूह २ दशमलव ४८ अंकले बढे पनि अन्य उपसमूहको उपसूचक रातो देखिएको छ। सबैभन्दा बढी बीमा समूहको उपसूचक १ सय १९ दशमलव २१ अंकले घटेको छ। उत्पादन समूह ४६ दशमलव ४७, जलविद्युत् समूह ४५ दशमलव ४, लघुवित्त समूह ४३ दशमलव ७६, अन्य समूह १० दशमलव १९ अंकले घटेको छ।

त्यसैगरी बैंकिङ समूह ९ दशमलव ८७ , विकास बैंक समूह ११ दशमलव ४ अंकले घटेको छ। सोमबार सबैभन्दा धेरै सूर्योदय लघुवित्तका शेयरधनीले प्रतिकित्ता ९ दशमलव ९६ प्रतिशतका दरले कमाएका छन्।

त्यस्तै विशाल बजारका लगानीकर्ताले ४ दशमलव ८, पूर्णिमा विकास बैंकका लगानीकर्ताले ३ प्रतिशतले कमाएका छन्। सबैभन्दा बढी गुमाउनेमा भने हिमालयन डिस्टिलरीका शेयरधनीले ९ दशमलव ७४ प्रतिशत र मञ्जुश्री फाइनान्स, अपि पावर कम्पनी, ग्लोबल आईएमई लघुवित्त र एभरेस्ट इन्स्योरेन्सका शेयरधनीले ७ प्रतिशतभन्दा गुमाएका छन्।

सबैभन्दा बढी नेपाल लाइफ इन्स्योरेन्सको २ करोड ३६ लाख ७३ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको छ। त्यस्तै बढी कारोबार गर्ने कम्पनीमा स्टान्डर्ड चार्टर्ड बैंक १ करोड ७५ लाख ७८ हजार र ग्लोबल आईएमई बैंकको १ करोड ३७ लाख ५३ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको छ।

## लगानीको वातावरण बनाउने प्रतिबद्धता

काठमाडौं, (नेस)

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले चुनावी घोषणापत्रका प्रतिबद्धताबमोजिम मुलुकमा उद्योगधन्दा सञ्चालन र विकासको वातावरण बनाउनेतर्फ सरकार केन्द्रित रहने बताउनुभएको छ।

नेपाल घरेलु तथा साना उद्योग महासंघको प्रतिनिधिमण्डलसँग सोमबार उद्योग मन्त्रालयमा आयोजित अन्तर्क्रिया कार्यक्रममा मन्त्री यादवले औद्योगिक क्षेत्रको प्रवर्द्धन र विकासका लागि चुनावी घोषणापत्रका गरिएका प्रतिबद्धता पूरा गर्ने आश्वासन दिनुभएको हो। मुलुकमा उद्योगधन्दाको विकास गर्दै आर्थिक समृद्धि हासिल गर्ने चुनावी घोषणाबमोजिम औद्योगिकरणको प्रवर्द्धन र विकासका लागू आफू कटिबद्ध भएर लाग्ने मन्त्री यादवको भनाइ छ। उहाँले भन्नुभयो-'स्वदेशी उद्योगको विकासबिना आर्थिक समृद्धिको कल्पना गर्न पनि सकिँदैन। उद्योगी व्यवसायीहरू ढुक्क हुनुहोस्, हामीले चुनावी घोषणापत्रमा जाहेर गरेका प्रतिबद्धता पूरा गर्छौं।'

अहिलेको सरकार विगतका सरकारको निरन्तरता नभएको भन्दै मन्त्री यादवले नयाँ सरकारले मुलुकको समृद्धि र विकासका लागि काम गर्ने बताउनुभयो। उत्पादनमुलक एवम् सेवा क्षेत्रको उद्योगको विकासको लागि सरकार, उद्यमी र श्रमिकबीच असल औद्योगिक सम्बन्धको रहनुपर्ने यादवको भनाइ छ। 'मुलुकको समग्र आर्थिक विकास हासिल गर्न आवश्यक औद्योगिकीकरण, उपभोक्ताहरूको हितको लागि माल वस्तु सहज, सरल र नियमित आपूर्ति हुनुपर्ने र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतका क्रियाकलापलाई एकीकृत योजना बनाइ कार्यान्वयन तीव्रताका साथ गर्ने छौं।' उहाँले भन्नुभयो।

नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष श्यामप्रसाद गिरीले नयाँ सरकार गठन भएसँगै नेपाली जनताको आर्थिक समृद्धि र विकासको तीव्र चाहना रहेकाले यसतर्फ वर्तमान सरकार राजनीतिक स्थायित्वसहित तीव्रतर गतिमा अग्रसर हुनु अपरिहार्य रहेको बताउनुभयो। युवालाई स्वदेशमै आकर्षक रोजगारीका अवसर सिर्जना गर्नुपर्नेमा उहाँको जोड थियो। घरेलु तथा साना उद्योग उद्योगले कारखानाको आकार ग्रहण गर्न नसकेको भन्दै अध्यक्ष गिरीले आवश्यक भौतिक पूर्वाधारको अभावमा कार्यस्थल व्यवस्थित हुन नसक्दा युवालाई रोजगारीमा आकर्षण सिर्जना गर्न नसकिएको, सरकारले प्रदान गर्ने सेवा सुविधा पुऱ्याउन नसकिएको अवस्थाप्रति मन्त्री यादवको ध्यानाकर्षण गराउनुभयो।

**PRESS RELEASE**

## यामाहाले 'स्कुटर डे' मनाउँदै

काठमाडौं, (नेस)




यामाहाले ७ मार्चलाई स्कुटर दिवस (स्कुटर डे) का रुपमा मनाउने भएको छ। आफ्ना उपभोक्तालाई स्वतन्त्र, आत्मविश्वासी र सशक्त बनाउन स्कुटरले पुऱ्याएको योगदानको कदर गर्न भन्दै यामाहाले उक्त दिवस मनाउन लागेको जनाएको छ। 'स्कुटरले हामीलाई आरामदायी यात्रा मात्र होइन, आत्मविश्वास पनि दिलाउँछ। त्यसैले स्कुटरको समर्पणमा हामीले यो दिवस मनाउने निर्णय गरेका हौं।'- एमएडब्लु इन्टरप्राइजेज यामाहा डिभिजनका मार्केटिङ प्रमुख प्रदीप पोखरेलले भन्नुभयो। 'स्कुटर डे' यामाहाले गत साता शुरू गरेको 'एसस्कुटर' अभियानकै एउटा हिस्सा रहेको पोखरेलको भनाइ छ।

स्कुटर दिवसका यामाहाको कुनै पनि सर्भिस सेन्टरबाट जुनसुकै ब्राान्डको स्कुटर निःशुल्क वास गर्न सकिने कम्पनीले जनाएको छ। सोही दिन आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत एमएडब्लुले नेपाल ट्राफिक प्रहरीलाई दुई वटा यामाहा स्कुटर हस्तान्तरण गर्नेछ। 'हाम्रो सानो प्रयासले काठमाडौंको ट्राफिक व्यवस्थापनमा थोरै मात्र भए पनि सहयोग पुग्ने अपेक्षा हामीले गरेका छौं' पोखरेलले भन्नुभयो।

त्यसैगरी, अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा यामाहाले नेपालको पहिलो स्कुटर चालक कमला श्रेष्ठलाई सम्मान गरेर स्कुटर हस्तान्तरण गर्ने कार्यक्रम समेत रहेको जनाएको छ।

## देशभरको एम्बुलेन्स सेवाको एउटै नम्बर प्रयोगमा ल्याइने

काठमाडौं, (नेस)



स्वास्थ्य मन्त्रालय र नेपाल एम्बुलेन्स सर्भिस (नास) बीच आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्ने विषयमा (एमओयु) सम्झौता भएको छ। यो सम्झौताअनुसार नेपाल एम्बुलेन्स सर्भिस (नास) ले देशभर फैलिएर रहेका स्वास्थ्य चौकी, अस्पताल, हेल्थकेयर संस्थामा सञ्चालन हुने एम्बुलेन्स सेवाको एउटै नम्बर १०२ प्रयोगमा ल्याउने छ। यसको व्यवस्थापन नासले स्वास्थ्य मन्त्रालयको सहकार्यमा गर्ने छ। अर्को सम्झौताअनुसार आपतकालीन स्वास्थ्य सेवा तालिम केन्द्रको स्थापना गर्ने छ। यो सम्झौता पत्रमा नीति, योजना र अन्तर्राष्ट्रिय सहयोग विभागका प्रोफेसर डा श्रीकृष्ण गिरी र नेपाल एम्बुलेन्स सर्भिसका अध्यक्ष ओम राजभण्डारीले हस्ताक्षर गर्नुभएको थियो।

नीति, योजना र अन्तर्राष्ट्रिय सहयोग विभागका प्रोफेसर डा श्रीकृष्ण गिरीले हस्ताक्षर गर्दै भन्नुभयो-'हामी नेपाल एम्बुलेन्स सर्भिससँग सहकार्य गर्न पाएकोमा निकै खुशी छौं। नासले देशका विभिन्न क्षेत्रमा आफ्नो स्तरीय सेवा दिँदै आइरहेको छ। र अब हामी सबै एम्बुलेन्स सेवालाई एउटै कल सेन्टर १०२ मा जोडेर काम गर्दैछौं, जसको व्यवस्थापन नासले गर्नेछ।'

नेपाल एम्बुलेन्स सर्भिसका अध्यक्ष ओम राजभण्डारीले भन्नुभयो-'यो हाम्र ालागि निकै महत्वपूर्ण र गौरवमय क्षण हो। जहाँ हामीले सरकारसँग मिलेर सबै एम्बुलेन्स सेवालाई एउटै नम्बर १०२ मा ल्याएर काम गर्ने छौं। हामीले विगत लामो समयदेखि स्वास्थ्य मन्त्रालयसँग मिलेर काम गर्दै आइरहेका छौं। नेपाल एम्बुलेन्स सर्भिस सधैं आपतकालीन स्वास्थ्य सेवा प्रदानमा उत्कृष्ट काम गर्दै आइरहेको छ। यो सहकार्यले हामी अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्न र आपत्कालीन स्वास्थ्य सेवा दिन अझै राम्रोसँग कामगर्न सक्ने छौं।'

## सेञ्चुरी बैंकद्वारा बैंकास्योरेन्सको सम्झौता सम्झौता

काठमाडौं, (नेस)



सेञ्चुरी कमर्सियल बैंक र सानिमा लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्सको सम्झौता भएको छ। सम्झौताअनुसार ग्राहकले सेञ्चुरी कमर्सियल बैंकबाट उक्त कम्पनीको बीमा लेख प्राप्त गर्न, प्रिमियम भुक्तानी गर्न, दाबी भुक्तानीलगायत सम्पूर्ण बीमा सेवा प्राप्त गर्न सकिने छ। उक्त सम्झौतापत्रमा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत जीवन भट्टराई र सानिमा लाइफ इन्स्योरेन्सका नायब महाप्रबन्धक केशवराज केसीले हस्ताक्षर गर्नुभएको छ।

## मोबाइलको आईएमईआई नम्बर दर्ता गर्ने न्यून

काठमाडौं, (नेस)

अनधिकृत रूपमा भित्रिने मोबाइल नियन्त्रण गर्न र अपराधिक क्रियाकलाप रोक्न नेपाल दूरसञ्चार प्राधिकरणले शुरू गरेको मोबाइलको अनलाइन आईएमईआई नम्बरमा २ सय ११ वटा मोबाइल मात्रै भएका छन्।

दर्ता शुरू भएको तीन साताको अवधिमा २ सय ११ वटा दर्ता गराउन आएको प्राधिकरणले जनाएको छ। हामीले अनलाइनबाट वा कागज पेश गरेर दर्ता शुरू गर्न विकल्प खुल्ला गरेका छौं, तीन महिनासम्म अनलाइन बाहेकमा पनि दर्ता गर्न समय रहेकाले पनि अनलाइन दर्ता प्रक्रियामा कमि आएको हुन सक्छ।' प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिनुभयो।

प्राधिकरणले अनलाइन प्रणालीबाट आईएमईआई नम्बर दर्ता प्रक्रिया अगाडि बढाएसँगै दर्ता नभएका मोबाइल प्रयोगमा नआउने बनाउन लागेको प्रवक्ता अर्यालले जानकारी दिनुभयो। मोबाइल सेट तथा डिभाइसको पहिचान नम्बर यसअघि प्राधिकरणले म्यानुअल प्रणालीमा मात्र दर्ता गर्ने व्यवस्था रहेकोमा हाल भने अनलाइनमार्फत् दर्ता गर्न लागेको हो।

अनलाइन प्रणालीबाट आईएमईआई दर्ता भए पनि अन्तिम स्वीकृत भने प्राधिरणले गर्ने छ। यसअघि मोबाइल कम्पनीले कागजी प्रक्रिया पूरा गरेर प्राधिकरणमा कागजात प्रमाणीकरणको लागि दर्ता हुने गरेको थियो। प्राधिकरणले २०७१ वैशाख १ बाट दर्ता प्रक्रिया शुरू गरेको २१ महिनाको अवधिमा १ करोड ७७ लाख १९ हजारभन्दा भन्दा बढी आईएमईआई दर्ता भइसकेको अर्यालले बताउनुभयो। नेपालमा मासिक ४ लाख २१ हजारभन्दा बढी मोबाइल आयात हुँदै आएको छ।

नेपालमा आयात हुने अधिकांश मोबाइलमा २ वटासम्म आईएमईआई नम्बर हुन्छ दुवै आईएमईआई नम्बर प्राधिकरणले दर्ता गर्दै आएको छ।

## २५ नेपाली खानालाई विश्व बजारमा लगिने

काठमाडौं, (नेस)

खानाको माध्यमबाट पर्यटन उद्योगलाई टेवा पुऱ्याउने उद्देश्यले नेपाली मौलिक खानालाई विश्व बजारमा विस्तार गर्ने भएको छ। विश्व बजारमा नेपाली खानाको पहिचान बढाउँदै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले होटल संघ नेपाल र पर्यटन बोर्डको अगुवाइमा विश्वभर नेपाली खानाका विस्तार गर्न लागिएको हो।

२५ वटा खानालाई विश्वव्यापी लन्च गर्ने कार्यक्रम रहेको हानका महासचिव विनायक शाहले बताउनुभयो। हानले भौगोलिक अवस्था र सामान पाउने तत्परतालाई ध्यानमा राखेर २५ वटा खानाको सूची तयार पारेको हो। यसरी तयार पारिएको सूचीका सामान विश्वका जुन ठाउँमा पनि पकाउन र तयार पार्न सकिने छ। गैरआवसीय नेपाली संघको सहयोगमा ती खानालाई विश्वमा विस्तार गरिने महासचिव शाहको भनाइ छ। यस्तो सूचीकृत भएको खाना बनाउन सजिलो होस् भनेर पाक विधिको दुई मिनेटको भिडियोसमेत तयार पारिएको छ।

अभियानका लागि निजी क्षेत्रसहितको सहभागितामा गठिन कार्यदलले २५ वटा मौलिक नेपाली खाना छनोट गरी क्यालोरी टेस्टका लागि खाद्य प्रयोगशालामा पठाएर क्यालोरीको पनि सिमा तोकिएको छ। विदेशीले कम क्यालोरीको खाना मनपराउने भएकाले सोही अनुसार छनोट गरिएको छ। नेपाली मौलिक खाना र पाक कलाको व्यावसायिककरणमा यसले थप सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

हानले नयाँ वर्षको पहिलो दिन 'भोज २०७५' को कार्यक्रम गरेर विश्वव्यापी लन्च गर्न लागेको महासचिव शाहले बताउनुभयो।

गैरआवासीय नेपाली संघको ८० देशमा रहेको शाखामार्फत् नेपाली खानालाई पुऱ्याउने योजना रहेको उहाँले बताउनुभयो। उक्त अभियानमार्फत् सरकारले सन् २०३० सम्ममा ५० लाख पर्यटक भित्र्याउन लिएको लक्ष्यमा पनि थप टेवा पुग्ने छ। कार्यदलले खासगरी चुक, हिङ, जिम्बु, टिमुर, ज्वानो, मेथी, छ्यापीलाई राष्ट्रिय स्वादको रूपमा ग्रहण गर्दै नेपाली खाना थाली, सेकुवा, छोइला, गुन्द्रुक, अचार, सुकुटी, चुकौनी, विभिन्न खालका सुप तथा अचारलगायत छनोट गरेको छ।



जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

## बार्सिलोनाले दूरी बढायो

मेड्रिड, (एजेन्सी)

बार्सिलोनाले ला लिगाको उपाधि जित्ने सम्भावनालाई आइतबार भएको खेलमा एटलेटिको मेड्रिडलाई १-० ले हराएर अझ बलियो बनाएको छ। बार्सिलोनाले आफ्नै घरलु मैदान नउ क्याम्पमा भएको खेलमा जितेपछि दोस्रो स्थानमा रहेको एटलेटिकोमाथि ८ अंकको अग्रता बनाएको हो। यो खेल हारेमा बार्सिलोना र एट्लेटिकोबीचको दूरी २ अंकमा छोटिने थियो। तर स्टार स्ट्राइकर लियोनल मेसीले २५औं मिनेटमा गरेको गोल निर्णायक बनिदिँदा बार्सिलोनाले ला लिगा उपाधि जित्ने लगभग तय भइसकेको छ।

स्पेनी सञ्चार माध्यमले जनाएअनुसार ला लिगाको उपाधि दौड समाप्त भएको छ। ८ अंकको अग्रता लिएपछि मेड्रिडसँग अक्टोबरमा १-१ बराबरी खेल्नु पनि बार्सिलोनाका लागि फाइदा पुग्नेछ। यदि बार्सिलोनासँग उपाधि छिन्नु छ भने एटलेटिकोले बाँकी ११ खेल जित्नुपर्छ। त्यो सबै खेल जिते पनि बार्सिलोनाले ११ खेलमध्ये ३ खेलमा हार्नुपर्छ।

### मेसीको ६ सयौं गोल

सो ३० यार्डबाट गरेको आकर्षक फ्रिकिक गोल मेसीको राष्ट्रिय र क्लब करिअरमा ६ सयौं गोलसमेत थियो। जसमा बार्सिलोनाका लागि ५ सय ३९ गोल र अर्जेन्टिनाका लागि ६१ गोल उनले गरे। १४ वर्षको करिअरमा अर्जेन्टिनी खेलाडीले कूल ७ सय ४७ खेल खेलेका छन्।

# सशस्त्रमा तीन प्रतियोगिता अर्को साताबाट

**नेपाल समाचारपत्र**

काठमाडौं

सशस्त्र प्रहरी बल नेपाल केन्द्रीय खेलकुद समितिले आगामी साताबाट ३ प्रतियोगिता आयोजना गर्ने भएको छ।

फागुन २७ गतेदेखि १४औं राष्ट्रव्यापी कृष्णमोहन स्मृति खुल्ला ब्याडमिन्टन प्रतियोगिता हुनेछ। योसागैं १०औं सहवीर स्मृति खुल्ला लनटेनिस प्रतियोगिता र सशस्त्र प्रहरी महानिरीक्षक पाँचौं राष्ट्रिय खुल्ला महिला भलिबल प्रतियोगिता पनि आयोजना हुनेछन्। समितिका अध्यक्ष सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक शैलेन्द्र खनालले सोमबार सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोकमा उक्त प्रतियोगिताबारे जानकारी गराउनुभएको हो।



कार्यक्रममा उपस्थित संचारकर्मीहरूले राखेको जिज्ञासामा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक शैलेन्द्र खनालले प्रष्ट पार्नुहुँदै।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमअनुसार सञ्चालन हुने र चैत २ गतेसम्म चल्ने उक्त तीनवटै प्रतियोगिताका कूल पुरस्कार राशि १७ लाख ६० हजार रुपियाँ रहेको छ। १० इभेन्टस् समावेश भएको ब्याडमिन्टनको कूल पुरस्कार राशि ७ लाख १० हजार रुपियाँ रहेको छ। १३ इभेन्ट्स समावेश लनटेनिसको कूल पुरस्कार राशि ५ लाख ९५ हजार रुपियाँ रहेको छ। यसैगरी ४ लाख ५५ हजार रुपियाँ कूल पुरस्कार राशि महिला भलिबलका लागि छुट्ट्याइएको छ।

भलिबलमा पहिलो हुने टोलीले २ लाख ५० हजार र उपविजेता टोलीले १ लाख २५ हजार र तेस्रो स्थान हासिल गर्ने टोलीले ५० हजार रुपियाँ प्राप्त गर्नेछन्। त्यस्तै ब्याडमिन्टनतर्फ पुरुष एकलमा पहिलो हुनेले ६० हजार, दोस्रो हुनेले ३० हजार र तेस्रो हुने दुईले समान १२ हजार ५ सय नगद हासिल गर्नेछन्। क्वाटरफाइनलमा पुग्ने प्रत्येकलाई ५ हजार रुपियाँ दिइने पनि पत्रकार सम्मेलनमा जानकारी गरायो। महिला एकलमा पहिलो हुनेल ५० हजार, दोस्रोले २५ हजार रुपियाँ र तेस्रो हुनेले साढे १२ हजार रुपियाँ हात पार्नेछन्।

ब्याडमिन्टनतर्फ पुरुष डबल्समा पहिलो हुनेले ६० हजार, दोस्रो हुनेले ३० हजार र तेस्रो हुने दुई जोडीले २५ हजार नगदमा बाँडेर लिनेछन्। महिला डबल्सतर्फ पहिलोलाई ४० हजार, दोस्रो हुनेलाई २५ हजार र तेस्रो हुने दुई जोडीलाई २० हजार रुपियाँमा दामासाही गरेर दिइनेछ।

यसैगरी लनटेनिसतर्फ पुरुष एकलमा पहिलो हुनेले ६० हजार, दोस्रो हुनेले ३० हजार र तेस्रो हुनेले २० हजार तथा क्वाटरफाइनमा पुग्ने प्रत्येकले ५ हजार रुपियाँ प्राप्त गर्ने छन्। महिला एकलमा पहिलो हुनेले ६० हजार, दोस्रो हुनेले ३० हजार र तेस्रो हुनेले १० हजार रुपियाँका दरले दुई खेलाडीले पुरस्कार प्राप्त गर्नेछन्।

सो अवसरमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक खनालले नेपाल एपीएफ क्लबका खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा महत्त्वपूर्ण उपलब्धी हासिल गर्नुका साथै देश र संगठनको इज्जत प्रतिष्ठा बढाएको उल्लेख गर्नुभयो।

## धरहरा

### 'चील बाबु'



ललितपुर महानगरका मेयर चिरिबाबु मर्हजन, हिजो-आज स्वदेशभन्दा बढी विदेशतिर रम्न थालेका छन्। जुन महिनामा पनि चील झैं उडेर विदेश पुग्ने भएर हो क्यार, सेवाग्राहीले उनलाई त 'चील बाबु' पो भन्न थालिसकेछन्। गत जेठ ११ गते मेयर भएका उनी त्यसयता ९ पटक त विदेश पुगिसकेका छन्।

जापान, कोरिया, म्यानमार, श्रीलंका पुगेका महर्जनका लागि जापान त पानी पँधेरो नै भएको छ। ५ पटक उनी जापान पुग्या छन्, गत १२ गते त्यता गएका महर्जन अहिले पनि उतै छन्।

उनी कहिले कहाँ कुन मुलुक पुगे भनेर कसैले चासो लियो भने नगरपालिकाका कर्मचारी 'खै कति हो कति, हामीले नै बिर्सिसक्यौं' पो भन्न थाल्या छन् त।

चिरिबाबु उनै हुन् जो मेयर हुनेबित्तिकै नगरका हरेक सडक र टोललाई चिरिच्याट्ट बनाउछु भनेर उद्घोष गरे। खै कताकता हो, फ्लाई ओभर बनाउछु, केही दिनभित्रै धुलोधुवाँ, ट्राफिकमुक्त नगर बनाउछु भन्ने अनेक योजना सुनाउन पछि परेनन्। तर नगरमा कहीं कतै केही परिवर्तन देखिँदैन। चिरिबाबु आफैं मात्र चिटिक्क देखिन्छन्।

नगर र नगरबासी चाहिं कहिले चिरिच्याट्ट पर्ने, प्रष्ट जवाफ चाहियो मेयर ज्यू। यता धुवाँधुलोले दु:ख दिएर नगर सुधारका योजना उतै (विदेश)मा बसेर बनाउँदै गऱ्या हो, फर्कन समय लाग्छ भने लौन यसो खबर गरौं।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.



HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np





## सक्षम विजेता

काठमाडौं, (नेस)

सक्षम बिक्रम शाह पाँचौं नेपाल जुनियर खुला लन टेनिस च्याम्पियनसिपअन्तर्गत ब्वाइज यु १० को उपाधि विजेता बनेका छन्। ललितपुर सातदोबाटोस्थित कोर्टमा सोमबार भएको फाइनल खेलमा सक्षमले राजवीर प्रधानलाई ६-४, ६-४ को सेटमा हराउँदै उपाधि जितेका हुन्। यस्तै यु १२ ब्वाइजतर्फ भने सक्षम सेमिफाइनलमै पराजित भए। उनलाई आरभ सम्राट हाडाले ६-१, ६-२ ले हराए। आरभले फाइनलमा प्रणव मानन्धरसाग उपाधिका लागि खेल्नेछन्। प्रणवले आयुष्मान घलेलाई ६-०, ६-१ ले पराजित गरेका थिए।

सोही उमेर समूहको गर्ल्सतर्फ सुभाङीलक्ष्मी शाहले इभा अधिकारीलाई ६-३, ६-३ ले र अजा रेग्मीले आइशा डोल्कर गुरुङलाई ६-२, ६-४ ले हराउँदै फाइनलमा प्रवेश गरे। यु १४ ब्वाइज स्पर्धामा एभ्यक जोशीले प्रणवलाई ७-५, २-६, ६-३ ले र आर्यन गिरीले आरभलाई ७-५, ४-६, ६-१ ले पाखा लगाए।

सोही उमेर समूहको महिला स्पर्धाको फाइनलमा सलोनी तामांग र रायना शाहले स्थान पक्का गरेका छन्। सलोनीले ईशाश्री शाहलाई ६-४, ६-४ ले तथा रायनाले शर्भानी श्रेष्ठलाई ६-२, ६-२ सेटमा हराउन सफल भए।

### जुनियर राष्ट्रिय कराते शुक्रबार

काठमाडौं, (नेस)। पाको-नेपाल क्योकुसिन कराते संघको आयोजनामा प्रथम जुनियर राष्ट्रिय क्योकुसिन कराते प्रतियोगिता शुक्रबार हुने भएको छ। प्रतियोगितामा पुरुष/महिलातर्फ समान ६-६ गरी १२ स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक संघकी अध्यक्ष एवं ब्रान्च चिफ सन्जु महर्जनले जनाएकी छन्। करिब १ सय ५० खेलाडीको सहभागिता रहने बताइएको छ। एकदिने प्रतियोगिताका खेलहरू सिनामंगलस्थित विश्रान्ती पार्टी प्योलसमा हुनेछ।

## थ्रीस्टार क्वाटरफाइनलमा

उत्तम नेपाल, भद्रपुर

ललितपुरको थ्री स्टार क्लबले शसस्त्र प्रहरीको एपीएफसँग तीन दिनअघि चितवनमा भएको गोल्डकपमा ब्यहोरेको हारको बदला लिएर रमपम झापा गोल्डकपको क्वाटरफाइनलमा स्थान बनाएको छ।

बिर्तामोडमा जारी प्रतियोगिताको तेस्रो दिन सोमबार थ्रीस्टारले एपीएफलाई १-० गोल अन्तरले हराएको हो। विकास रनिङ सिल्डको फाइनल खेलमा एपीएफले थ्री स्टारलाई सोही गोल अन्तरले पराजित गर्दै उपाधि हात पारेको थियो। थ्री स्टारको जितमा विदेशी खेलाडी मार्टिनले ५७औं मिनेटमा गोल गरेका थिए। सुनील बलले बल क्रस गरुन्जेल एपीएफका गोलकिपर अमृत चौधरी लड्न पुग्दाको फाइदा मार्टिनले उठाएर गोल गरेका थिए।

मार्टिनले म्यान अफ द म्याच घोषित हुँदै नगद २५ हजार रुपियाँ पुरस्कार प्राप्त गरे। मंगलबारको खेल मनाङ मर्स्याङदी क्लब र सहारा क्लब पोखराबीच हुने आयोजक समितिले जनाएको छ।

खेलपछि भएको पोस्ट म्याच कन्फरेन्समा बोल्दै एपीएपका प्रशिक्षक रतनकाजी महर्जनले निरन्तर खेल खेल्नुपरेका कारण खेलाडीले आराम नपाउँदा पराजय व्यहोर्नु परेको बताए। गोल्डकप विजेताले नगद १२ लाख ५१ हजार र उपविजेताले ६ लाखसहित ट्रफी पाउनेछ।





सर्वत्र बजारमा उपलब्ध

साधनाको नयाँ अकंका आकर्षणहरु

**जौको सेवन दीर्घ जीवन**

जौमा पाइने बिटा ग्लुक्यान घुलनशील फाइबरले रगतमा ग्लुकोज शोषण कम गर्दछ, जसले गर्दा रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत पुग्छ। साथै सेलेनियम तत्वले चाँडो बुढ्यौली हुनबाट बचाउँछ। त्यसैले जौ पूजाका लागि मात्र नभएर खानका लागि पनि उत्तिकै फाइदाजनक छ। पोषण विज्ञको महत्वपूर्ण लेख।

**विवाहअघि नै गर्भ बोक्दै फाल्दै**

एकपटक होइन, स्कुल/कलेज पढ्ने १४ वर्षदेखि १८ वर्षसम्म उमेरका छात्राहरूले पटक-पटक गर्भपतन गराउने औषधि किनेर सेवन गरी आफूखुशी गर्भपतन गराउने गरेको पाइन्छ। विकराल बन्दै गएको यो समस्या न्यूनीकरण गर्न अभिभावकले आफ्ना छोराछोरीको निगरानी बढाउनै पर्छ। उपयोगी रिपोर्टिङ।

**पिसाब चुहाउँदै कतिन्जेल गन्हाएर बस्ने ?**

नेपालका कतिपय महिला पिसाब चुहिरहने समस्याले ग्रस्त छन्। लुगा भिजेर गन्हाउने हुँदा उनीहरु समाजमा घृणित हुन पुग्छन्। चेतनाको कमीले कतिपयको त जीवन नै पिसाबमा डुबेर व्यतीत हुने गरेको छ। तर अब यस्तो नारकीय जीवन बिताउनुपर्देन, उपचार गरेर स्वस्थ हुन सकिन्छ। जानकारीमूलक रिपोर्ट।

**कन्डम नै किन रोज्ने ?**

कन्डमको प्रयोगले एकातिर गर्भ नरहने र अर्कोतिर यौनरोग सर्नबाट बचाउने हुन्छ। अझ महत्वपूर्ण कुरा त बाँझोपन होला कि भन्ने त्रास हुँदैन र यो भरपर्दो पनि छ। सरकारले समेत नि:शुल्करूपमा उच्च गुणस्तरका कन्डम उपलब्ध गराउँदै आएकाले कन्डम नै किन नरोज्ने त ? किशोरकिशोरी र नवजोडीले पढ्नै पर्ने रिपोर्टिङ।

**आन्द्राको अल्छीपना : पेट दुखाइ मात्र हैन, ज्यानकै खतरा**

विनापरीक्षण र चिकित्सकको सल्लाहविना नै आफुखुशी औषधि किनेर खाने गर्नुभएको छ भने होस गर्नुस्। आन्द्राको अल्छीपना भई पेट दुख्ने मात्र होइन, वायु नै रोकिई पेट फुल्न सक्छ। समयमा उपचार नभए ज्यनकै खतरा हुन्छ। जानकारीमूलक रिपोर्टिङ।

**शिक्षित र शहरियाहरू नै धामीझाँक्रीको शरणमा**

सरकारी अस्पतालमा उपचार पाउनै गाह्रो, निजी अस्पतालको खर्च बेहोर्नै नसकिने। त्यसैले विपन्न परिवारको लागि उपचारको विकल्प धामीझाँक्री हुन पुगेको छ। तर शहरिया र शिक्षित परिवार नै धामीझाँक्रीको विश्वास गरी झारफुक गर्न दौडन्छन् भने अब धामीझाँक्रीलाई विश्वास गर्ने कि नगर्ने ? उपयोगी रिपोर्टिङ।

**जीवन्त ब्लड बैंक : शरीरमै रगत भण्डारण**

अन्य ब्लड बैंकमा जस्तो जीवन्त ब्लड बैंकमा मानिसबाट रगत निकालेर लामो समय प्याकेटमा राखिरहने होइन, चाहिएको समयमा व्यक्ति नै आएर रगत दिने हुन्छ। त्यसैले यस किसिमको ब्लड बैंकबाट बढी फाइदा लिन सकन्छ। पूर्व प्रयोगशाला प्राविधिक अधिकृतको उपयोगी लेख।

- रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन
- हनिमुनको रमाइलोमा मूत्रथैलीको संक्रमण
- महात्माले दिएको भष्मले प्यारालाइसिस चट्टै
- मानसिक स्वास्थ्यमा योग
- महिना नै नपुगी सुत्केरी व्यथा
- स्किन मुलायम र ताजा राख्ने उपाय

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरु।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ